फागुन – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क २२ | २०८० फागुन १६-३० | पूर्णाङ्क ७६०



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री विमल पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ४ |
| इजलास नं. १ | १ |
| इजलास नं. २ | १ |
| इजलास नं. ३ | १ |
| इजलास नं. ५ | ९ |
| इजलास नं. ६ | २२ |
| इजलास नं. ७ | ४ |
| **जम्मा** | **४२** |

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, फागुन – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

## सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ४** |
| १. | निर्णय दर्ता बदर हक कायम दर्तासमेत | उत्तममान कपाली वि. बेखा कपाली | १ |
| २. | गाली बेइज्जती | विष्णु भट्टराई वि. श्यामप्रसाद भट्टराईसमेत | २ |
| ३. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. निमबहादुर बस्नेतसमेत | २ |
| ४. | जालसाजी | भरत काजी श्रेष्ठ वि. भुवनदेवी माकाजुसमेत | ३ |
| **इजलास नं. १** | | | **४ - ५** |
| ५. | कर्तव्य ज्यान | दीपक कुमार ठाकुर वि. नेपाल सरकार | ४ |
| **इजलास नं. २** | | | **५ – ६** |
| ६. | नामसारी लिखत बदर दा.खा. दर्ता | श्यामदेव पाल वि. बाबुजी यादव | ५ |
| **इजलास नं. ३** | | | **६ – ७** |
| ७. | जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ | हरिलाल गिरी वि. पूर्णप्रसाद आचार्य | ६ |
| **इजलास नं. ५** | | | **७ – १६** |
| ८. | अंश दर्ता चलन | जादोलाल साह कानु वि. रमापति देवी | ७ |
| ९. | अंश नामसारी | निर्मला कहारसमेत वि. खुन्नुर कहार | ८ |
| १०. | बन्दी प्रत्यक्षीकरण | रंजय कुमार राम वि. सप्तरी जिल्ला अदालत, राजविराजसमेत | ९ |
| ११. | वन पैदावार हटाई ओसार पसार | नेपाल सरकार वि. गोविन्द प्रसाद घिमिरेसमेत | १० |
| १२. | लिखत बदर | सन्जीता यादव वि. मनोज यादवसमेत | ११ |
| १३. | लागु औषध खैरो हिरोइन | नेपाल सरकार वि. शिशिर राज जोशीसमेत | १२ |
| १४. | उत्प्रेषण / परमादेशसमेत | पेस्तवाल राजभण्डारी वि. उच्च अदालत पाटन, ललितपुरसमेत | १२ |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बेञ्जु भन्ने निश्चल विश्वकर्मासमेत | १३ |
| १६. | अपहरण उद्योग | नेपाल सरकार वि. सागर सिंह थापा | १४ |
| **इजलास नं. ६** | | | **१६ – ४१** |
| १७. | बन्दी प्रत्यक्षीकरण | सुवास महतसमेत वि. महानगरीय प्रहरी वृत्त, बानेश्वर, तिनकुने, काठमाडौंसमेत | १६ |
| १८. | बन्दी प्रत्यक्षीकरण | सुदिप ढकाल वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | १६ |
| १९. | उत्प्रेषणयुक्त परमादेशसमेत | दिपकराज भट्ट वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | १७ |
| २०. | बन्दी प्रत्यक्षीकरण | तारा संजेल रावलसमेत वि. महानगरीय प्रहरी वृत्त, दरबारमार्ग, काठमाडौंसमेत | १८ |

| | | | |
|---|---|---|---|
| २१. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. गोकुल पुडासैनीसमेत | १९ |
| २२. | कर्तव्य ज्यान र जबरजस्ती चोरी (साधक) | प्रकाश अधिकारी वि. नेपाल सरकार, नेपाल सरकार वि. सागर खड्का | २० |
| २३. | बन्दी प्रत्यक्षीकरण | विशाल नेपाली वि. जिल्ला प्रहरी कार्यालय, भरतपुर, चितवनसमेत | २१ |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रल्हाद भुजेल | २२ |
| २५. | उत्प्रेषणसमेत | रामशरण लामिछाने (खत्री) वि. गुठी संस्थान, केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंसमेत | २३ |
| २६. | जबरजस्ती करणी | रवि क्षेत्री वि. नेपाल सरकार | २५ |
| २७. | अंशबन्डा | रमेशकुमार श्रेष्ठ वि. उमा श्रेष्ठ | २६ |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुमन फुरूम्बु लिम्बु, नेपाल सरकार वि. अभि पालुङवासमेत | २७ |
| २९. | जालसाजी | कुमार राई वि. पंचलाल चौधरी, कुमार राई वि. आबु भण्डारी (राई) | २८ |
| ३०. | लागु औषध | नेपाल सरकार वि. राजन गुरूङ भन्ने अमर गुरूङसमेत | ३० |
| ३१. | मानव बेचबिखन तथा ओसार पसार र जबरजस्ती करणी | नेपाल सरकार वि. संगिता तामाङसमेत | ३२ |

| | | | |
|---|---|---|---|
| ३२. | उत्प्रेषणयुक्त परमादेश | गोकर्णकुमार शाह वि. कैलारी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय, हसुलिया, कैलालीसमेत | ३३ |
| ३३. | कुटपिट अङ्गभङ्ग | सत्यम् भन्ने शरदकुमार बर्मा वि. नेपाल सरकार | ३४ |
| ३४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बन्चरे भन्ने नेत्र चेम्जोङ | ३६ |
| ३५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिप भन्ने पासाङ दोर्जे तामाङ | ३७ |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भोला पासी | ३८ |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिलाई मुर्मु भन्ने दुम्सी राई भनी चिनिने दिनेश सोरेन | ३९ |
| ३८. | बैंकिङ कसुर | रामशरणप्रसाद पौडेल वि. नेपाल सरकार | ४० |
| **इजलास नं. ७** | | | ४१ – ४१ |
| ३९. | जबरजस्ती करणी | नेपाल सरकार वि. देवेन्द्र घिमिरेसमेत | ४१ |
| ४०. | कर्तव्य ज्यान | उमेशकुमार माझी वि. नेपाल सरकार | ४२ |
| ४१. | चोरी | रामप्रसाद जोशी वि. नेपाल सरकार | ४३ |
| ४२. | उत्प्रेषण | डा. कृष्णप्रसाद ओली वि. माधव बहादुर कार्कीसमेत | ४५ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.श्री दीपककुमार कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CI-१२०५, निर्णय दर्ता बदर हक कायम दर्तासमेत, उत्तममान कपाली वि. बेखा कपाली*

विवादित जग्गा वादीका बाबु साइँला भन्ने बेखालाल कुस्लेको लगतभित्रको जग्गा रहेको देखिन्छ वा प्रतिवादीका पुस्तेवारीभित्रका साइँलाको लगतभित्रको जग्गा रहेको देखिन्छ भन्ने प्रश्न प्रस्तुत विवादमा निर्णायक प्रश्नको रूपमा रहेको देखिन्छ । वादीले फिराद गर्दा विवादित जग्गा आफ्ना बुबा साइँला भन्ने बेखालालको लगतभित्रको रहेको भनी जिकिर लिएको भए पनि प्रतिवादीको पुस्तेवारीभित्र पनि साइँला रहेको तथ्यलाई इन्कार गर्नसकेको देखिँदैन । प्रतिवादीले यो विवादित जग्गा दर्ताका लागि २०४९ सालदेखि पटकपटक निवेदन दिई निरन्तर कारबाहीमा रहेको देखिएको छ भने वादीका तर्फबाट यो विवादित जग्गा प्रतिवादीका नाममा दर्ता भइसकेपछि मात्र प्रस्तुत फिराद दायर हुन आएको देखिन्छ । वादीले आफ्नो पिता नामको दर्ताको भनी जिकिर लिएको भए पनि पिताको जीवनकालमै हाल साबिक वा छुट दर्ताको लागि प्रक्रिया अगाडि बढाउन सकेको देखिँदैन । अहिले मालपोत कार्यालयबाट निर्णय भइसकेपछि पनि लामो समय व्यतीत गरेर मात्र प्रस्तुत फिराद परेको देखिन्छ । मालपोत कार्यालयलाई अधिकारै नरहेकोमा नभएको अधिकार प्रयोग गरी दर्ता गराएको भन्ने जिकिर रहेको देखिँदैन । मालपोत कार्यालयले जग्गा दर्ताका लागि पुऱ्याउनुपर्ने यो कार्यविधि नपुऱ्याएको भन्ने जिकिर पनि वादीको रहेको देखिँदैन । वस्तुत: विवादित जग्गा दर्ताका लागि प्रतिवादीको निवेदन परेपछि जग्गा दर्ता समिति गठन भई उक्त समितिले जाँचबुझ गरी दर्ताको लागि सिफारिश गरेको देखिएको छ, प्रतिवादीबाहेक अरू कोही हकवाला भए उजुर गर्न आउनु भनी गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन भएको छ, स्थलगत सर्जमिन मुचुल्का भएको छ र सबै प्रमाणहरूबाट विवादित जग्गा प्रतिवादीको हकभित्रको रहेको देखिएको भन्ने आधारमा मालपोत कार्यालयबाट प्रतिवादीका नाममा हालसाबिक नामसारी दर्ता हुने गरी निर्णय भएको देखिने ।

सबैभन्दा महत्त्वपूर्ण प्रमाणको रूपमा फिल्डबुकमा जग्गाधनीको रूपमा साइँला भनी देखाइएको बेहोरालाई मान्नुपर्ने देखिएको छ । यो तथ्यलाई वादीले पनि अस्वीकार गरेको देखिँदैन । अब फिल्डबुकमा साइँला भनी देखाइएको व्यक्ति वादीका बाबु साइँला हुन् वा प्रतिवादीको पुस्तेवारीभित्रका साइँला हुन् भन्ने प्रश्न विचारणीय रहेकोमा फिल्डबुकमा उल्लिखित उक्त बेहोरा पनि जग्गाधनीको रूपमा देखाइएको साइँला भन्ने व्यक्ति स्वयम्ले लेखाएको नदेखिई उक्त जग्गा जोती आएका मोही अर्जुनबहादुर थापाले लेखाएको भन्ने देखिएको छ । मोही अर्जुनबहादुर थापाकी श्रीमती धन थापाले उक्त जग्गाको जग्गाधनी वादीका बुबा साइँलालाई नदेखाई प्रतिवादीका हजुरबुबा साइँला कुस्ले हो भनी लेखाइदिएको देखिएको छ । जग्गा जोत भोग गरी आएको मोहीले नै उक्त जग्गाको जग्गाधनीको रूपमा प्रतिवादीको पुस्तेवारीभित्रका साइँलालाई देखाइरहेको स्थितिमा वादीको फिराद दाबीबमोजिम निजको पिता साइँला हो भन्ने बेहोरालाई स्वीकार गर्न सकिने देखिएन । स्थलगत सर्जमिन मुचुल्का हुँदा पनि विवादित जग्गाको जग्गाधनीको रूपमा प्रतिवादीलाई नै समर्थन गरी लेखाइदिएको देखिने ।

अतः विपक्षी प्रतिवादी बेखा कपालीको नाममा जग्गा दर्ता हुने गरी मालपोत कार्यालयको मिति २०६२।११।१५ को निर्णय कानूनसम्मत रहेको देखिँदा उक्त निर्णय बदर गरिपाउँ भन्ने वादी उत्तमलाल कपालीको दाबी पुग्न नसक्ने गरी सुरू काठमाडौं

जिल्ला अदालतबाट मिति २०६८।१०।१२ मा भएको फैसला र सो फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।८।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवबहादुर थापा

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७९ साल असार ७ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-१२०३, लिखत बदर दर्ता बदर, उत्तममान कपाली वि. बेखा कपालीसमेत
- ०७२-CI-१२०४, लिखत बदर दर्ता बदर, उत्तममान कपाली वि. बेखा कपालीसमेत
- ०७२-CI-१२०६, फैसला बदर, उत्तममान कपाली वि. राजु कपालीसमेत
- ०७२-CI-१२०७, फैसला बदर, उत्तममान कपाली वि. राजु कपालीसमेत
- ०७२-CI-१२०८, फैसला बदर, उत्तममान कपाली वि. तुलसी कपालीसमेत
- ०७२-CI-१२०९, फैसला बदर, उत्तममान कपाली वि. तुलसी कपालीसमेत
- ०७२-CR-१२३४, जालसाजी, उत्तममान कपाली वि. बेखा कपालीसमेत
- ०७२-CR-१२३५, जालसाजी, उत्तममान कपाली वि. बेखा कपालीसमेत

**२**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CR-२०४६, गाली बेइज्जती, विष्णु भट्टराई वि. श्यामप्रसाद भट्टराईसमेत*

एउटै परिवारका सदस्यहरूबिचको विषय रहेको देखिन्छ । वादीका आफ्नै भाइसमेतलाई प्रतिवादी बनाएको देखिएको छ। परिवारभित्रैको विवाद रहेको र बेइज्जती गरेको ठहरी क्षतिपूर्ति पनि पाउने ठहरेको अवस्थामा पुनरावेदन अदालतबाट भएको फैसलालाई नमिलेको मान्न मिलेन। वादीका तर्फबाट गाली र बेइज्जती ऐन, २०१६ को दफा १० बमोजिम मुद्दा खर्च भराइपाउनुपर्ने भन्ने जिकिर पनि लिएको देखिन्छ। उक्त दफा १० अध्ययन गर्दा यो व्यवस्था प्रतिवादीका विरूद्धमा लक्षित नभई वादीकै विरूद्धमा लक्षित व्यवस्था रहेको पाइन्छ। न्यायोचित वा कानूनी आधारबिना अर्कालाई दु:ख हैरानी पुऱ्याउने नियतले मात्र कसैले पनि गाली वा बेइज्जतीको मुद्दा दायर गर्न नपाओस् भन्न र त्यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नका लागि यो दफा १० को व्यवस्था राखिएको पाइन्छ। जसअनुसार न्यायोचित वा कानूनी आधारबिना कसैले कसैलाई गाली वा बेइज्जतीको मुद्दा दायर गरेमा त्यसरी मुद्दा दायर गर्ने पक्षबाट अर्को पक्षले मुद्दा खर्च भराइपाउन सक्ने व्यवस्था यो दफा १० मा गरिएको देखिन्छ। मुद्दा दायर गर्ने पक्षले क्षतिपूर्ति पाउने व्यवस्था दफा १२ मा र बिनाकारण मुद्दामा हैरानी बेहोर्नु परेबापतमा प्रतिवादीले मुद्दा खर्च भराइपाउने व्यवस्था दफा १० मा रहेको देखिन्छ। यो स्थितिमा दफा १० बमोजिम मुद्दा खर्चसमेत भराइपाउनुपर्ने भन्ने वादीको दाबी कानूनसङ्गत नदेखिने।

तसर्थ, कसुरको मात्रा, अवस्था र गम्भीर्यलाई समेत विचार गरी प्रतिवादीहरूलाई रू.२,०००।- जरिवाना र प्रतिवादीहरूबाट वादीले क्षतिपूर्तिबापत रू.३,०००।- पाउने ठहऱ्याई रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०१।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७८ साल चैत्र २० गते रोज १ शुभम्।

३

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-००५५, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. निमबहादुर बस्नेतसमेत*

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं.मा "ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मार्नेसम्मको काम गरेमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गई वचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि १२ वर्षसम्म कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाअनुसार ज्यान मार्ने उद्योगको कसुर गरेको पुष्टि हुनका लागि मार्ने मनसायसहित धारिलो वा घातक हतियारको प्रयोग गरी कुनै कार्य भएको हुनुपर्ने तथा कुनै कारणले तेस्रो पक्षको उपस्थितिका कारण ज्यान मर्नसम्म नपाएको हुनुपर्ने ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ११ नं. मा "...अघिबाट कुट्नेलाई ज्यान मारौँ भनी कुटेको ठहरेमा यसै महलको १५ नं. बमोजिम र ज्यान मारौँ भन्ने नियत नलिई कुटपिट गरेमा कुटपिटको महलबमोजिम सजाय गर्नुपर्छ" र १५ नं. मा "ज्यान मार्ने मनसायले गोली चलाउने वा बक हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गई वचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उल्लिखित कानूनी व्यवस्था अनुसार ज्यान मार्ने मनसाय राखी कुटपिट गर्दा कुनै तेस्रो पक्षको हस्तक्षेपको कारण ज्यानसम्म जान नपाएको अवस्थामा ज्यान मार्ने उद्योगको कसुर कायम हुने र ज्यान मार्ने मनसाय वा नियत नराखी कुटपिट भएमा कुटपिटको कसुर कायम हुने देखिन्छ । ज्यान मार्ने उद्योगको कसुरमा कुनै व्यक्तिले ज्यान मार्ने मनसाय (mens rea) सहित कुनै कार्य (actus reus) गरेको पुष्टि हुनुका साथै तेस्रो तत्त्वको अप्रत्यासित अपर्झट उपस्थिति विद्यमान हुनुपर्ने देखिन्छ भने कुटपिटको कसुरमा सो तत्त्व विद्यमान नरहने ।

अत: प्रतिवादी निमबहादुर बस्नेतबाहेकका सबै प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम कसुर गरेको ठहराएको सुरू सल्यान जिल्ला अदालतको मिति २०७२।१२।२३ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर गरी प्रतिवादी ऋषिदेव बस्नेत, कृतिनिधि बस्नेत, राम बस्नेत, ओजबहादुर बस्नेत, तिलकबहादुर रावत र निमबहादुर बस्नेतले अभियोग दाबीबाट सफाइ पाउने तथा प्रस्तुत वारदात कुटपिटको प्रकृतिको देखिँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटतर्फ परिणत गर्ने गरी उच्च अदालत सुर्खेतबाट मिति २०७४।१२।२८ मा भएको मिलेको देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : कृष्णशोभा सुवाल

इति संवत् २०७९ साल चैत्र ८ रोज ४ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-०१७५, जालसाजी, भरत काजी श्रेष्ठ वि. भुवनदेवी माकाजुसमेत*

प्रतिवादी बनाइएका बिनोद काजी र दिनेश काजी श्रेष्ठ संलग्न भई साक्षी बसेको भन्ने देखिँदैन । उक्त जग्गा प्रतिवादीहरूको सहमतिमा पिता सानुकाजी श्रेष्ठले भुवनदेवी माकाजुलाई बिक्री गरेको भन्ने पनि मिसिल संलग्न कागजातहरूबाट देखिन आउँदैन । त्यसैगरी पिता सानुकाजी श्रेष्ठ वादी र प्रतिवादी बिनोद काजी र दिनेश काजी श्रेष्ठको घरको मुख्य भई व्यवहार गर्ने व्यक्ति भएकोमा कुनै विवाद छैन । तसर्थ, घरको मुख्य भइ काम गर्ने व्यक्तिले घर व्यवहार चलाउन भनी केही सम्पत्ति राजीनामा गरेकोमा लागेको रकम तिरी किन्ने व्यक्तिले जालसाजी गरी किनबेच गरेको भन्न सकिने आधार प्रस्तुत मुद्दामा स्थापित हुन सकेको अवस्था देखिँदैन । त्यसैगरी, २०६८/१०/१० गते नै परलोक भइसकेका पिताले प्रतिवादीहरूको मन्जुरी

नलिई गरेको भन्ने आधारमा घर व्यवहार चलाउनको लागि गरिएको राजीनामा लिखतलाई जालसाजीपूर्ण तरिकाले आफ्नो अंशहक मार्ने काम प्रतिवादीहरूबाट भएको भन्ने दाबीसहित दायर भएको मुद्दामा जालसाजी ठहर नगरेउपर परेको प्रस्तुत पुनरावेदनमा जालसाजी ठहर गर्नु न्यायको रोहमा उचित देखिन नआउने।

काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. ८ (क) को कि.नं. ११८ र ११९ को जग्गा जालसाजी गरी बिक्री गरेकोले मिति २०६२/०२/११ गतेको राजीनामा लिखत जालसाजी घोषित गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू जिल्ला अदालतले गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।१०।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रेया पौडेल

इति संवत् २०७९ साल कार्तिक १४ गते रोज २ शुभम्।

## इजलास नं. १

### ५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-२२८४, कर्तव्य ज्यान, दीपक कुमार ठाकुर वि. नेपाल सरकार*

प्रतिवादीले पक्राउ परेपछि अनुसन्धानमा र अदालतमा समेत कसुरमा साबिती हुँदैमा अदालती प्रक्रियालाई सहयोग पुऱ्याएको भन्ने अर्थ गर्न मिल्दैन भने यस्तो अवस्थामा भएको अपराधमा सजायबाट उन्मुक्ति दिने कुरा पनि आउँदैन। अपराध गर्ने मनसाय र तयारीविना नै चोरी गर्ने क्रममा अपराध भएको हो भन्ने प्रतिवादीको जिकिर रहेको भए पनि निजले अपराध हुनका निम्ति आवश्यक सम्पूर्ण चरणहरू पार गरेको देखिन्छ । रकम गनेको देखेपछि उक्त रकम राति नै चोरी गर्ने मनसाय बनाएको छ। त्यसको तयारी स्वरूप मृतकको घरमा गएको छ । निजलाई मारेर भए पनि रकम चोरी गर्ने तयारी गरी भेन्टिलेसन फुटाउने, डोरी लिएर तयारी भई बस्नेसमेतको कार्य गरेको छ। मैतुन खातुन र निजको छोरालाई विभत्स ढङ्गले हत्या गरी रकम लिएर आफ्नो काम फत्ते गरी फरार भएको छ। यसबाट प्रतिवादीले जिकिर लिएजस्तो विनामनसाय, विनातयारी आकस्मिक रूपमा घटना गराएको भन्ने कुरामा सहमत हुन नसकिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ भन्ने कुरा उल्लेख भएको छ। प्रतिवादीले कसुर अपराध गरेको प्रकृतिलाई हेर्दा निजले चोरी गर्ने मनसाय मात्र लिएको नभई ज्यानै मारेरसमेत चोरी गर्ने मनसाय लिएकै कारण मैतुन खातुनले ढोका खोल्नासाथ निजको घाँटी कस्न डोरी लिएर तयारी भएर बसेको छ। डोरी कस्न असफल भएपछि चिर्पटले मृतकको टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा नलागेपछि पनि निजले पटकपटक प्रहार गरी विभत्स ढङ्गले मैतुन खातुनको हत्या गरेको छ भने चोरी गर्दै गरेको देखेकै आधारमा नाबालक अमरूल खातुनलाई मार्ने उद्देश्यले नै उचालेर प्यासेजमा पछारेको र मऱ्यो मरेन भनी छातीमा कानले सुनी मरेको यकिन भएपछि अर्को कोठामा फालिदिएको छ। यसबाट ऐनमा उल्लेख भएजस्तो ज्यान लिने इविलाग नरहेको भन्ने देखिँदैन। आफूले गरेको कर्तव्यले मानिस मर्ला जस्तो भएको नभई क्रूरतापूर्वक मार्ने कार्य गरेको छ । यस्तो अवस्थामा पुनरावेदकले जिकिर लिएजस्तो निजले गरेको क्रूर एवम् अमानवीय हत्यालाई भवितव्य भन्ने पुनरावेदन जिकिर यस इजलासलाई मान्य हुन नसकिने।

यसरी प्रतिवादी दीपककुमार ठाकुरले क्रूरतापूर्वक अबोध बालक र निहत्था महिलाको हत्या गरेको कार्य भवितव्य हो भन्ने नदेखिएको सन्दर्भमा यी प्रतिवादी कसुरदारलाई ऐनबमोजिमको सजाय

दिँदा चर्को हुन जाने भन्ने प्रश्न नै उत्पन्न हुन सक्ने देखिएन । यस्तो क्रूर एवम् पाश्विक हत्या गरेको अवस्थामा पनि यी प्रतिवादीलाई घटी सजाय हुनुपर्ने भन्ने कुरा न्यायकर्ताको चित्तले देख्ने हो भने समाजमा अपराधीहरूको मनोबल बढ्दै जाने, पीडितले न्याय नपाउने र न्यायकर्ता स्वयम् पनि आफ्नो न्यायिक मनको सही प्रयोग गर्नबाट विचलित हुने अवस्थाको सिर्जना हुन पुग्छ । यस्तो पृष्ठभूमिमा मलाई कानूनबमोजिम हुने सजाय चर्को पर्न गएकोले कम सजाय हुनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर अ.बं. १८८ नं. को मर्म एवम् भावनाको स्पष्ट प्रतिकूल भएकाले सो जिकिरसँग सहमत हुन नसकिने ।

यसैगरी आफूलाई सुध्रिने अवसर पनि नदिएर कठोर सजाय दिइएको भन्ने जिकिरलाई हेर्दा अपराधको प्रकृति, अवस्था, असर र गम्भीरता जस्ता दण्ड निर्धारणका विविध तत्त्वहरूलाई आधार मानी सानातिना अपराधको पुनरावृत्ति नहोस् र कसुरदारले पनि सुध्रिने मौका पाई एउटा असल नागरिक बन्न सकोस् भन्ने उद्देश्यले दण्डको सुधारात्मक सिद्धान्त (reformative theory) अवलम्बन गरी न्यायकर्ताले अभियुक्तलाई उपयुक्त दण्ड निर्धारण गर्नसक्ने कुरामा विवाद छैन । तर प्रस्तुत मुद्दामा यी प्रतिवादीले गरेको जस्तो क्रूर हत्या गरी मृतक मैतुन खातुनको हत्या अन्य तवरले भएको जस्तो देखाउने प्रयासस्वरूप कपडा खोलिदिने तथा बालुवा दलिदिने कार्य गरेको एवम् ७ वर्षीय बालकलाई प्यासेजमा पछारी घाँटी कस्न लाग्दा मऱ्यो कि मरेन भनी निजको छातीमा कान थापी सुन्ने जस्तो क्रूर हत्या गर्ने जस्ता गम्भीर प्रकृतिका अपराधमा पनि सुधारात्मक सिद्धान्त (reformative theory) अनुसार न्यूनतम सजाय गरिनुपर्ने भन्ने पुनरावेदन जिकिर पनि न्यायोचित नदेखिने ।

प्रतिवादीले अभियोग माग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने र चोरीको १४(२) नं. बमोजिम बरामद बिगो रू.१,१२,३५०।– (एक लाख बाह्र हजार तीन सय पचास) बमोजिम कैद र जरिवानासमेत हुने ठहऱ्याई सुरू धनुषा जिल्ला अदालतबाट मिति २०७२।०३।०८ मा भएको फैसला सदर हुने गरी उच्च अदालत जनकपुरबाट मिति २०७५।८।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । यद्यपि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व गर्न नमिल्ने हुँदा प्रतिवादी दीपककुमार ठाकुरलाई सर्वस्व भने नहुने भई फैसलाबमोजिमको अन्य सजाय सदर हुने ।

इजलास अधिकृत : सुभाश चन्द्र दाहाल

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल आषाढ १४ गते रोज १ शुभम् ।

## इजलास नं.२

### ६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री कुमार चुडाल,** *०६८-CI-०७०३, नामसारी लिखत बदर दा.खा. दर्ता, श्यामदेव पाल वि. बाबुजी यादव*

विवादित जग्गाहरू पुनरावेदक/प्रतिवादी मुनिलाल पालकी श्रीमती हंसादेवी भन्ने दोनादेवी पालले प्रत्यर्थी/वादीका पिता चौधरी यादवलाई राजीनामा पारित गरिदिएको निर्विवाद रूपमा पुष्टि भइरहेको स्थितिमा आफ्नै रोहबरमा भएको लिखतलाई लुकाइ छिपाइ र स्व. हंसावतीको मृत्युपश्चात् पति मुनिलाल पालले पुनः आफ्नो नाममा दर्ता नामसारी गराउने कार्य दूषित एवम् बदनियतपूर्ण कार्य भएको देखिने ।

विवादित कित्ता जग्गाको नामसारी निर्णय नै बदरभागी देखिएको स्थितिमा उक्त नामसारी भएकामध्येका जग्गाको हक हस्तान्तरण गरेको

कार्यले समेत कानूनी मान्यता पाउन सक्ने अवस्था देखिएन । साथै विवादित कित्ता जग्गाहरूमध्ये पुनरावेदकले बिक्री गरेका जग्गा लिने असरग्रस्त व्यक्ति प्रतिवादी लड्डुलाल मेहताले पुनरावेदन अदालतबाट भएको फैसलामा चित्त बुझाई पुनरावेदन नगरी बसेको देखिन्छ। मर्का परेको व्यक्ति स्वयम्ले राजीनामा बदर भएकोमा चित्त बुझाई बसेकोमा जग्गा दाताले भने जग्गा नामसारी गराई अरूको नाममा गइसकेकोले दाखिल खारेज नहुने भनी लिएका जिकिर मनासिब नदेखिने।

यसप्रकार विवादित कित्ताका जग्गाधनी हंसावती गडेरनी भन्ने दोनादेवी पालले निजका एकासगोलका पतिलाई समेत साक्षी राखी वादीका पिता चौधरी यादवलाई राजीनामा गरिदिएको पुष्टि भएको, त्यस्ता विवादित जग्गाको मालपोत कार्यालय, सुनसरीबाट भएको नामसारी निर्णय र सोको आधारमा भएको दर्ता र सोबमोजिम दर्ता जग्गाहरूमध्येका अन्यत्र बिक्री गरेको कारोबारले समेत कानूनी मान्यता नपाउने भएको साथै राजीनामा पारित भइसकेका जग्गाको हकमा जतिसुकै समयपछि पनि लाग्ने दस्तुरसहित निवेदन दिएमा दाखिल खारेज हुनसक्ने भन्ने कानूनी व्यवस्था एवम् न्यायिक व्याख्यासमेत रहेको देखिएको स्थितिमा सुरू सुनसरी जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई मिति २०६६।११।१८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिमका जग्गाहरूका सम्बन्धमा मालपोत कार्यालय, सुनसरीबाट मिति २०६४।३।३१ मा भएको नामसारी निर्णय र सो आधारमा भएको दर्तालगायत मिति २०६४।३।३२ मा पारित र.नं.१३८९९ को राजीनामाको लिखत र सो आधारमा भएको दर्तासमेत बदर भई दाबीको कि.नं.१२३, कि.नं.१५४ एवम् कि.नं.१३६ कित्ताकाट भई कायम भएका कि.नं.२६८ र कि.नं.२६९ समेतका जग्गा वादीको नाममा दाखिल खारेज नामसारी हुने र चलनसमेत पाउने ठहर्छ भनी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८।३।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा
कम्प्युटर : सन्जय गुरूङ / चन्दनकुमार मण्डल
इति संवत् २०७९ भाद्र १२ गते रोज १ शुभम्।

## इजलास नं.३

### ७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-CI-००३१, जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ, हरिलाल गिरी वि. पूर्णप्रसाद आचार्य*

अदालतबाट भइआएको नक्सा प्रकृति मुचुल्कामा प्रतिवादीको असहमति रहेको र पुनरावेदन जिकिरमा समेत पुनः नाप नक्साको माग गरेको भए पनि सुरू अदालतबाट मिति २०७०।०७।०७ मा भएको नक्सा बदर भई पुनः मिति २०७१।०१।०९ मा नक्सा मुचुल्का तयार पारिएको देखिन्छ। सो मुचुल्का पनि बदर भई पुनः मिति २०७२।१२।२९ मा नक्सा भई सोलाई ग्रहण गरी दुई तहबाट निर्णय भइसकेको विषयमा यथोचित कारण र युक्तिसङ्गत दाबीबेगर अन्तिम तहबाट पुनः पटकपटक नक्सा गराइरहनुपर्ने अवस्थासमेत विद्यमान रहेको पाइएन । अब उक्त नक्सा प्रकृति मुचुल्काको विश्लेषण गरी हेर्दा वादीको कि.नं.२७२६ न.नं. १० को पूर्वमा ३९.९०, पश्चिममा ३७.००, उत्तरमा ६.७५ मिटर र दक्षिणमा ७.८० मिटर गरी जम्मा क्षेत्रफल ०-१-० रहेको पाइन्छ। सो जग्गामा वादीले पक्की घर र कच्ची घर गरी २ वटा घर निर्माण गरी उत्तरतर्फको पूरै जग्गा घर निर्माण गरेको देखिन्छ भने दक्षिणमा न.नं. २ को नाली र न.नं. १ को सडकतर्फ मात्र केही भाग जग्गा खाली राखेको पाइन्छ। अब प्रतिवादीको जग्गाको वस्तुस्थिति हेर्दा न.नं.८ कि.नं.१३२१ को स्रेस्तानुसारको क्षेत्रफल ०-०-१२३/४ भएकोमा भोग अनुसार क्षेत्रफल ०-०-९१/४ रहेको, कि.नं. १३१९ र कि.नं. २०९५ न.नं.७

र ६ को स्रेस्ता अनुसार ०-०-१२२/४ रहेकोमा भोगमा पनि सोहीबमोजिम र न.नं. ५ कि.नं. २०९६ को स्रेस्तामा ०-०-५१/४ रहेकोमा भोगमा करिब समान अर्थात् ०-०-५१/२ रहेको देखिन्छ । यसरी हेर्दा प्रतिवादीको जग्गा स्रेस्तानुसारभन्दा कम नै देखिन्छ । विवादित कि.नं.९ को क्षेत्रफल ०-०-३१/२ रहेको देखिन्छ । अब सो न.नं.९ को क्षेत्रफल न.नं.१० अर्थात् कि.नं.१३२१ मा जोड्दा करिब करिब मिलान हुने देखिन्छ भने सो न.नं.९ को जग्गा न.नं.१० मा जोड्दा वादीको न.नं.१० कि.नं. २७२६ को जग्गा बढी नै देखिने अवस्था छ । यसप्रकार एकातर्फ भइआएको नक्सा प्रकृति मुचुल्काबाट वादीले स्रेस्तानुसारकै जग्गा भोग गरेको देखिन्छ भने अर्कोतर्फ विवादित जग्गा बाहेक गर्दा प्रतिवादीको ४ कित्ता जग्गाको कूल क्षेत्रफल कम नै हुने अवस्था देखिन्छ ।

यसरी एकातर्फ प्रतिवादीको स्रेस्ता र ट्रेस नक्सामा उल्लेख भएभन्दा भोग गरेको जग्गा बढी देखिन आएको छैन भने अर्कोतर्फ वादीले निजको कि.नं. २७२६ को जग्गामा २०६६।०७।१५ मा नै नक्सा पास गरी घर निर्माण गरी बसेको भन्ने देखिन्छ । भरतपुर नगरपालिका कार्यालयबाट प्राप्त नक्सा पाससम्बन्धी सक्कलै फाइल अवलोकन गर्दा वादीले चौडाइ २५' ६" र लम्बाइ ५५' ९" को घर निर्माणको लागि नक्सा पेस गरेको देखिन्छ । सडकको केन्द्रबाट ११ मिटर छाडिएको भन्ने देखिए पनि पश्चिमतर्फ कुनै जग्गा छाडिएको देखिँदैन । वादी दाबीअनुसार पश्चिमतर्फ बाटो प्रयोजनलाई जग्गा छाडेको भए नक्सा पास गर्न दिएको निवेदनमा सो कुरा उल्लेख गर्नु र सोतर्फ झ्याल वा ढोका राखिनु स्वाभाविक हुनेमा त्यसतर्फ झ्याल ढोकासमेत नराखी पूरै ब्लक गरी घर निर्माण गरेको देखिन्छ । मिसिल संलग्न घरको फोटोसमेतबाट सो जग्गाको पश्चिमतर्फ पूरै ब्लक गरेको देखिएकोले घरभन्दा पश्चिमतर्फ जग्गा छाडेको भन्ने वादीको दाबी स्वयम् वादीकै प्रमाणबाट खण्डित भइरहेको देखियो ।

तसर्थ, माथि उल्लिखित तथ्य प्रमाणसमेतको विवेचित आधारमा वादीको कि.नं.२७२६ को जग्गा प्रतिवादीको जग्गामा घुसेको भन्न मिल्ने अवस्था नहुँदा वादी दाबी नपुग्ने ठहरेको सुरूको फैसला सदर गरेको उच्च अदालत पाटन, हेटौँडा इजलासको मिति २०७४।०२।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भाद्र ३० गते रोज ५ शुभम् ।

## इजलास नं.५

८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CI-१४९९, अंश दर्ता चलन, जादोलाल साह कानु वि. रमापति देवी*

पुनरावेदक प्रतिवादीले लोग्ने स्वास्नीको महलको १ नं. को देहाय १ बमोजिम शारीरिक तथा मानसिक यातना पुऱ्याएको अवस्था हुँदा प्रत्यर्थी वादीलाई अंश दिनुपर्ने होइन भनी जिकिर लिएको देखिन्छ । यी वादीले आफूलाई कुटपिट गरी ज्यान मार्ने उद्योगसमेत गरेको हुँदा सोमा मुद्दासमेत चलेको भने तापनि उक्त मुद्दामा कसुर कायम भएको अवस्थासमेत देखिँदैन । यी वादीले आफ्नो लोग्ने पुनरावेदक प्रतिवादीलाई निजको जिकिरबमोजिम शारीरिक तथा मानसिक कष्ट हुने कार्य गरेको भन्ने तथ्य पुष्टि हुने ठोस प्रमाणसमेत पेस हुन सकेको मिसिल संलग्न देखिँदैन । यी वादीलाई अंश हकबाट वञ्चित गर्ने उद्देश्यले मात्र त्यस्तो जिकिर लिएको अवस्था देखियो । उल्लिखित कानूनी व्यवस्थाबमोजिम कहीँकतैबाट त्यस्तो अवस्था सिर्जना भएको भए पनि सो अवस्थामा लोग्नेले स्वास्नीसँग सम्बन्ध विच्छेद गर्न पाउने आधारसम्म मात्र हो । सम्बन्ध विच्छेद गर्न पाउने आधार हुँदैमा अंश दिनु नपर्ने भनी अर्थ गर्नु न्यायोचित हुँदैन । सम्बन्ध

विच्छेद हुने अवस्थामा पनि श्रीमतीलाई अंश दिनुपर्ने दायित्वबाट पन्छिन मिल्दैन। यी वादीले लोग्नेबाट अंश लिई भिन्न भइसकेको तथ्य प्रतिवादीहरूबाट सप्रमाण पुष्टि गराउन सकेको पनि देखिँदैन । हाम्रो कानूनी व्यवस्था अनुसार अंश जस्तो नैसर्गिक अधिकारबाट कसैलाई पनि वञ्चित गर्न सकिने अवस्था हुँदैन । वादी पहिलेदेखि भिन्न भई छुट्टै बस्दै आएको अवस्था पुष्टि भएको नदेखिँदा वादी दाबीबमोजिम फिराद परेको मितिलाई नै मानो छुट्टिएको मानिने देखियो । व्यवहार प्रमाणबाट अंशियारले अंश प्राप्त गरेको तथ्य स्थापित भएको अवस्थामा बाहेक कुनै पनि व्यक्तिलाई कानूनबमोजिम आफूले प्राप्त गर्ने अंश हकबाट अलग गर्न नमिल्ने।

तसर्थ, वादीले प्रतिवादीहरूबाट अंश पाइसकेको नदेखिँदा कानूनबमोजिम अंश छुट्याइलिन पाउने नै भएकोले तायदातीमा पेस भएका सम्पत्तिबाट वादीले आफ्नो अंश भाग छुट्याउने ठहर गरेको सुरू रौतहट जिल्ला अदालतको मिति २०७१।५।४ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौँडाको मिति २०७२।३।२८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। अब, पुनरावेदक प्रतिवादीकी अर्की श्रीमती निर्मलादेवीको गर्भबाट छोरी गान्धारी कुमारीको मिति २०७३।५।१६ मा जन्म भई अंशियार बढी ७ अंशियार भएको हुँदा सोतर्फ पनि रौतहट जिल्ला अदालतमा विचाराधीन छ भन्ने पुनरावेदन जिकिर रहेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४१ को उपदफा (२२) बमोजिम अंशियार सङ्ख्याका सम्बन्धमा बन्डा छुट्याउने प्रक्रियाकै चरणमा सत्यतथ्य जाँचबुझ गरी निर्धारण हुन सक्ने नै हुँदा सो सम्बन्धमा हाल केही बोलिरहन नपर्ने।

इजलास अधिकृत : गेहेन्द्र राज रेग्मी

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०८० साल भदौ ४ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-CI-१५००, लिखत बदर, जादोलाल साह कानु वि. भुइली कनुइन
- ०७३-CI-१५०१, आपुताली हक कायम घर खिचोला चलनसमेत, जादोलाल साह कानु वि. भुइली कनुइन
- ०७३-CI-१५०२, लिखत बदर, जादोलाल साह कानु वि. भुइली कनुइन
- ०७३-CI-१५०३, जग्गा खिचोला चलन, जादोलाल साह कानु वि. भुतही देवी

**९**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७५-CI-०३८६, अंश नामसारी, निर्मला कहारसमेत वि. खुन्नुर कहार*

पुनरावेदक प्रतिवादीले अंशबन्डाको ३० नं. बमोजिम २०२९।१।१मा नै मानो छुट्टिई अंशबन्डा भई आ-आफ्नो भागको सम्पत्ति खतीउपती गरी भोग चलन गरेको भनी जिकिर लिएको भए तापनि त्यसरी छुट्टाछुट्टै भोग, व्यवहार गरेको तथ्यलाई स्थापित गर्ने रीतपूर्वकको कुनै लिखत वा घरसारको कुनै कागज प्रमाण वा अन्य प्रकारको व्यवहार प्रमाण पेस हुन नसकेको, अंशबन्डाको १ र २ नं.को कानूनी व्यवस्थाले समान पुस्ताका अंशियारहरूबिच समानरूपमा सम्पत्ति बन्डा गर्नुपर्ने कुराको प्रत्याभूति गरेको, प्रतिवादीले बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति अंशियारहरूका बिच लिनुदिनु भएको देखिएकोले निजी प्रकृतिको मान्न नमिल्ने देखिएको अवस्थामा प्रमाण ऐनको दफा ६ –क बमोजिम सगोलका अंशियार जोसुकैको नाममा पैतृक स्रोतको सम्पत्ति रहे पनि सबै अंशियारलाई बन्डा लाग्ने नै देखिने।

फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी वादी प्रतिवादीकाबिच अंशबन्डा गर्नुपर्ने सम्पत्तिको तायदाती विवरण माग गरिएकोमा सोबमोजिम फाँटवारी दिँदा प्रतिवादीहरूले

निजी आर्जनबाट खरिद गरेको र हालैको बकसपत्रद्वारा प्राप्त शंकर कहारको नाममा दर्ता रहेको जिल्ला रूपन्देही वडवलिया गा.वि.स. वडा नं. ३ को कि.नं. १३,२३०,२३१,३४० र ऐ.ऐ. वडा नं. १क कि.नं. १०४ तथा निर्मला कहारको नाममा दर्ता रहेको ऐ.ऐ. वडा नं. १क कि.नं. ३६९ र ऐ.ऐ. वडा नं. ३ कि.नं. १७३ जग्गा वादीको अंश नलाग्ने भने तापनि उक्त जग्गाहरू निजी आर्जनको प्रमाणित हुने गरी बन्डा लाग्नु नपर्ने सम्बन्धमा प्रमाण पेस गर्न सकेको देखिन्न । एक अंशियारबाट अर्को अंशियारमा हालैको बकसपत्रबाट सम्पत्ति हस्तान्तरण हुँदैमा अंशियारबाटै हक हस्तान्तरण गरी अंशियारकै नाममा रहेको त्यस्तो सम्पत्तिबाट बन्डा नलाग्ने भन्ने अवस्था नदेखिने भन्ने सम्बन्धमा माथि विवेचना भइसकेको छ । यसरी त्यस्तो सम्पत्ति बन्डा नलाग्ने भन्ने वस्तुनिष्ठ प्रमाणबाट अन्यथा प्रमाणित नभएको हुँदा एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा सम्पत्ति रहे पनि त्यस्तो सम्पत्ति संगोलको सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६ (क) बमोजिम बन्डा लाग्ने कानूनी व्यवस्था रहेको देखिँदा वादीको मागबमोजिम प्रतिवादीहरूबाट उक्त सम्पत्तिहरूमा अंश पाउने नै देखिने ।

अतः वादीको फिराद दाबीबमोजिम वादी र प्रतिवादीबाट पेस भएको तायदाती फाँटवारीमा उल्लिखित प्रतिवादीहरूले निजी आर्जनबाट खरिद गरेको र हालैको बकसपत्रद्वारा प्राप्त शंकर कहारको नाममा दर्ता रहेको जिल्ला रूपन्देही वडवलिया गा.वि.स. वडा नं. ३ को कि.नं. १३,२३०,२३१,३४० र ऐ.ऐ. वडा नं. १क कि.नं. १०४ तथा निर्मला कहारको नाममा दर्ता रहेको ऐ.ऐ. वडा नं. १क कि.नं. ३६९ र ऐ.ऐ. वडा नं. ३ कि.नं. १७३ जग्गा सम्पत्तिबाट २ भागको १ भाग वादीले अंश पाउने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७२।१२।२१ मा भएको फैसलालाई कायमै गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।२।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : अमृता कुमारी शर्मा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल श्रावण २८ गते रोज १ शुभम् ।

**१०**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०८०-WH-००३३, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाऊँ*, रंजय कुमार राम वि. सप्तरी जिल्ला अदालत, राजविराजसमेत

यी निवेदकसमेतउपर बबिता इसरलाई अपहरण गरी बेपत्ता पारेको भन्ने अभियोग लगाइएकोमा निवेदन नं. ०७९-WH-०२६० को बन्दीप्रत्यक्षीकरणको मुद्दामा निज बबिता इसर स्वयम्ले सुनुवाइमा सरिक हुन पाउँ भनी यस अदालतमा निवेदन दिई इजलाससमक्ष उपस्थित भई आफूलाई बेपत्ता पारिएको नभई आफूले मनोज रामसँग विवाह गरेको र मनोज राम आफ्नो पति भएको भनी स्वीकार गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ । सप्तरी जिल्ला अदालतबाट ०७९-C१-०२९२ को मुद्दामा पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेश बन्दी प्रत्यक्षीकरणको आदेशसमेतबाट बदर गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भनी सहप्रतिवादीको तर्फबाट यस अदालतमा दायर भएको रिट नं. ०७९-WH-०२६० बाट मिति २०८०/०३/३१ मा व्यक्ति बेपत्ताको आरोप लगाइएको मूल कारणी मनोज रामलाई र रिट नं. ०८०- WH-०००७ बाट मिति २०८०/०४/०९ मा रूपेस कुमार रामलाई थुनामुक्त गर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको देखिने ।

यी निवेदक बन्दीलाई अपहरण गरी बेपत्ता पारेको भन्ने बेहोरा खुलाई उठान भएको मुद्दामा बेपत्ता पारिएको भनिएकी बबिता इसर अदालतमा उपस्थित भएबाट घटनाको वस्तुतथ्य एक प्रकारको रहेकोमा अर्कै प्रकारको वस्तुतथ्य बनाई जाहेरी दरखास्त पेस

गरी सोही आधारमा दायर भएको अभियोगपत्रबाट कारबाहीको क्रममा थुनछेकको आदेश भई निवेदकलाई थुनामा राखिएको अवस्थालाई न्यायिक प्रक्रियाको दुरूपयोग भएको मान्नुपर्ने भएको छ। पछि बुझ्दै जाँदा हाल देखिएका प्रमाणहरू साँचो वा झुठा साबित जे जो भए पनि तल अदालतबाट नै तत्सम्बन्धमा निरूपण हुन सक्ने अवस्था यथावतै छ, तर हालकै अवस्थामा प्राप्त प्रमाणहरूको आधारमा हेर्दा यी निवेदकलाई व्यक्ति बेपत्ता पारेको कसुरमा पुर्पक्षको लागि निजको हैसियत विपरीत धरौटी माग गर्नु र दिन नसकेको कारण थुनामा राख्नुबाट निजको लागि सामान्य कानूनी उपचार अपर्याप्त एवम् प्रभावहीनसमेत मान्नुपर्ने हुँदा यस अवस्थामा यस अदालतबाट निज निवेदकको वैयक्तिक स्वतन्त्रताको हननलाई न्यायका मान्य सिद्धान्त र यसको रोहमा निरन्तरता नदिनु नै न्यायोचित हुने।

तसर्थ, हाल अनुसन्धानबाट खुल्न आएका तथ्य तथा पछि थप प्रमाणहरूबाट सप्तरी जिल्ला अदालतमा विचाराधीन ०७९-C१-०२९२ को मुद्दामा ठहरेबमोजिम हुने नै हुँदा हालको अवस्थामा निवेदक रंजय कुमार रामलाई थुना राखिरहनु न्यायको मान्यता अनुकूल हुने नदेखिँदा निज निवेदक रंजय कुमार रामलाई सप्तरी जिल्ला अदालतमा विचाराधीन ०७९-C१-०२९२ को मुद्दामा भएको मिति २०८०।४।१६को धरौटी माग गर्ने आदेश बदर गरी तारेखमा रहने गरी अविलम्ब थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : अमृता कुमारी शर्मा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल श्रावण २९ गते रोज २ शुभम्।

**११**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-०४९९, वन पैदावार हटाई ओसार पसार, नेपाल सरकार वि. गोविन्द प्रसाद घिमिरेसमेत*

वन नियमावली,२०५१ को नियम ७ को इजाजत लिनुपर्ने र टाँचा लगाउनु पर्ने शीर्षकअन्तर्गत उपनियम (१) मा "यस नियमावलीबमोजिम अधिकार प्राप्त अधिकारीबाट इजाजतपत्र नलिई कसैले कुनै किसिमको वन पैदावार उपलब्ध गर्न, सङ्कलन गर्न, हटाउन, बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न हुँदैन र उपर्युक्त उद्देश्यले वन क्षेत्रभित्र प्रवेश गर्नसमेत हुँदैन" भन्ने, उपनियम (२) मा "ऐनको दफा २२ को उपदफा (२) बमोजिम इजाजतपत्र प्राप्त गरेको कुनै व्यक्ति वा निकायले वनमा कुनै काठ वा दाउरा काट्दा टुक्र्याउँदा वा त्यसको निकासी गर्दा इजाजतपत्रमा उल्लेख भएको तथा नेपाल सरकारले निर्धारण गरेको सर्तहरू अनिवार्य रूपले पालना गर्नुपर्ने छ" भन्ने, उपनियम (३) मा "वनको काठ वा दाउरा काट्दा, टुक्र्याउँदा, उपभोग गर्दा, हटाउँदा, बिक्री वितरण गर्दा, ओसारपसार गर्दा वा निकासी गर्दा विभागले तोकिदिएको टाँचा लगाउनु पर्ने छ" भन्ने र उपनियम (४) मा "काठ दाउराबाहेकका अन्य वन पैदावार काट्दा, टुक्र्याउँदा, उपभोग गर्दा, हटाउँदा, बिक्री वितरण गर्दा, ओसारपसार गर्दा वा निकासी गर्दा नेपाल सरकारले निर्धारण गरेको कार्यविधिको अधीनमा रही गर्नुपर्ने छ" भन्ने व्यवस्था रहेको देखिने।

प्रतिवादीहरू कसैले पनि ट्रकबाट अनधिकृत काठ बरामद भएको होइन भन्न सकेको देखिँदैन। आफूले लोड नगरेको तथा लेवरले के सामान लोड गरिदिए भन्नेबारे आफूलाई थाहा जानकारी नै नभई छोडपुर्जी मात्र लिई ट्रक लगी वन क्षेत्रबाट बाहिर गएको भन्ने भनाइ पत्यार गर्न सक्ने प्रकृतिको देखिँदैन। आफ्नो अनभिज्ञतालाई वस्तुनिष्ठ रूपमा प्रमाणित गर्नुपर्ने हुन्छ, अवैध काठ गोलिया र चिरानीसमेत स्वतः आँखाले देखी चिन्न सक्ने प्रकृतिका सामानहरू हुँदा यस्तो प्रत्यक्ष प्रमाण हुँदाहुँदै सबै प्रतिवादीहरूलाई सफाइ दिएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालतको फैसला मिलेको देखिँदैन। यस आधारबाट थम्मनबहादुर कनौमगर, ज्ञानप्रसाद चौधरी,

सुनिल चौधरीलाई उच्च अदालत तुलसीपुरबाट सफाइ दिने गरी भएको मिति २०७४।१।१२ को फैसला सो हदसम्म उल्टी हुने।

अत: निज प्रतिवादीहरू थम्मन बहादुर कनौमगर, ज्ञानप्रसाद चौधरी, सुनिल चौधरीले वन ऐन,२०४९ को दफा ४९ को देहाय (घ) को कसुर गरेको देखिएको अवस्थामा सजायको हकमा विचार गर्दा वन ऐन,२०४९ को दफा ५० को उपदफा (१) को देहाय (घ) को (४) बमोजिम ५ हजारभन्दा बढी बिगो हुँदा चालक सुनिल चौधरी, सहयोगी थम्मन बहादुर कनौमगर, तथा पुर्जीवाला ज्ञानप्रसाद चौधरीलाई भएकोले बिगो रू. ६४,५५०।०० को दोब्बर जनही रू.१,२९,१००।०० (एक लाख उनन्तिस हजार एक सय) का दरले जरिवाना हुने ठहर्छ। अब गाडी धनी गोविन्दप्रसाद घिमिरेका हकमा विचार गर्दा निजले ट्रक चालकको जिम्मामा भाडामा चलाउन छाडेको, आफू वारदातमा संलग्न नभएको भन्ने इन्कारी बयान रहेको, निज वारदातस्थलमा नरहेको तथा अवैध सामान ओसारपसार गर्न अनुमति दिएकोसमेत प्रमाणित हुन नसकेको हुँदा कसुरमा निजको संलग्नता नदेखिएकोले सफाइ दिएको उच्च अदालत तुलसीपुरको मिति २०७४।१।१२ को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निराजन पाण्डे

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल जेठ ३१ गते रोज ४ शुभम्।

**१२**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CI-१०८१, लिखत बदर, सन्जीता यादव वि. मनोज यादवसमेत*

यसमा घरको मूल व्यक्ति मनोज यादव रहेको र निजले नै घर व्यवहार चलाएको विषयमा विवाद रहे भएको देखिँदैन। साबिकको मुलुकी ऐन अंशबन्डाको महलको १९ नं. को देहाय १ मा घर-मूलीले पैतृक सम्पत्तिबाट चलमा सबै र अचलमा आधीसम्म घर व्यवहार चलाउनलाई आफूखुस गर्न पाउने भन्ने व्यवस्था रहेको छ। प्रत्यर्थी मनोज यादवले उक्त सम्पत्ति बिक्री गर्नुपर्नाको मुख्य कारण घर व्यवहार चलाउन लिएको ऋण र सोको ब्याज तिर्नुपरेकाले भन्ने उल्लेख गरेका छन। सो बेहोरालाई पुनरावेदकले अन्यथा भन्न सकेको देखिँदैन। साथै निज मनोज यादवसँग र घर व्यवहार चलाउन अर्को कुनै भरपर्दो आर्थिक स्रोत वा माध्यम थियो भन्ने पुनरावेदकको तर्फबाट कुनै जिकिरसमेत रहेको देखिँदैन। उक्त जग्गाहरूको बिक्री गरेको रकम मनोज यादवले यी पुनरावेदक वादीको हक मारी अरू कोही कसैलाई दिएको भन्ने पुनरावेदकको जिकिर रहेको छैन। यसरी मनोज यादव सङ्घ घर व्यवहार चलाउन अर्को आय स्रोत रहेको थियो भन्नेसमेत खुलाउने नसकेको अवस्थामा प्रतिवादी मनोज यादवले आफूसँग भएको अचल सम्पत्तिको केही हिस्सा घर व्यवहार मिलाउनको लागि बिक्री गरेकोसम्म देखिने।

बर्दिया जिल्ला अदालतमा वादीको अंशको फिराद मिति २०७१।०४।२७ मा परेकोमा सोअगावै वादी दाबीमा उल्लिखित जिल्ला बर्दिया महमदपुर गाउँ विकास समिति वडा नं.३को कि.नं.१९६१/१९८१ को ०२८०५ वर्गमिटर जग्गा विपक्षी जगतराम अहिरलाई मालपोत कार्यालय, बर्दियाबाट मिति २०७१।०३।१७ मा र.नं.५३१०(ख) बाट राजीनामा लिखत पास पारित भएको देखिन्छ। सोभन्दा पहिले वादी सन्जिता यादव र प्रतिवादी मनोज यादव सगोलमा रहेको देखिएको र निजहरूबिच सम्पत्तिसम्बन्धी कुनै प्रकारको विवाद वा झैझगडा भई कुनै पक्षले कानूनी उपचार खोजेको पनि नदेखिँदा प्रतिवादी मनोज यादवले घर व्यवहारमा गरेको कारोबार वादीसमेतको सहमतिमा गरेको मान्नुपर्ने।

अतः दिने मनोज यादव र लिने जगतराम अहिर भएको जिल्ला बर्दिया महमदपुर गाउँ विकास समिति वडा नं.३ को कि.नं.१९६१/१९८१ को ०२८०५

वर्गमिटर जग्गा मालपोत कार्यालय, बर्दियाबाट मिति २०७१।०३।१७ मा र.नं. ५३१०(ख) बाट राजीनामा लिखत पास पारित भएको कार्य कानूनबमोजिमकै देखिँदा सुरू बर्दिया जिल्ला अदालतबाट वादी दाबी पुग्ने भनी गरेको मिति २०७१।१२।१९ को फैसला उल्टी गरी उक्त लिखत बदर नहुने गरी पुनरावेदन अदालत नेपालगन्जबाट भएको मिति २०७३।३।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अञ्चन भट्टराई

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०७९ साल चैत्र १२ गते रोज २ शुभम्।

- यसै लगाउको ०७३-CI-१०८२, लिखत दर्ता बदर हक कायम, सन्जिता यादव वि. मनोज यादवसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**१३**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-CR- ०७३४, लागु औषध खैरो हिरोइन, नेपाल सरकार वि. शिशिर राज जोशीसमेत*

प्रतिवादीहरूले सेवन प्रयोजनको लागिबाहेक बेचबिखनलगायतका अन्य प्रयोजनको लागि सो लागुऔषध ल्याएको नदेखिएको, अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा पनि सेवनबाहेक अन्य प्रयोजनका लागि ल्याएको उल्लेख नभएको र मिसिल संलग्न समग्र सबुद प्रमाणबाट सेवनबाहेक अन्य प्रयोजनका लागि सो लागुऔषध ल्याएको हो भनी निश्चयात्मक रूपमा स्थापित गर्न सक्ने प्रमाणको अभाव देखियो। यी सम्पूर्ण आधार र कारणसमेतबाट सेवनको कसुरतर्फ मात्र सजाय ठहर भएको सुरू मकवानपुर जिल्ला, अदालतको फैसलालाई सदर गर्ने गरी भएको श्री पुनरावेदन अदालत, हेटौँडाको फैसलामा कुनै त्रुटि रहेको र अन्यथा रहे भएको भन्ने देखिन आएन। त्यस आधारमा सो फैसला बदर गरी अभियोग दाबीअनुसारको लागु औषध बिक्रीवितरण र ओसार पसार तथा सञ्चयसमेतको कसुरमा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको निवेदन/पुनरावेदन जिकिर, सो जिकिर समर्थित विद्वान् उपन्यायाधिवक्ताको बहस बुँदा र यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति दिँदा लिइएका आधार र कारणसमेतसँग सहमत हुन नसकिने।

अतः प्रत्यर्थी प्रतिवादीद्वयलाई लागुऔषध सेवन गरेको कसुरमा सजाय हुने र सो लागु औषध ल्याउन प्रयोग भएको मोटरसाइकल जफत हुने ठहर गरी मकवानपुर जिल्ला, अदालतबाट मिति २०७२।६।७ मा भएको फैसलालाई समर्थन गरेको पुनरावेदन अदालत हेटौँडाको मिति २०७३।५।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अमृता कुमारी शर्मा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल श्रावण ३२ गते रोज ५ शुभम्।

**१४**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-WO-१००८, उत्प्रेषण / परमादेशसमेत, पेस्तवाल राजभण्डारी वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

तह तहकोसक्षम अदालतबाट हदम्यादका सम्बन्धमा आदेश भइसकेको छ । यसरी सक्षम अदालतबाट भएको आदेशबाट निवेदकको हकमा आघात पुगेको भन्ने देखिँदैन । अर्कोतर्फ उक्त अदालतहरूबाट आदेश हुँदा अधिकारक्षेत्र नाघेको वा कार्यविधिको त्रुटि रहेको वा प्राकृतिक न्यायको उल्लङ्घन भएको भन्ने अवस्थासमेत विद्यमान रहेको देखिँदैन। यसरी सुरू अदालतबाट हदम्यादका सम्बन्धमा सुनुवाइ गरेको र सोही विषयमा उच्च अदालतले समेत सुनुवाइ गरी आदेश गरिसकेको अवस्थामा सोही विषयमा टड्कारो रूपमा कानूनको त्रुटि जस्तो असामान्य अवस्था नदेखिएकोले सर्वोच्च अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत रिट

निवेदनमा आउने अधिकार निवेदकमा रहने देखिन आएन । त्यसमाथि पनि निवेदनमा उल्लेख भएको काठमाडौं जिल्ला अदालतमा चलेको ०७६-CP-३६२७ को बैना रकम फिर्ता दिलाइपाउँ भन्ने मुद्दा मिति २०७९।१।१२ मा काठमाडौं जिल्ला अदालतबाट फैसला भइसकेको देखिएको छ । त्यसउपर सामान्य उपचारको पुनरावेदनको मार्ग पक्षहरूसँग रहेको तथा त्यसैबाट निवेदकले उठाएको प्रश्नहरूको निरूपण गर्न माथिल्लो तहको अदालत सक्षम नै रहेको अवस्थामा साधारण क्षेत्राधिकारबाट निरूपण गरिने प्रकृतिको मुद्दा सोही रोहबाट हेरिनुपर्ने र यस्ता विषय असाधारण क्षेत्राधिकारबाट हेरिनु न्याय र कानून सङ्गत हुने नदेखिने।

अत: निवेदकले उठान गरेको विषयवस्तुका सन्दर्भमा तथा हाल तलका अदालतमा नियमित उपचारको मार्गमा रहेको मुद्दामा प्रत्यक्ष असर पर्ने गरी तत्काल तथ्य र औचित्यभित्र प्रवेश गरी रिट निवेदनको रोहबाट प्रमाण मूल्याङ्कन गर्नु न्यायोचित नहुने र निवेदकले अन्तरिम आदेश माग गरेको उल्लिखित मुद्दामा (०७६-CP-३६२७) काठमाडौं जिल्ला अदालतबाट मिति २०७९।१।१२ मा फैसलासमेत भइसकेको देखिँदा प्रस्तुत निवेदनमा निवेदकको मागबमोजिम कुनै प्रकारको रिट आदेश जारी गर्नुपरेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : निराजन पाण्डे

इति संवत् २०७९ साल भाद्र २८ गते रोज ३ शुभम्।

**१५**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-CR-०९५७, कर्तव्य ज्यान, नेपाल सरकार वि. बेञ्जु भन्ने निश्चल विश्वकर्मासमेत*

प्रतिवादी राज तामाङ र मृतक सागर पाण्डे बच्चादेखिका साथी रहेको, अर्का प्रतिवादी बेञ्जु भन्ने निश्चल वि.क. समेत मिल्ने साथी रहेको र प्रतिवादी प्रकाश मगरसमेत सागर पाण्डेको साथी रहेको भन्ने तथ्य वारदातका दिन यी तीनै जना प्रतिवादीहरू बिहानदेखि नै एकैसाथ भई घुमफिर गरेको भनी निज प्रतिवादीहरूले अदालतसमक्ष गरेको बयान बेहोरा तथा मृतककी आमा जाहेरवाली संगिता पाण्डेले अदालतमा बकपत्र गर्दा "मेले गएर हेर्दा बेञ्जु वि.क., राज तामाङ, टासी भन्ने केटासमेत ४/५ जनाले छोराको हात र खुट्टामा समाई झुण्ड्याएर मेरो कोठातिर ल्याउँदै थिए, तिनीहरूले नै ट्याक्सी बोलाई ट्याक्सीमा हाले र राज तामाङ, म र टासी भन्ने ट्याक्सी चालक भई शंखरापुर अस्पताल पुऱ्यायौँ भनी गरेको बकपत्रसमेतबाट यी प्रतिवादीहरू र मृतक मिल्ने साथी रहेको र निजहरू सो दिन एकैसाथ घुमफिर गरेको तथा निजहरूले वारदात भइसकेपछि पनि मृतकको आमालाई बोलाई घाइते अवस्थामा रहेका सागर पाण्डेलाई उपचारका लागि अस्पताल लान सहयोग गरेको तथा निज सागर पाण्डेलाई मार्न षड्यन्त्र गर्नुपर्नेसम्मको अवस्था रहेको भन्ने मिसिल संलग्न प्रमाण नरहेको जस्ता परिस्थितिजन्य प्रमाणहरूबाट यी प्रतिवादीहरूले सागर पाण्डेलाई मार्ने आपराधिक षड्यन्त्र गरेका थिए भनी विश्वास गर्न सकिने अवस्था देखिएन । त्यसरी कसुरजन्य कार्य गर्न निजहरूले कुनै आपराधिक षड्यन्त्र गरेको हो भन्ने पनि पुष्टि हुन नसकेको हुँदा यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिमको कसुर गरेको भन्न नसकिने।

मालाकार रूपमा आएका मिसिल संलग्न सबुत प्रमाणसमेतबाट वारदातमा यी प्रतिवादीहरू बेञ्जु भन्ने निश्चल वि.क., प्रकाश मगर, राज तामाङ र सागर पाण्डे सँग साथै रहेको तथ्य पुष्टि भएको देखिन्छ। प्रतिवादीहरूले वारदात हुँदा जे जस्तो भूमिका निर्वाह गरेको हुन्छ निजहरूलाई सोहीबमोजिमको कसुर कायम गरी सजाय निर्धारण गर्नु न्यायसङ्गत हुन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. मा "ज्यान मार्नालाई मतलबमा भने पसेको तर मुख्य भई वचन

पनि नदिने, हातहतियार पनि नछोड्ने, जिउमा पनि नछुने देहायका अवस्थाका अरू मतलबीहरूलाई ज्यान मरेको रहेछ भने देहायबमोजिम र ज्यान मरेको रहेनछ भने देहायमा लेखिएको सजायको आधा सजाय गर्नुपर्छ" भन्ने रहेको र सोही देहाय-१ मा "ज्यान मार्नालाई भनी हतियार विष मागेमा जानी जानी हातहतियार गोली बारूद विष दिने वा ज्यान मार्ना निमित्त वारदात गरिरहेका ठाउँमा हतियार साथमा लिई महजुद रहनेलाई दश वर्ष कैद गर्नुपर्छ" भन्ने, देहाय-२ मा "माथि १ दफामा लेखिएबाहेक घेरा दिने, बाटो, गौँडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गरी मार्ने संयोग पारिदिनेलाई पाँच वर्ष कैद गर्नुपर्छ" भन्ने र देहाय-३ मा "अरू किसिमसँग मतसल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा विशाल कुमार तामाङले सागर पाण्डेलाई वास्तवमै मार्ने मनसाय राखेको भन्ने कुराको जानकारी यी प्रतिवादीहरूलाई थियो भन्ने वस्तुनिष्ठ रूपमा पुष्टि हुन सकेको देखिँदैन भने दाउ प्रहार गर्दा यी प्रतिवादीहरूले घेरा हालेको तथा हातहतियार प्रयोग गरेको भन्ने तथ्य पनि मिसिल संलग्न प्रमाणहरूबाट ठोस रूपमा पुष्टि हुन सकेको छैन । तर आफूसँग दिउँसोको समयमा मित्रवत् रूपमा समय बिताउने मृतकलाई खोज्दै आएका प्रतिवादी विशाल कुमार तामाङसँग धारिलो हतियार रहेको जानकारी रहेको तर विशाल कुमार तामाङले दाउ प्रहार गर्दा यी प्रतिवादीहरू नजिकै रहेको अवस्थामा पनि आफूसँगै दिन बिताएका आफ्नो साथीलाई जोगाउन विशाल कुमार तामाङले गरेको प्रहारलाई रोक्ने वा रोक्ने प्रयत्न गर्ने वा बचाउनेतर्फ उन्मुख भई प्रहारलाई अवरोध गर्ने प्रयत्नसम्म पनि नगरी घटना हुँदासम्म हेरी मात्र रही प्रहार गरिसकेपछि अस्पताल लग्ने कार्यमा सहयोगसम्म गरेको अवस्था देखियो । यस अवस्थामा बेञ्जु भन्ने निश्चल वि.क., प्रकाश मगर र राज तामाङले मार्ने मनसाय राखेको नदेखिए पनि निजहरूको घटनास्थलमा उपस्थिति तथा मार्ने ठाउँमा रही अरू कुरा केही नगरी हेरिरहेको कारण कुनै पनि आपराधिक दायित्व नरहेको भन्न नमिल्ने र निजहरूको कार्य एवम् व्यवहारबाट ज्यानसम्बन्धीको १७ नं.को देहाय ३ अनुसारको कसुर स्थापित हुने देखिएको हुँदा उक्त कसुर अनुसारको सजाय गरेको उच्च अदालत पाटनको फैसलालाई अन्यथा भन्न नसकिने ।

तसर्थ, प्रतिवादीहरू बेञ्जु भन्ने निश्चल विश्वकर्मा, राज तामाङ र प्रकाश मगरलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ७ (सात) महिना कैद सजाय गरेको काठमाडौं जिल्ला अदालतको मिति २०७४।१०।२४ को फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७६।३।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : गेहेन्द्र राज रेग्मी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल श्रावण १५ गते रोज २ शुभम् ।

**१६**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७७-CR-००८७, अपहरण उद्योग, नेपाल सरकार वि. सागर सिंह थापा*

प्रतिवादी सागर सिंह थापाले पीडितलाई कुनै पनि उद्देश्यबाट अपहरण गरी लगेको वा बन्धकमा राखेको अवस्था नदेखिई सहप्रतिवादी मनोज पुन भन्ने मनोज बुढामगरले पीडितसँग फिरौती माग गरी नदिएमा मारिदिने धम्कीसम्म दिई यी प्रतिवाद मार्फत पीडितसँग दुई लाख लिएको अवस्थासम्म देखियो । यस अवस्थामा ऐ.को महलको ६ नं. को व्यवस्थालाई हेर्नु सान्दर्भिक हुने देखिन्छ । उक्त ६ नं. मा "कसैले कुनै रकम माग गरी त्यस्तो रकम नदिएमा अपहरण गर्ने वा शरीर बन्धक लिने धम्की दिएमा निजलाई उद्योग गर्ने व्यक्तिसरह सजाय गर्नुपर्छ" भन्ने व्यवस्था रहेको

देखिँदा यी प्रतिवादीको कार्यबाट अपहरण गरेको तथा शरीर बन्धकमा लिइसकेको कसुरमा सजाय गर्नुपर्ने अवस्था नभई उक्त कसुरको उद्योग गरेको व्यक्तिसरहको कसुरमा सजाय हुने अवस्था रहेको देखिने।

अब, अर्का प्रतिवादी सागर लामाको हकमा उच्च अदालतले सफाइ दिएको नमिलेको हुँदा अभियोग दाबीबमोजिमको कसुरमा सजाय गरिपाउँ भनी वादीले लिएको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन भन्ने सन्दर्भमा हेर्दा, जाहेरवाला पीडितले जाहेरी दिँदा यी प्रतिवादीउपर किटानी गरेको देखिँदैन, साथै पीडितले अदालतमा गरेको बकपत्रमा समेत सागर लामालाई मैले चिन्दिनँ सागर सिंह थापाले उक्त रकम लगेको हो भनी लेखाएको बेहोरासमेतबाट पीडितले यी प्रतिवादीको कसुरमा संलग्नता रहेको भनी यकिनसाथ भन्न सकेको देखिँदैन। जाहेरवाला र प्रतिवादी सागर लामाबिच भेटघाट, चिनजान, फोन सम्पर्क, कुराकानी केही भएकोसमेत देखिँदैन। यी प्रतिवादीले अदालतमा गरेको बयानमा सहप्रतिवादी भनिएका सागर सिंह थापाले उल्लेख गरेको सागर लामा म होइन, निजको बयान बेहोरा झुट्टा हो भनी आफूले जमल इन्टरनेसनल मनि ट्रान्सफर काठमाडौं गोंगबुमा चलाइआएको छु, मनोज बुढा, सागर सिंह थापा कसैलाई चिन्दिन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। सागर सिंह थापाले अदालतमा गरेको बयानको स.ज. १२ मा मैले सागर लामाको नाममा पैसा पठाएको होइन भनेका छन् भने स.ज. ७ मा साजन लामाको नाममा पैसा पठाएको भनी बयान गरेको देखिन्छ। उक्त तथ्यलाई पुष्टि हुने गरी एकता मनि नेटवर्क बुटवलको मिति २०७४।२।९ को पत्रानुसार सागर सिंह थापाले हाम्रो अफिसमा आई साजन लामाले भुक्तानी पाउने गरी रू.१,८०,०००।– जम्मा गरी कमिसन कट्टा गरी रू.१,७९,७५०।– पठाएकोमा सागर सिंह थापाले आफूले पठाएको रकम आवश्यक भएन फिर्ता पाउँ भनी अनुरोध गरेबमोजिम निजलाई नै फिर्ता गरेको हो भनी जानकारी गराएको र आई.एम.ई. भौचर स्लिपसमेत साजन लामाकै नाममा रहेकोसमेत देखिँदा यिनै प्रतिवादी सागर लामालाई रकम पठाएको भन्ने पनि यकिन हुन सकेको देखिँदैन। प्रतिवादी सागर सिंह थापाले प्रतिवादी सागर लामाको खातामा रकम पठाउन लागेको भन्ने तथ्य पनि विश्वासयोग्य तवरले मिसिल प्रमाणबाट पुष्टि हुन सकेको पाइँदैन। केवल निजको नाममा सागर सिंह थापाले पैसा पठाएको भन्ने अनुसन्धानको क्रममा गरेको बयानका आधारलाई लिएर मात्र यी प्रतिवादीउपर अभियोग लगाएको देखिन्छ । प्रतिवादी सागर लामाले रकम बुझिसकेको अवस्थासमेत देखिँदैन । यस अवस्थामा शंकारहित ठोस सबुद प्रमाणहरूबाट प्रतिवादीउपरको कसुर प्रमाणित हुन सकेको देखिएन । यस्तो अवस्थाको सुविधा अभियुक्तको पक्षमा रहन जान्छ। फौजदारी न्यायको सिद्धान्तले समेत शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने रहेको छ। प्रमाण ऐन, २०३१ को दफा २५ ले "फौजदारी मुद्दामा अभियुक्तको मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ" भन्ने व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा यी वादीको कसुर पुष्टि हुने ठोस सबुद प्रमाण वादी पक्षले प्रस्तुत गर्न सकेको देखिएन । ठोस प्रमाणबाट समर्थित हुन नसकेको केवल शंकाको भरमा मात्र अभियोग लगाएको अवस्थामा अभियोग स्थापित हुन सक्दैन । यी प्रतिवादीलाई कसुरदार ठहर गर्नुपर्ने भन्ने पुनरावेदक वादीको जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७५।३।३२ मा भएको फैसलाले अभियोग माग दाबी अनुसारको कसुर ठहर भएका प्रतिवादी सागर सिंह थापाको हकमा निज प्रतिवादीलाई साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. विपरीत ५ र ६ नं. बमोजिमको कसुरमा सजाय गर्दा ३ नं. बमोजिम जरिवानाको हकमा ५ नं. बमोजिम आधा जरिवाना गर्नुपर्नेमा नगरेको हदसम्म सुरू रुपन्देही जिल्ला अदालतको फैसला सो हदसम्म

केही उल्टी भई प्रतिवादी सागर सिंह थापालाई उक्त ऐन अनुसार रू.१५,०००/- (पन्ध्र हजार रूपियाँ) जरिवानासमेत हुने ठहर गरेको र सोबाहेकको सुरू अदालतको फैसला निज प्रतिवादीको हकमा सदर हुने ठहर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७६।५।२३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : गेहेन्द्र राज रेग्मी

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल साउन १५ गते रोज २ शुभम्।

## इजलास नं.६

### १७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के. सी.,** *०७७-WH-०१२९, बन्दीप्रत्यक्षीकरण, सुवास महतसमेत वि. महानगरीय प्रहरी वृत्त, बानेश्वर, तिनकुने, काठमाडौंसमेत*

निवेदकहरूलाई अनुसन्धानको लागि भनी म्याद थपको अनुमति माग गर्दा म्याद थप हुनुपर्ने स्पष्ट आधार र कारण उल्लेख गर्न सकेको देखिँदैन। जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट निवेदकहरूको हकमा अनुसन्धानको लागि म्याद थप गर्दासमेत म्याद थप गर्नुपर्ने सम्मको औचित्यपूर्ण आधार र कारण उल्लेख गरेको पाइएन। यसका साथै, बन्दी निवेदकहरू विद्यार्थी रही अध्ययनरत भएको भन्ने निवेदन जिकिर रहेको छ। औचित्यपूर्ण कारण र आधारविना निवेदक विद्यार्थीहरूलाई अनुसन्धानका नाममा अध्ययनमा समेत असर पर्ने गरी थुनामा राख्न न्यायोचित नहुने।

निवेदकहरू सुवास महत र मेघेन्द्र न्यौपानेलाई अनुसन्धानको लागि म्याद थप गर्दाको औचित्य पुष्टि गर्ने कारण र आधार उल्लेख गरेको नदेखिएको र निवेदकहरूउपर प्रवृत्त भावना राखी बिनाकारण र आधार थुनामा राखेको देखिँदा निज निवेदक बन्दीहरूको थुनालाई कानूनसम्मत मान्न मिलेन । तसर्थ, निवेदकहरूको थुना गैरकानूनी र प्रवृत्त भएको देखिएकाले नेपालको संविधानको धारा १६,१७,१८ द्वारा प्रदत्त मौलिक हकको सन्दर्भमा ऐ.को धारा १३३(२),(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क),(ख) बमोजिम बन्दी निवेदकहरू सुवास महत र मेघेन्द्र न्यौपानेलाई यस अदालतको रजिस्ट्रारको रोहबरमा थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ।

इजलास अधिकृत : हेमराज शर्मा

इति संवत् २०७७ साल मंसिर २२ गते रोज २ शुभम्।

### १८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७६-WH-०१५५, बन्दीप्रत्यक्षीकरण, सुदिप ढकाल वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदकलाई सार्वजनिक हित तथा नैतिकता विरूद्धको कसुरमा जिल्ला प्रशासन कार्यालय, गोरखाबाट मिति २०७६।७।२२ देखि लागु हुने गरी पहिलो पटक दिन १०(दश) , मिति २०७६।८।२ देखि लागु हुने गरी दोस्रो पटक दिन १०(दश) र मिति २०७६।८।१२ गतेदेखि लागु हुने गरी दिन ५(पाँच) को म्याद थप गरी हिरासतमा राखिएको भन्ने जिल्ला प्रशासन कार्यालय, गोरखाको लिखित जवाफमा उल्लेख भएको देखिन्छ । मुद्दा हेर्ने अधिकारीको अनुमतिले म्याद थप गरी निवेदकलाई अनुसन्धानको सिलसिलामा थुनामा राखिएको भन्ने लिखित जवाफ बेहोरा भए पनि म्याद थप गर्नुपर्नेसम्मको औचित्य पुष्टि हुने स्पष्ट आधार र कारण खुलाउन नसकेको।

यी निवेदकलाई प्रस्तुत थुनाभन्दा अघि राखेको थुनाको सम्बन्धमा यस अदालतबाट यी निवेदकलाई थुना मुक्त गर्नु भनी ०७६-WH-०१२२ को रिट निवेदनमा विपक्षी जिल्ला प्रहरी कार्यालय

म्याग्दीको नाउँमा समेत मिति २०७६।७।२१ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको देखिन्छ । यस अदालतको उक्त आदेश मुताबिक म्याग्दी जिल्ला अदालतको स्रेस्तेदारको रोहबरमा निवेदकलाई छाडेको बताए पनि अदालतको हाताबाट नै निवेदकलाई पुनः पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, गोरखा पुर्‍याइएको भन्ने निवेदन जिकिर रहेको पाइन्छ । निवेदकलाई मिति २०७६।७।२१ मा म्याग्दी जिल्ला अदालतको स्रेस्तेदारको रोहबरमा छोडेको भन्ने जिल्ला प्रहरी कार्यालय, म्याग्दीको लिखित जवाफ बेहोरा भए पनि यी निवेदकलाई मिति २०७६।७।२२ बाट लागु हुने गरी सार्वजनिक शान्ति विरूद्धको कसुरमा म्याग्दी जिल्लाबाट गोरखा जिल्ला पुर्‍याई म्याद थप गरेको पाइँदा निवेदकलाई निरन्तर रूपमा बदनियत तथा प्रवृत्त भावनाले थुनामा राखेको देखिने ।

निवेदकलाई अनुसन्धानको लागि म्याद थप गर्दाको औचित्य पुष्टि गर्ने कारण र आधार उल्लेख गरेको नदेखिएको र निवेदकउपर प्रवृत्त भावना राखी बिनाकारण र आधार निरन्तर रूपमा निवेदकलाई थुनामा राखेको देखिँदा निज निवेदक बन्दीको थुनालाई कानूनसम्मत मान्न मिलेन । तसर्थ, निवेदकको थुना गैरकानूनी र प्रवृत्त भएको देखिएकाले नेपालको संविधानको धारा १६,१७,१८ द्वारा प्रदत्त हकको सन्दर्भमा ऐ.को धारा १३३(२),(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क),(ख) बमोजिम बन्दी निवेदक महेन्द्र भण्डारीलाई गोरखा जिल्ला अदालतको स्रेस्तेदारको रोहबरमा थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको ।

इजलास अधिकृत : मन्दिरा शाही

इति संवत् २०७६ साल मङ्सिर १६ गते रोज २ शुभम्।

१९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७६-WO-०३६७, उत्प्रेषणयुक्त परमादेशसमेत, दिपकराज भट्ट वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदकभन्दा कनिष्ठ छैटौँ तहका अधिकृतलाई विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सङ्घमा समायोजन गरेको तथ्य समायोजन विवरण सूचीबाट प्रस्ट भइरहेको छ भन्ने कुरा प्रस्तुत रिट निवेदनमा मुख्य रूपमा उठाइएको छ । सो सन्दर्भमा हेर्दा, कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ को उपदफा (१) बमोजिम सङ्घअन्तर्गतको पदमा समायोजन गर्नुपर्दा क्रमशः कार्यरत पदको ज्येष्ठता, कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता र उमेरको ज्येष्ठताका आधारमा समायोजन गर्नुपर्ने हुन्छ । रिट निवेदकको हकमा निजामती किताबखानाबाट प्राप्त नेपाल स्वास्थ्य सेवा, समूह हेल्थ इन्स्पेक्सन, पद हेल्थ असिस्टेन्ट/जनस्वास्थ्य निरीक्षक/जनस्वास्थ्य अधिकृत (पदनाम), तह ५/६/७ को ज्येष्ठता विवरणमा हुमबहादुर थापा ज्येष्ठता नं. २७० (सङ्केत नं. १०२५३६), सत्यदेवप्रसाद यादव ज्येष्ठता नं. २७१ (सङ्केत नं. १०९५५७) रहेकोसमेतका निजभन्दा कनिष्ठ छैटौँ तहका अधिकृतलाई सङ्घमा समायोजन गरी ज्येष्ठता नं. १०६ (सङ्केत नं. १७८५२६) रहेको सातौँ तहका अधिकृत निवेदकको समायोजन स्थानीय सेवाको पदमा कीर्तिपुर नगरपालिका, काठमाडौंमा गरिएको, समायोजन ऐनले सङ्घअन्तर्गतको पदमा समायोजन गर्नुपर्दा कार्यरत पदको ज्येष्ठतालाई पहिलो आधारको रूपमा मानेकोमा निज निवेदकको समायोजन गर्दा कार्यरत पदको ज्येष्ठतालाई आधार बनाई समायोजन गरेको नदेखिएकोले उक्त समायोजन कर्मचारी समायोजन ऐन, २०७५ को भावना अनुकुल भएको भन्न मिल्ने देखिएन । विपक्षी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारीको समायोजन गर्दा ज्येष्ठतासमेतका आवश्यक पर्ने विवरण

निजामती किताबखाना तथा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट माग गरिएकोमा यस मन्त्रालयलाई प्राप्त विवरण तथा कर्मचारीले समायोजन हुन चाहेको सङ्घ, प्रदेश र स्थानीय तहसमेतको विवरणलाई मध्यनजर गरी विद्युतीय माध्यमबाट समायोजन गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा लेखी पठाइएकोमा सोसम्बन्धी पत्राचारसमेतका अन्य कार्य स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाटै भएको हो भन्ने जबाफ दिएको पाइयो । त्यसैगरी, विपक्षी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले समायोजनका क्रममा प्राविधिक त्रुटि सच्याउन र चित्त नबुझेका कर्मचारीहरूको हकमा समायोजनको पत्र प्राप्त भएपश्चात् आफूलाई परेको मर्का उल्लेख गरी मन्त्रालयमा गुनासो गर्ने व्यवस्था गरिएको र सो गुनासो सम्बोधन गर्नका लागि मन्त्रालयमा ६ सदस्यीय "गुनासो व्यवस्थापन एवम् सहजीकरण समितिसमेत गठन भई मन्त्रालयस्तरबाट गुनासो व्यवस्थापन गर्ने कार्यसमेत भइरहेको भनी जबाफ दिएकोमा रिट निवेदकले मभन्दा कनिष्ठ छैटौँ तहका अधिकृतहरूको सङ्घमा समायोजन भएको र म निजहरूभन्दा ज्येष्ठ सातौँ तहको अधिकृत भए पनि सङ्घमा समायोजन नभएकोले समायोजन संशोधन गरी सङ्घमा समायोजन गरिपाउँ भनी मिति २०७६।०६।१६ मा दर्ता नं. ३६८८ कायम भएको उजुरीसमेत गरेकोमा सोको उचित समयमा सुनुवाइसमेत नगरी निजभन्दा कनिष्ठ कर्मचारीलाई सङ्घमा समायोजन गरी निजलाई अन्यत्र समायोजन गरिनुको औचित्यपूर्ण कारण उल्लेख गर्न नसकेकोबाट समेत उक्त समायोजन प्रक्रिया त्रुटिरहित छ भन्ने आधार नदेखिने ।

निवेदकको हकमा विपक्षी नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ७५९ मिति २०७६।०३।०१ को पत्रानुसार कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ बमोजिम स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको (सचिवस्तर) को मिति २०७६।०५।१३ को निर्णयानुसार स्थानीय सेवाको पदमा कीर्तिपुर नगरपालिका, काठमाडौंमा गरेको समायोजनसमेत रिट निवेदकलाई असर पर्ने सम्पूर्ण कामकारबाहीहरू नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, निवेदकलाई समायोजन गर्दा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ समेतको आधारमा निजले समायोजन फाराममा उल्लेख गरेको प्राथमिकताक्रम अनुसारको स्थानमा दरबन्दी मिलान हुने गरी पदस्थापन गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको जारी हुने ।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७८ साल चैत्र ६ गते रोज १ शुभम् ।

२०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७७-WH-०१२८, बन्दीप्रत्यक्षीकरण, तारा संजेल रावलसमेत वि. महानगरीय प्रहरी वृत्त, दरबारमार्ग, काठमाडौंसमेत*

निवेदकहरूलाई अनुसन्धानको लागि भनी म्याद थपको अनुमति माग गर्दा म्याद थप हुनुपर्ने स्पस्ट आधार र कारण उल्लेख गर्न सकेको देखिँदैन । जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट निवेदकहरूको हकमा अनुसन्धानको लागि म्याद थप गर्दासमेत म्याद थप गर्नुपर्नेसम्मको औचित्यपूर्ण आधार र कारण उल्लेख गरेको पाइएन । यसका साथै, बन्दी निवेदकहरूमध्ये तारा संजेल रावल र नवराज भट्ट विद्यार्थी रही अध्ययनरतसमेत रहेको र अन्य निवेदकहरू रक्तदान कार्यक्रममा सरिक हुन जाँदै गर्दा पक्राउ परेको भन्ने निवेदन जिकिर रहेको छ । औचित्यपूर्ण कारण र आधारविना निवेदक विद्यार्थीहरूलाई अनुसन्धानका नाममा अध्ययनमा असर पर्ने गरी र अन्य निवेदकहरूका हकमा समेत कानूनसम्मत आधारविना थुनामा राख्न न्यायोचित

नदेखिने।

निवेदकहरू तारा संजेल रावल, नवराज भट्ट, प्रेमबहादुर चलाउने र महेन्द्र सुनारलाई अनुसन्धानको लागि म्याद थप गर्दाको औचित्य पुष्टि गर्ने कारण र आधार उल्लेख गरेको नदेखिएको र निवेदकहरूउपर प्रवृत्त भावना राखी बिनाकारण र आधार थुनामा राखेको देखिँदा निज निवेदक बन्दीहरूको थुनालाई कानूनसम्मत मान्न मिलेन । तसर्थ, निवेदकहरूको थुना गैरकानूनी र प्रवृत्त भएको देखिएकाले नेपालको संविधानको धारा १६,१७,१८ द्वारा प्रदत्त मौलिक हकको सन्दर्भमा ऐ.को धारा १३३(२),(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क),(ख) बमोजिम बन्दी निवेदकहरू तारा संजेल रावल, नवराज भट्ट, प्रेमबहादुर चलाउने र महेन्द्र सुनारलाई यस अदालतको रजिस्ट्रारको रोहबरमा थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ।

इजलास अधिकृत : हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७७ साल मंसिर २२ गते रोज २ शुभम्।

**२१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७१-CR-०४९९, लागु औषध खैरो हेरोइन, नेपाल सरकार वि. गोकुल पुडासैनीसमेत*

पुनरावेदक वादी नेपाल सरकारले प्रतिवादी बिनोद श्रेष्ठलाई समेत प्रत्यर्थी बनाई पुनरावेदन गरे तापनि पुनरावेदक वादीले नै पुनरावेदनपत्रमा प्रतिवादी बिनोद श्रेष्ठको हकमा दाबीबमोजिम कसुर ठहर भई कैद तथा जरिवाना तोकिएको हुँदा सोतर्फ कुनै जिकिर लिइरहनु परेन भनी उल्लेख गरेबाट प्रत्यर्थी खण्डमा प्रतिवादी बिनोद श्रेष्ठको नाम उल्लेख भए पनि निज प्रतिवादी बिनोद श्रेष्ठको हकमा केही बोलिरहनुपर्ने नदेखिने।

अब, प्रतिवादी गोकुल पुडासैनीलाई लागु औषध बिक्री वितरणतर्फ सजाय हुनुपर्ने भन्ने जिकिरतर्फ विचार गर्दा, यी प्रतिवादी गोकुल पुडासैनी लागु औषध बरामद हुँदाको अवस्थामा प्रतिवादीहरू बाबुराम मोक्तान र बिनोद श्रेष्ठसँग साथै रहेको देखिँदैन। प्रतिवादी गोकुल पुडासैनीको साथबाट कुनै किसिमको लागु औषध बरामद भएको पनि पाइँदैन। लागु औषध बिक्री वितरण गर्नमा निज गोकुल पुडासैनीको संलग्नता रहेको तथ्य भरपर्दो तथा स्वतन्त्र प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिँदैन । यी प्रतिवादी गोकुल पुडासैनीले लागुऔषध सेवनसम्म गर्ने कुरा अदालतसमक्ष गरेको बयानमा नै स्वीकार गरेको पाइन्छ। प्रतिवादी गोकुल पुडासैनीले लागु औषधको बिक्री वितरण ओसारपसार गरेको प्रमाणको अभावमा अभियोग दाबीबमोजिमको बिक्री वितरण ओसारपसारको कसुर गरेको देखिन आएन । प्रतिवादी गोकुल पुडासैनीले लागुऔषध सेवन गर्नेसम्मको तथ्य अदालतसमक्षको बयानमा स्वीकारेको देखिन आएको हुँदा यी प्रतिवादी गोकुल पुडासैनीले सेवनसम्मको कसुर गरेको मान्नुपर्ने देखिने।

पुनरावेदक वादी नेपाल सरकारको प्रतिवादीहरू बाबुराम मोक्तान र बिनोद श्रेष्ठले प्रयोग गरेको मोटरसाइकल जफत हुनुपर्ने भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रस्तुत वारदातमा प्रयोग गरेको बा. ३२ प. ५९०० नं. को मोटरसाइकल सिस्नेरी-३ मकवानपुर बस्ने वीरबहादुर न्यासुरको नाममा रहेको सवारी दर्ता प्रमाणबाट देखिन्छ । यसरी मोटरसाइकलको सवारी धनी प्रस्तुत मुद्दाका प्रतिवादीहरू रहेको देखिन नआएको र सवारी धनीले प्रतिवादीहरूलाई मोटरसाइकल उक्त वारदातकै लागि प्रयोग गर्न दिएको भन्ने मिसिल संलग्न प्रमाणको अभावमा मोटरसाइकल जफत गर्नुपर्ने जिकिर मनासिब नदेखिने।

अतः माथि विवेचित कारण, आधार र प्रमाणहरूबाट प्रतिवादी गोकुल पुडासैनीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ)

बमोजिम जनही ६ महिना कैद सजाय र रू.५,०००।- (पाँच हजार) जरिवाना हुने गरी सुरू बारा जिल्ला अदालतको फैसला सदर ठहऱ्याउने गरी पुनरावेदन अदालत हेटौँडाबाट मिति २०७१।३।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिलनचन्द्र महत

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल पुष १४ गते रोज २ शुभम्।

२२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-००३१, ०७५-RC-०१५०, कर्तव्य ज्यान र जबरजस्ती चोरी (साधक), प्रकाश अधिकारी वि. नेपाल सरकार, नेपाल सरकार वि. सागर खड्का*

पुनरावेदक प्रतिवादी प्रकाश अधिकारी र अर्का प्रतिवादी सागर खड्काले सुरू अदालतमा बयान गर्दा मृतकसँग धनमाल रहेको भनी थाहा पाई उक्त धनमाल चोरी गर्ने उद्देश्यले मृतकहरूको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २७ मा स्थित भाडाको कोठामा बास बस्ने निहुँले गई बसी राति मृतकहरू सुती निदाएपछि निजहरूमाथि धारिलो हतियार खुकुरीले पटकपटक प्रहार गरी हत्या गरी निजहरूको कोठामा रहेको धनमाल चोरी गरेको तथ्य प्रतिवादीहरू स्वयम्ले मौकामा र अदालतमा स्वीकार गरेको देखिन्छ। साथै Force injuries to head and neck, Sharp force injuries to chest and abdomen in presence of multiple sharp force injuries on left upper limb consistent with defense injuries भनी शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइन्छ। यसै गरी मृतकहरूलाई शरीरको विभिन्न भागमा धारिलो हतियारले काटेको तथा प्रहार गरेको चोटपटक घाउहरू रहेको तथा खुकुरीसमेत सिरानीमुनि र नजिक रहेको घटनास्थल तथा लास जाँच मुचुल्कासमेतबाट धारिलो हतियार प्रहार गरी मृतकहरूको हत्या प्रतिवादीहरूको कर्तव्यबाट भएको पुष्टि हुन आएको देखियो। प्रतिवादीहरूले सल्लाह गरी योजना बनाई धारिलो हतियारसहित मृतक रामबहादुर भन्ने नेत्रबहादुर खड्का र कल्पना खड्काको बासस्थानमा गई बसी रातको मौकामा निज नेत्रबहादुर खड्का र कल्पना खड्कालाई धारिलो हतियारबाट हत्या गरी वारदात घटाई चोरीसमेत गरेबाट प्रतिवादीहरूको आपराधिक मनसाय रहेकोमा अन्यथा सोच्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.को कसुर गरी सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र उक्त वारदातमा मृतकहरूको हत्या गरी घटनास्थलबाट नगद एवम् धनमाल लिई गएर चोरीको महलको १ नं. र ४ नं. को कसुर गरेको तथ्य प्रतिवादी सागर खड्काबाट बरामद भएको नगद एवम् धनमाल र प्रतिवादी प्रकाश अधिकारीले चोरी गरी लगेको धनमाल शंकर अधिकारीबाट बरामद भई जाहेरवालाबाट सनाखतसमेत भई जाहेरवाला पक्षले बुझिलिएको मिसिल संलग्न कागजसमेतबाट देखिँदा प्रतिवादी सागर खड्काबाट बरामद भएको रू.२९,२७०।- र प्रतिवादी प्रकाश अधिकारीले लुकाइ राखेको रू.१,८६,३२८।- गरी जम्मा रू.२,१५,५९८।- को बिगो बराबरको धनमाल यी प्रतिवादीहरूले जबरजस्ती चोरी गरी लिए खाएको देखिँदा चोरीको महलको १४(२) बमोजिम प्रतिवादीहरूलाई १ महिना १५ दिन कैद भई रू.२,१५,५९८।- रूपियाँ जरिवाना हुने र सो जरिवानाबापतसमेत कैद हुने भनी सुरू जिल्ला अदालत काठमाडौंले ठहऱ्याएकोमा उच्च अदालत पाटनले कर्तव्य ज्यानतर्फ सुरू फैसला सदर गरेको र चोरीतर्फ ठहर भएको बिगो रू.२,१५,५९८।- को डेढी बढाई सजाय गर्नुपर्नेमा सोबमोजिम नगरेको हदसम्म सुरू फैसला केही उल्टी गरी चोरीको १४(२) नं. ले हुने रू.३,२३,३९७।– जरिवाना हुने ठहऱ्याई भएको

फैसला तत्कालीन प्रचलित कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा अन्यथा भन्न नमिल्ने।

प्रतिवादीहरू प्रकाश अधिकारी र सागर खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर ठहऱ्याई चोरीतर्फ ठहर भएको बिगो रू.२,१५,५९८।- को डेढी बढाई सजाय गर्नुपर्नेमा सो नगरेको हदसम्म सुरू फैसला केही उल्टी गरी मुलुकी ऐन, चोरीको महलको १४(२) नं. ले रू.३,२३,३९७।- जरिवाना हुने र जरिवानाबापत कैदसमेत हुने फैसला तत्कालीन कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा मिलेकै देखियो। तर प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू प्रकाश अधिकारी र सागर खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर ठहऱ्याई चोरीतर्फ केही उल्टी गरी बिगोको डेढी सजाय हुने ठहर गरी उच्च अदालत पाटनको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको र चोरीसम्बन्धी कसुरमा ठहर भएको जरिवाना नतिरेको हकमा सम्म थुनामा बस्नुपर्ने भए पनि जरिवानाबापत नै कैदको सजाय गर्ने व्यवस्था नभएकोले प्रस्तुत मुद्दामा प्रतिवादीहरू प्रकाश अधिकारी र सागर खड्कालाई सर्वस्व र जरिवानाबापत कैद सजाय हुने देखिएन। तसर्थ निज प्रतिवादीहरू प्रकाश अधिकारी र सागर खड्कालाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ। साथै सर्वस्वको सजाय नहुने भएकोले निज प्रतिवादीहरू प्रकाश अधिकारी र सागर खड्काको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ठहर्छ। उच्च अदालत पाटनबाट प्रतिवादी सागर खड्कासमेतलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरी मिति २०७३।१२।२० मा भएको फैसलाउपर प्रतिवादी सागर खड्काको पुनरावेदन परेको नदेखिए तापनि साधकको रोहमा उक्त फैसला विचार गर्दा न्यायोचित नै देखिएकोले निज सागर खड्काका हकमा दर्ता भएको साधकसमेत सदर हुने ठहर्छ।

इजलास अधिकृत : मन्दिरा शाही

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७६ साल भाद्र १ गते रोज १ शुभम्।

## २३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७७-WH-०१६५, बन्दीप्रत्यक्षीकरण, विशाल नेपाली वि. जिल्ला प्रहरी कार्यालय, भरतपुर, चितवनसमेत*

निवेदक नेकपा (विप्लव) समूहमा आबद्ध रहेको भन्ने आधारमा प्रहरीले निवेदकलाई पक्राउ गरी अभद्र व्यवहारसम्बन्धी कसुरमा जिल्ला प्रशासन कार्यालय, चितवनमा मुद्दा चलाई मिति २०७७।९।२७ मा माग भएको धरौटी बुझाए पनि सोही मितिमा निवेदकलाई जिल्ला प्रशासन कार्यालय, चितवन परिसरबाटै पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, धादिङ्गमा उपस्थित गराई अभद्र व्यवहार कसुर मुद्दामा अनुसन्धानको लागि जिल्ला प्रशासन कार्यालय, धादिङ्गबाट म्याद थप गरेबाट निवेदकलाई निरन्तर रूपमा थुनामा राखेको

देखिने । निवेदकलाई अनुसन्धानको लागि भनी म्याद थपको अनुमति माग गर्दा म्याद थप हुनुपर्ने स्पष्ट आधार र कारण उल्लेख गर्न सकेको देखिँदैन । जिल्ला प्रशासन कार्यालय, धादिङ्गबाट निवेदकको हकमा अनुसन्धानको लागि म्याद थप गर्दासमेत म्याद थप गर्नुपर्नेसम्मको औचित्यपूर्ण आधार र कारण उल्लेख गरेको पाइएन । औचित्यपूर्ण कारण र आधारबिना निवेदकको वैयक्तिक हक अधिकारमा असर पर्ने गरी थुनामा राख्न न्यायोचित नहुने ।

निवेदक मिति २०७७।९।२७ मा जिल्ला प्रशासन कार्यालय, चितवनबाट धरौटीमा छुटेकोमा सोही मितिमा पुनः धादिङ जिल्ला, निलकण्ठ नगरपालिका वडा नं. ३ बिचबजार चोकस्थित सडकमा पैदल हिँडिरहेको महिलाहरूलाई गालीगलौज गरी आवागमनमा बाधा पुऱ्याई हैरानी दिएको, प्रहरीसँग पनि अभद्र व्यवहार गरेकोले निवेदकलाई पक्राउ गरिएको हो भन्ने विपक्षीहरूको भनाइ रहेको देखिन्छ । चितवनमा थुनामा रही माग भएको धरौटी बुझाए पनि थुनाबाट मुक्त नगरी थुनामा रहेका निवेदकले पुनः धादिङ्गमा गएर अपराध गरेको भन्ने कुरा विश्वसनीय देखिँदैन । धादिङ्ग जिल्ला, निलकण्ठ नगरपालिका वडा नं.३ बिचबजार चोकस्थित सडकमा पैदल हिँडिरहेको महिलाहरूलाई गालीगलौज गरी आवागमनमा बाधा पुऱ्याई हैरानी दिएको भन्ने विपक्षीहरूको भनाइ रहेको तर यी निवेदकले गालीगलौज गरेको भनिएकी महिलाको कुनै उजुरी तथा जाहेरी परेको देखिँदैन । यी निवेदकको व्यवहारबाट पीडित भएकी महिलाको उजुरी नै नभएको अवस्थामा प्रहरी आफैँले निजमाथि गालीगलौज गरेको भनी मनगढन्ते कारण बनाई हिरासतमा लिएकोलाई कानूनसम्मत थुना भन्न मिल्दैन । यस अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन विचाराधीन रहेको र साधिकार अर्धन्यायिक निकायबाट माग भएको धरौटी बुझाई थुनामुक्त हुने अवस्थामा रहेको व्यक्तिलाई निरन्तर बन्दी बनाइराख्ने प्रवृत्त भावना राखी कार्यालय परिसरबाटै उसै बखत पक्राउ गरी कब्जामा लिई अर्को जिल्लामा लगि पुनः मुद्दा चलाउने प्रक्रिया अगाडि बढाउने जस्ता कार्यबाट राज्यको स्वेच्छाचारिता प्रदर्शित हुन पुगेको देखिन्छ । निवेदकलाई थुनामा राखी निरन्तर बन्दी बनाइराख्ने उद्देश्यले विभिन्न बहाना बनाई पटकपटक थुनामा राख्ने विपक्षीहरूको कार्यलाई न्यायोचित मान्न सकिँदैन । राज्यद्वारा गरिने यस्ता गैरकानूनी कार्यलाई रोकी नागरिकको वैयक्तिक हकको संरक्षण गर्नु अदालतको कर्तव्य हुने ।

निवेदक लालसिंह तामाङ्गलाई अनुसन्धानको लागि म्याद थप गर्दा जिल्ला प्रशासन कार्यालय, धादिङ्गबाट म्याद थप गर्दाको औचित्य पुष्टि गर्ने आधार र कारण उल्लेख गरेको नदेखिएको र निवेदकउपर प्रवृत्त भावना राखी बिनाआधार र कारण अघिल्लो मुद्दाको धरौटी बुझाई छुटी जाने क्रममा रहेको र यस अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन विचाराधीन रहेको अवस्थामा जिल्ला प्रशासन कार्यालय, चितवनको परिसरबाट पक्राउ गरी निरन्तर रूपमा निवेदकलाई थुनामा राखेको देखिँदा निज निवेदक बन्दीको थुनालाई कानूनसम्मत मान्न मिलेन । तसर्थ, निवेदकको थुना गैरकानूनी र प्रवृत्त भएको देखिएकाले नेपालको संविधानको धारा १६, १७, १८ द्वारा प्रदत्त मौलिक हकको सन्दर्भमा ऐ.को धारा १३३(२),(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क), (ख) बमोजिम बन्दी निवेदक लालसिंह तामाङ्गलाई धादिङ्ग जिल्ला अदालतको स्रेस्तेदारको रोहबरमा थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ ।

इजलास अधिकृत : हेमराज शर्मा

इति संवत् २०७७ साल माघ १४ गते रोज ४ शुभम् ।

**२४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाश कुमार ढुङ्गाना**, *०७६-RC-०१४२, कर्तव्य*

*ज्यान, नेपाल सरकार वि. प्रल्हाद भुजेल*

प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा "विगतदेखिका चिनजानका विवेक भण्डारीसँग मिति २०७१।५।७ गते लेखनाथको बुढी बजारमा भेट भएपछि सोही स्थानमा रहेको होटलमा पुऱ्याई खाजा नास्ता रक्सी खाएका हौँ। मेरो घर माथि डाँडामा पर्ने भएको र निजसँग सवारी साधन रहेकोले निजलाई मेरो घरसम्म पुऱ्याइदिन भनी मोटरसाइकलमा चढी मेरो घरतर्फ जाने क्रममा खरानेफाँटमा पुग्दा ठुलो पानी परेपछि रामकृष्ण लामिछानेको पसलमा बस्यौं। उक्त पसलमा पनि १/१ वटा बियर खाई पानी बिसाएपछि जाने क्रममा खरानीफाँट पार गरी उकालो चढ्ने क्रममा निजले मोटरसाइकलको पेट्रोल सकियो भनी मोटरसाइकल रोकी आ-आफ्नो बाटो जाउँ भने, मलाई घरसम्म पुऱ्याउन आलटाल गरेको हो कि भनी मैले मोटरसाइकल लेउ म तेल हाली आउँछु भनी बिलबुक खोसेँ, सोही क्रममा विवेकले फोकटमा रक्सी खान्छस्। तसँग के पैसा छ र तेल हाल्छस् भनेपछि मलाई ज्यादै रिस उठ्यो, मैले मोटरसाइकलको बिलबुक उसैलाई फालिदिएँ, बिलबुक टिप्न लागेको मौकामा निजलाई मार्ने उद्देश्यले बाटोछेउमा रहेको ढुङ्गा उप्काई उक्त ढुङ्गाले निजको टाउकोमा बजाएपछि निज जमिनमा ढले, मैले अर्को ढुङ्गा टिपी प्रहार गर्दा निजको टाउको फुटी रगत बगेको देखेपछि अब त पक्कै मर्छ होला भनी उक्त स्थानबाट भागेको हुँ" भनी बयान गरेको तथा अदालतमा समेत प्रतिवादीले ढुङ्गाले हानी सोही चोटपटकबाट उपचारको क्रममा मृतकको मृत्यु भएको भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ। मृतक विवेक भण्डारीलाई प्रतिवादीले कर्तव्य गरी मारेकोले कारबाही गरिपाउँ भनी जाहेरवाला डम्बरकुमारी भण्डारी र मृतकको छोरा अर्जुनबहादुर भण्डारीले जाहेरी दिएको र सो जाहेरीलाई पुष्टि हुने गरी अदालतमा उपस्थित भई जाहेरवालाले बकपत्रसमेत गरिदिएको पाइन्छ। प्रतिवादीले मार्ने उद्देश्यले ढुङ्गाले निर्मम तरिकाले पटकपटक प्रहार गरी मृतकलाई मारेको हुँदा कडा कारबाही होस् भनी मौकामा बुझिएका व्यक्ति रत्न भण्डारी, भोजराज कुँवर, दिर्घबहादुर भण्डारीले र मौकामा कागज गर्ने रामकृष्ण लामिछानेले अदालतमा समेत गरिदिएको बकपत्र, लास जाँच मुचुल्कामा मृतकको पाखुरा, खुट्टामा निलडाम तथा टाउकोमा चोट देखिएको, पोष्टमार्टम रिपोर्टमा समेत Blunt injury to the head भन्ने उल्लेख भएको पाइँदा यिनै प्रतिवादी प्रल्हाद भुजेलले विवेक भण्डारीलाई निर्मम तरिकाले ढुङ्गाले पटकपटक प्रहार गरी सोही चोटको कारण विवेक भण्डारीको मृत्यु भएको देखिँदा यी प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर गरेको देखिने।

अत: माथि विवेचित जाहेरवालाहरूको जाहेरी र बकपत्र, प्रतिवादीको साबिती बयान, मौकामा बुझिएका व्यक्तिहरूले गरेको कागज र बकपत्र, लास जाँच प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादी प्रल्हाद भुजेलले मृतक विवेक भण्डारीलाई ढुङ्गाले पटकपटक टाउकोमा प्रहार गरी सोही चोटको कारण विवेक भण्डारीको मृत्यु हुन गएको देखिँदा प्रतिवादी प्रल्हाद भुजेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू कास्की जिल्ला अदालतबाट मिति २०७१।१२।२५ मा भएको फैसला मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्वको सजाय गर्न नमिल्ने हुँदा जन्मकैदको सजाय गर्नेसम्म ठहराएको पोखरा उच्च अदालतको मिति २०७६/१/१० को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : टिकेन्द्रवीर जङ्ग राणा

इति संवत् २०७७ साल साउन १४ गते रोज ४ शुभम्।

## २५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०६८-WO-*

*००७५, उत्प्रेषणसमेत, रामशरण लामिछाने (खत्री) वि. गुठी संस्थान, केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंसमेत*

प्रस्तुत विवादमा निवेदक रामशरण लामिछानेले विवादको कि.नं. १२३ को जग्गाको मोही नामसारीको लागि विपक्षी गुठी संस्थान शाखा कार्यालय, भक्तपुरमा द.नं. ३३३ मिति २०५७।६।९ मा निवेदन दिएको देखिन्छ । साथै उक्त जग्गाको मोही नामसारी मेरो नाममा गरिपाउँ भनी विपक्षी सानुमाया दंगालले समेत गुठी संस्थान शाखा कार्यालय, भक्तपुरमा द.नं. १०९१ मिति २०६६।१०।२२ मा निवेदन दर्ता गरेको पाइन्छ । यसप्रकार कि.नं. १२३ को जग्गाको मोही हकको विषयमा तेरो मेरोको अवस्था सिर्जना भएको अवस्थामा विवादित कि.नं. १२३ को जग्गाको मोही हक नामसारी गरिदिने गरी गुठी संस्थान केन्द्रीय कार्यालयबाट मिति २०६८।२।३० मा निर्णय गरी निर्णयबमोजिम नामसारी गरिदिनु भनी मालपोत कार्यालयलाई परिपत्र गरेको पाइयो । निवेदक महेन्द्रनाथ उपाध्यायसमेत र विपक्षी गुठी संस्थान केन्द्रीय कार्यालय रामशाहपथ, काठमाडौंसमेत भएको ने.का.प. २०५३, नि.नं. ६१९१ को उत्प्रेषण मुद्दामा "गुठी संस्थान ऐन, २०३३ को दफा २६ ले गुठी अधीनस्थ जग्गाको बन्दोबस्त गर्नेसम्म व्यवस्था गरेको तर गुठी जग्गाको मोहियानी हकको तेरो मेरो परेकोमा सो विषयको निर्णय गर्ने अधिकार गुठी संस्थानलाई प्रदान गरेको नदेखिएको अवस्था छ । भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३१(क) ले मोहियानी हकको तेरो मेरोसम्बन्धी विवादको निर्णय गर्ने अधिकार भूमि सुधार अधिकारीलाई प्रदान गरेको र सो दफाले गुठीको जग्गालाई बाहेक गरेकोसमेत देखिन नआएबाट गुठी जग्गाको हकमा समेत सबुत प्रमाण बुझी मोहीसम्बन्धी तेरो मेरो प्रश्नमा निर्णय गर्ने अधिकार भूमिसुधार अधिकारीलाई भएको मान्नुपर्ने" भन्ने व्याख्या भई सिद्धान्तसमेत प्रतिपादन भइरहेको पाइने ।

प्रस्तुत विवादमा निवेदक रामशरण लामिछानेले विवादको कि.नं. १२३ को जग्गाको मोही नामसारीको लागि विपक्षी गुठी संस्थान शाखा कार्यालय, भक्तपुरमा मिति २०५७।६।९ मा निवेदन दिएको र सोही कित्ता नं. १२३ कै जग्गाको मोही नामसारी मेरो नाममा गरिपाउँ भनी विपक्षी सानुमाया दंगालले समेत गुठी संस्थान शाखा कार्यालय, भक्तपुरमा मिति २०६६।१०।२२ मा निवेदन दर्ता गरेको देखिएबाट मोही तेरो मेरोसम्बन्धी विवाद उत्पन्न भएको मान्नुपर्ने नै देखियो । यसप्रकार कि.नं. १२३ को जग्गाको मोही हक तेरो मेरोको विवाद उत्पन्न भएपछि मोही हक तेरो मेरोको विवाद निरूपण गर्ने अधिकार नभएको विपक्षी गुठी संस्थान केन्द्रीय कार्यालयबाट विवादित कि.नं. १२३ को जग्गाको मोही हक नामसारी गरिदिने गरी भएको मिति २०६८।२।१६ को परिपत्र, विपक्षी गुठी संस्थान शाखा कार्यालय, भक्तपुरको मिति २०६८।२।३० को निर्णय र सो निर्णयबमोजिम नामसारी गरिदिनु भनी मालपोत कार्यालय, भक्तपुरलाई लेखेको च.नं.१६७७ मिति २०६८।३।१ को परिपत्र र सो परिपत्रबमोजिम विपक्षी मालपोत कार्यालय, भक्तपुरले विपक्षी सानुमाया दंगालको नाममा नामसारी गरिदिने गरी गरेको मिति २०६८।३।३ को निर्णय तथा सोबमोजिम भएका सम्पूर्ण काम कारबाहीहरू उल्लिखित कानूनी प्रावधान र प्रतिपादित सिद्धान्तको रोहमा कानूनसम्मत नदेखिने ।

तसर्थ माथि विवेचित आधार, कारणबाट विपक्षी सानुमाया दंगालका नाममा भक्तपुर जिल्ला, नगरकोट गा.वि.स. वडा नं. १/ख कि.नं. १२३ क्षेत्रफल १-११-०-० जग्गाको मोही हक नामसारी गरिदिने गरी विपक्षी गुठी संस्थान केन्द्रीय कार्यालयबाट भएको मिति २०६८।२।१६ को परिपत्र, विपक्षी गुठी संस्थान शाखा कार्यालय, भक्तपुरको मिति २०६८।२।३० को निर्णय र सो निर्णयबमोजिम नामसारी गरिदिनु भनी मालपोत कार्यालय भक्तपुरलाई लेखेको

च.नं. १६७७ मिति २०६८।३।१ को परिपत्र र सो परिपत्रबमोजिम विपक्षी मालपोत कार्यालय, भक्तपुरले विपक्षी सानुमाया दंगालको नाममा नामसारी गरिदिने गरी मिति २०६८।३।३ मा गरेको अनधिकृत निर्णय तथा सोबमोजिम भएका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब मोहियानी हक निर्धारण गर्ने सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ तथा भूमिसम्बन्धी नियमबमोजिम १ नं. मोहीको लगत, २ नं. प्रकाशित अनुसूची, ४ नं. बमोजिमको जोताहाको अस्थायी निस्सा र ३ नं.बमोजिमको मोहियानी हकको प्रमाणपत्र तथा प्रमाण कागजात बुझी जो जे निर्णय गर्नुपर्ने हो गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर अपरेटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७७ साल चैत्र १२ गते रोज ५ शुभम्।

२६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना**, *०७५-CR-१७१०, जबरजस्ती करणी, रवि क्षेत्री वि. नेपाल सरकार*

मिति २०७४।०४।१ गते अं.२०:०० बजे वर्ष ८ की परिवर्तित नाम बुटवल २ लाई प्रतिवादी रवि क्षेत्रीले मिठाई किनिदिन्छु भनी ललाइफकाइ सडकछेउमा लगी जबरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको किटानी जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सोही किटानी जाहेरीलाई समर्थन हुने गरी जाहेरवालीले अदालतमा बकपत्रसमेत गरेको देखिन्छ। पीडित परिवर्तित नाम बुटवल २ ले अदालतमा गरेको बकपत्रमा प्रतिवादी रवि क्षेत्रीले मेरो कपडा जामा खोली आफ्नो सुसुले मेरो सुसु गर्नेमा ४, ५ पटक घोचेको हो भन्ने बेहोरा उल्लेख गरेको देखियो। प्रतिवादी रवि क्षेत्रीले अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरे पनि मौकाको बयानमा मिति २०७४।४।१ गते राति परिवर्तित नाम बुटवल २ लाई एक्लै हिँडिरहेको देखी यौन इच्छा आई निजलाई बोलाइ मिठाई दिन्छु भनी सडकको छेउमा सुताई निजको कट्टु खोलिदिई मेरो पाइन्टको चेन खोली मेरो लिङ्ग निकाली निजको योनीको बाहिर बाहिर मेरो लिङ्ग केही समय घर्षण गराउँदा मेरो लिङ्गबाट वीर्य स्खलन भएपछि निजको कट्टु लगाइदिई पठाएको हुँ भनी कसुरमा साबित भई बयान गरेको देखिने।

वस्तुस्थिति मुचुल्का गर्ने राजेशकुमार नेपाली, कृष्ण परियार र कुमार गुरूङ्गसमेतले मिति २०७४।४।१ गते अं.२०:०० बजे प्रतिवादी रवि क्षेत्रीले पीडित परिवर्तित नाम बुटवल २ लाई मिठाइदिन्छु भनी विभिन्न लोभ प्रलोभनमा पारी ललाइफकाइ गरी जबरजस्ती करणी गरेको थाहा पाएको हुँ भनी एकै मिलानको कागज गरेको पाइयो । यौनजन्य अपराधसम्बन्धी शारीरिक परीक्षण प्रतिवेदनमा पीडितको hymen ruptured भएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। यसरी पीडितको घटना विवरण कागज र अदालतसमक्षको बकपत्रलाई समर्थन हुने गरी पेस भएको पीडितको शारीरिक परीक्षणबाट देखिएको यौनाङ्गको अवस्था, जाहेरवालीले किटानी जाहेरीलाई समर्थन हुने गरी अदालतसमक्ष गरेको बकपत्र, पीडितको अदालतसमक्ष भएको बकपत्र, प्रतिवादीले मौकामा साबित भई गरेको कागज, वस्तुस्थिति मुचुल्का गर्ने व्यक्तिहरूको कागजलगायतका प्रमाण कागजातहरूबाट पीडितउपर जबरजस्ती करणीको वारदात स्थापित भएको र सो वारदातमा प्रतिवादीको संलग्नता रहेको पाइन्छ । प्रतिवादीले आफ्नो यौनाङ्गको परीक्षण नगराएको, आफूले कसुरमा इन्कार रही अदालतमा बयान गरेको र सुनी पाएको कुरा प्रमाणमा लिन नहुने भनी लिएको पुनरावेदन जिकिर मिसिल सम्बद्ध आधार

र प्रमाणबाट पुग्न नसक्ने देखिँदा निजले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरी दरखास्त, पीडितको घटना विवरण कागज र अदालतसमक्षको बकपत्र, घटना विवरण कागज गर्ने व्यक्तिहरूको कागज, पीडितको यौनजन्य अपराधसम्बन्धी शारीरिक परीक्षण प्रतिवेदनलगायतका सम्बद्ध प्रमाणहरूसमेतबाट जबरजस्ती करणीको वारदात स्थापित भएको उक्त कसुरमा प्रतिवादीको संलग्नता पुष्टि भएको देखिँदा प्रतिवादी रवि क्षेत्रीले मुलुकी ऐन जबरजस्ती करणीको महलको १ र ३(१) नं को कसुर अपराध गरेकोमा निजलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहर गरी ऐ. महलको १० नं. बमोजिम पीडित नाबालिकालाई क्षतिपूर्तिबापत प्रतिवादीबाट रू.५०,०००।– (पचास हजार) भराइदिने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७४।०८।११ को फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।०६।०७ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : सुभद्रा जि.सी.

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल भाद्र १२ गते रोज १ शुभम्।

**२७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७४-CI-११९९, अंशबन्डा, रमेशकुमार श्रेष्ठ वि. उमा श्रेष्ठ*

वादी उमा श्रेष्ठ, प्रतिवादीहरू रमेशकुमार श्रेष्ठ र दिनेशकुमार श्रेष्ठ पिता गणेशकुमार श्रेष्ठ र आमा सुभद्रा श्रेष्ठका सन्तान भई एकाघर सगोलका अंशियार रहेको देखिन्छ । प्रतिवादी दिनेशकुमार श्रेष्ठले सुरू म्यादै गुजारी चित्त बुझाइ बसेको देखिँदा निजको हकमा केही बोलिरहनु परेन। वादी उमा श्रेष्ठले अंशबन्डा गर्न बाँकी भएकाले अंश माग गरेकोमा पहिले नै अंशबापतको सम्पत्ति वादीले हालैको बकसपत्रमार्फत लिइसकेको भन्ने प्रतिवादी रमेशकुमार श्रेष्ठले जिकिर लिएको पाइन्छ। वादी उमा श्रेष्ठले मिति २०६३।४।१७ मा आमा सुभद्रा श्रेष्ठबाट पाएको हालैको बकसपत्रको लिखत र रमा श्रेष्ठबाट सोही मितिमा पाएको हालैको बकसपत्रको लिखतमा रिझ गुणबापत हालैको बकसपत्र गरिदिएको भन्ने बेहोरा रहेको र कहीँकतै पनि उमा श्रेष्ठले पाउने अंशबापत बकस गरिदिएको भन्ने देखिएको छैन। उक्त दुवै लिखतमा यी पुनरावेदक प्रतिवादी रमेशकुमार श्रेष्ठ साक्षीसमेत बसेको देखिँदा उक्त कागजमा उल्लिखित बेहोराभन्दा फरक जिकिर लिएकोले पुनरावेदकको सो जिकिर न्यायोचित मान्न मिलेन। वादी उमा श्रेष्ठ तथा पुनरावेदक प्रतिवादीहरूसमेत उपर अर्की बहिनी गिता श्रेष्ठले दिएको दे.नं. ९४/२८४ नं. को अंश मुद्दामा यी पुनरावेदक प्रतिवादी रमेशकुमार श्रेष्ठसमेतले तायदाती फाँटवारी विवरण पेस गर्दा हाल बन्डा हुनुपर्ने भनी दाबी गरेको कि.नं. ६१५ र कि.नं. ८५४ को जग्गा उक्त अघिल्लो अंश मुद्दामा उमा श्रेष्ठका नाममा रहेको बन्डा नलाग्ने सम्पत्ति हो भनी उल्लेख गरिसकेपछि सोही सम्पत्ति हाल आएर बन्डा हुनुपर्छ भनी जिकिर लिन यी पुनरावेदक प्रतिवादी रमेशकुमार श्रेष्ठ प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम विबन्धित रहेको हुँदा निज पुनरावेदकको पुनरावेदन जिकिर मनासिब नदेखिने।

पुनरावेदक प्रतिवादीले आमाको उपचार गर्दा लागेको ऋण बन्डा नभएको भनी लिएको जिकिरतर्फ हेर्दा, आमा सुभद्रा श्रेष्ठको मिति २०६६।४।२३ मा मृत्यु भएपछि निजको उपचार खर्च सम्बन्धमा चितवन जिल्ला अदालतबाट रू.६,००,०००।- उपचार खर्च निर्धारण गरी मिति २०६७।६।१ मा आदेश भई अन्य अंशियारबाट यी पुनरावेदकले सो रकम बुझिसकेको देखिन्छ । आमाको उपचार खर्च समान अंशियारमा फरक फरक हुने भन्न मिल्दैन। वादीको हकमा पनि अघिल्लो अंश मुद्दाबाट निर्धारण भएको उपचार

खर्चबापतको ऋण कानूनबमोजिम हुने नै हुँदा वादी उमा श्रेष्ठले मात्र बढी ऋण बेहोर्नुपर्ने भन्ने पुनरावेदन जिकिरसमेत न्यायोचित नदेखिने।

एकासगोलको अंशियारबिच भएको बकसपत्रलाई मान्यता दिँदा अंश बराबरी गर्नुपर्ने कानूनी सिद्धान्तको र ने.का.प. २०७१, अङ्क ८, नि.नं. ९२३२ मा प्रतिपादित सिद्धान्त प्रतिकूल फैसला भएको भनी यस अदालतबाट मिति २०७४।१०।२३ मा मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान भएको सन्दर्भमा हेर्दा, उक्त माथि उल्लिखित अंश दर्ता मुद्दाका वादी प्रतिवादी एकाघर सगोलका अंशियार रहेका र प्रतिवादी रमलकुमारीलाई बुबा सिताराम साहले पैत्रिक सम्पत्ति बकसपत्र गरिदिँदा सगोलका अन्य अंशियारको मन्जुरी रहेको देखिँदैन। तर प्रस्तुत मुद्दामा यी प्रत्यर्थी वादीलाई पैत्रिक सम्पत्ति हालैको बकसपत्र गरिदिँदा पुनरावेदकले समेत मन्जुरी दिई उक्त बकसपत्रको कागजमा साक्षी बसेको हुँदा माथि उल्लिखित नजिर र प्रस्तुत मुद्दाको तथ्यमा सारभूत रूपमा भिन्नता रहेकोले उक्त नजिर प्रस्तुत मुद्दामा आकर्षित हुने नदेखिँदा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिइएको आधार कारणसँग सहमत हुन नसकिने।

गीतादेवी श्रेष्ठले दायर गरेको अंश मुद्दाको फैसलाबाट कायम भएको ऋण दामासाहीले बेहोर्ने र वादीले निजी आर्जन भनी देखाएको सम्पत्तिबाहेकको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट तीन भागको एक भाग अंश वादीले प्रतिवादीबाट छुट्याइलिन पाउने ठहऱ्याएको सुरू चितवन जिल्ला अदालतको मिति २०७१।२।२७ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौँडाको मिति २०७३।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७९ साल असोज ४ गते रोज ३ शुभम्।

**२८**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७६-RC-०१४४, ०७६-RC-०१५६, कर्तव्य ज्यान, नेपाल सरकार वि. सुमन फुरूम्बु लिम्बु, नेपाल सरकार वि. अभि पालुङवासमेत*

वारदातका प्रत्यक्षदर्शीको रूपमा रहेका किरण राई र सुमन फुरूम्बु लिम्बुले सो घटनाको बारेमा प्रतिवादीहरूलाई कसुरदार देखाई व्यक्त गरेका उल्लिखित कुरालाई प्रमाणमा लिन मिल्ने नै देखियो। यसै गरी घटना विवरण कागज गर्ने इन्द्र पौडेल, रामकुमारी सार्की र वस्तुस्थिति मुचुल्का गर्ने भीमकला बनेम, सन्तोष पतङवासमेतले निज प्रतिवादीहरूले साबाहाङ लिम्बुलाई जोखिमी हतियारले शरीरको विभिन्न भागमा प्रहार गरी पेटमा छुरी रोपी आन्द्रासमेत निकाली निर्ममतापूर्वक कर्तव्य गरी मारेको हो भनी गरेको बयान कागजको बेहोरासँग मेल खाने गरी अदालतसमक्ष बकपत्र गरिदिएको देखिने।

मृतक टाइगर भन्ने सावाहाङ लिम्बुको शव परीक्षण प्रतिवेदनमा Penetrating injuries over the Abdomen inflicted by sharp weapon causing the tear of Aorta अर्थात् धारिलो हतियारको चोटले सावाहाङ लिम्बुको मृत्यु हुन पुगेको भन्ने बेहोरा उल्लेख रहेको पाइन्छ। वारदातमा प्रयोग गरिएको खुकुरी थान-१, फलामको आधा के.जी.को ढक थान-१ र फलामको १ के.जी.को ढक थान-१ समेत जिन्सीमा आम्दानी बाँध्न प्रयोजनार्थ अभियोग पत्रसँगै पेस हुन आएको अवस्था छ। वारदातमा प्रयोग भएको १ के.जी. को ढक १ थान र आधा के.जी.को ढक-१ थान मेरो ढक हो भनी घटना विवरण कागज गर्ने रामकुमारी सार्कीले सनाखत गरिदिएको पाइन्छ। उल्लिखित कानूनी प्रावधान एवम् तथ्यलाई मध्यनजर गर्दा यिनै प्रतिवादीहरूले बरामदित धारिलो हतियार प्रयोग गरी सावाहाङ लिम्बुलाई कर्तव्य गरी मारेको

स्थापित हुने ।

यी प्रतिवादीहरूले कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरे पनि मेरो श्रीमान्लाई पूर्वयोजना बनाई, बाटो ढुकी, घेरा हाली धारिलो हातहतियार प्रयोग गरी मारेको भनी निजहरूउपर परेको किटानी जाहेरी, जाहेरवालाले सो जाहेरी बेहोरालाई समर्थित हुने गरी अदालतसमक्ष गरेको बकपत्र, सावाहाङ लिम्बुलाई यी प्रतिवादीहरूले फलामको ढक र छुरीसमेतले हानी, रोपी, सावाहाङ लिम्बुलाई मारेको हो भन्ने आफूले गरेको बयान कागज बेहोरासँग मेल खाने गरी घटनाका प्रत्यक्षदर्शीहरूले अदालतसमक्ष गरेका बकपत्र, धारिलो हतियारको जोखिमयुक्त घाउखतको कारण सावाहाङ लिम्बुको मृत्यु हुन गएको हो भन्ने निज मृतकको शव परीक्षण प्रतिवेदनसमेतका तथ्य प्रमाणबाट यी प्रतिवादीहरू रूविन पालुङवा, सुमन फुरूम्बु लिम्बु, अभि पालुङवासमेतले टाइगर भन्ने सावाहाङ लिम्बुलाई कर्तव्य गरी मारेको होइन भन्न सकिने अवस्था नदेखिने ।

मुलुकी ऐनको ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय (१) मा रहेको धार भएको वा नभएको जोखमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जति जना भई हतियार छाडेको छ उति जना ज्यानमारा ठहर्छन् । सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ भन्ने कानूनी प्रावधानको आलोकमा, यी प्रतिवादीहरू रूविन पालुङवा सुमन फुरूम्बु लिम्बु एवम् अभि पालङवा लिम्बुसमेतलाई ऐ.को ज्यानसम्बन्धी महलको १३ नं.को देहाय १ नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई भएको सुरू ताप्लेजुङ्ग जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलास इलामको मिति २०७६।०५।२४ र २०७६।०७।१८ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरू सुमन फुरूम्बु लिम्बु, रूबिन पालुङवा लिम्बु र अभि पालुङवा लिम्बुलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू ताप्लेजुङ्ग जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलास, इलामको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।०५।०१ देखि लागु भएको मुलुकी अपराध संहिता,२०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यी संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२(ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी सुमन फुरूम्बु लिम्बु, रूविन पालुङवा लिम्बु र अभि पालुङवा लिम्बुलाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ निज प्रतिवादीहरूलाई जन्म कैदको मात्र सजाय हुने ठहर्छ । साथै सर्वस्वको सजाय नहुने भएकोले निजहरूको भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिदिएको भए फुकुवासमेत हुने ।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल जेठ १६ गते रोज २ शुभम् ।

२९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना**, *०७२-CR-१४५७, ०७२-CR-१४५९, जालसाजी, कुमार राई वि. पंचलाल*

*चौधरी, कुमार राई वि. आबु भण्डारी (राई)*

पुनरावेदक/वादी कुमार राईको पुनरावेदन जिकिरतर्फ हेर्दा, मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ८(ग) कि.नं. ३६९ को ०-१८-५-० जग्गा दिने आबु भण्डारी (राई) लिने पंचुलाल चौधरी र.नं. ४४६३ मिति २०६७।०२।०४ मा मालपोत कार्यालय बेलबारी, मोरङबाट राजीनामा पारित गराई लिनुदिनु गरेको देखिन्छ । फिरादपत्र हेर्दा यी पुनरावेदक/वादी कुमार राईको वतन जिल्ला झापा, दमक नगरपालिका, वडा नं. १२ रहेको पाइन्छ भने फिरादपत्र तथा राजीनामा लिखतसमेतबाट प्रत्यर्थी/प्रतिवादीमध्येका पंचुलाल चौधरीको वतन मोरङ जिल्ला, दुलारी गा.वि.स., वडा नं. ८ र आबु भण्डारी (राई) को वतन मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. १ रहेको देखिन्छ । यसबाट प्रस्तुत मुद्दामा वादी तथा प्रतिवादीहरूको वतन मोरङ जिल्लाअन्तर्गत रहेको र निजहरूले मोरङ जिल्लामा रहेको विवादित कि.नं. ३६९ को जग्गा मोरङमै रहेको मालपोत कार्यालय, बेलबारीबाट राजीनामा पारित गराई लिनुदिनु गरेको तथ्य निर्विवाद देखिन आयो । मुलुकी ऐन, अ.बं. २९ नं. को देहाय (३) मा "यसै दफाको देहाय (२)मा लेखिएबाहेक अरू फौजदारी मुद्दा अपराध भएका इलाका वा प्रतिवादी रहेको इलाकाको अड्डामध्ये जहाँ फिराद दिन्छ सोही अड्डाबाट हेर्नुपर्छ" भनी फौजदारी मुद्दाको सम्बन्धमा अदालतको क्षेत्राधिकारको विषयमा उल्लेख भएको पाइन्छ । मुलुकी ऐन अ.बं. २९ नं.को देहाय (२) मा उल्लिखित फौजदारी मुद्दाको सूचीमा जालसाजी मुद्दा उल्लेख नभएको सन्दर्भमा ऐनमा रहेको उल्लिखित अभिव्यक्तिबाट प्रस्तुत मुद्दाका वादीले प्रस्तुत जालसाजी मुद्दाको फिराद जालसाजी अपराध भएको इलाका वा प्रतिवादी रहेको इलाकाको अड्डामध्ये कुनै एक अड्डामा मात्र दिन सक्ने देखिन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा अपराध भएको इलाका र प्रतिवादीहरू रहेको इलाका मोरङ जिल्ला रहेबाट सोहीबमोजिम सम्बन्धित जिल्ला अदालतमा नै वादीले प्रस्तुत फिराद दायर गर्नुपर्नेमा काठमाडौं जिल्ला अदालतमा फिराद दायर गरेकोले सो फिराद कानूनबमोजिमको क्षेत्राधिकार भएको अदालतमा दर्ता भएको देखिएन । यसरी प्रस्तुत मुद्दाको फिराद क्षेत्राधिकारभित्रको नदेखिई फिरादपत्र नै खारेज हुने अवस्था रहेबाट प्रस्तुत मुद्दाको फिराद मुलुकी ऐन, किर्ते कागजको १८ नं. को हदम्यादभित्रै दर्ता गरेको भन्ने यी पुनरावेदक/वादीको पुनरावेदन जिकिर सम्बन्धमा केही बोलिरहनुपर्ने देखिन आएन । यस्तो अवस्थामा क्षेत्राधिकार विहीन फिराद खारेज गर्नुपर्नेमा सो नगरी जालसाजी घोषित गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी क्षेत्राधिकारको अभावमा वादी दाबी खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०४।१८ मा भएको फैसलालाई सो हदसम्म अन्यथा भन्न मिल्ने देखिएन । उक्त फैसला बदर गरी वादी दाबीबमोजिम हुनुपर्छ भन्ने पुनरावेदक वादी कुमार राईको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

वादीको फिराद क्षेत्राधिकारविहीन दर्ता हुन आएकोले प्रतिवादीहरू पंचुलाल चौधरीबाहेकका प्रतिवादीहरू आबु भण्डारी (राई) तथा देवुप्रकाश राईले जालसाज गरेको पुष्टि हुँदा विवादित जग्गाको पाँच भागको एक भाग जालसाजी गरेकोले सो एक भागको दर्ता बदर गरी वादीको नाममा सो एक भाग दर्ता गरिदिने तथा किर्ते कागजको महलको १० नं. बमोजिम प्रतिवादी आबु भण्डारी (राई) तथा देवुप्रकाश राईलाई रू.२,४०,०००।- को पाँच भागको एक भागको पच्चिस प्रतिशत दामासाहीले जरिवाना हुने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।१२।२५ मा भएको फैसला उल्टी गरी वादी दाबी खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०४।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

इति संवत् २०७९ साल पौष ७ गते रोज ५ शुभम् ।

- यसै लगाउका ०७२-CR-१४५८, जालसाजी, कुमार राई वि. पंचलाल चौधरीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**३०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना**, *०७५-CR-१४१०, लागु औषध, नेपाल सरकार वि. राजन गुरूङ भन्ने अमर गुरूङसमेत*

मिति २०७३।०४।१३ का दिन जिल्ला रूपन्देही, सिद्धार्थनगर नगरपालिका, वडा नं. १ वेलहिया स्थितमा भारतको सुनौली बजारतर्फबाट पैदल हिँडी आएका गणेश बुढालाई फेला पारी सोधपुछ गरी निजको शरीरसमेतमा खानतलासी गर्दा कालो प्लाष्टिकमा पोको पारी राखेको अवस्थामा लागु औषध ब्राउन सुगरजस्तो देखिने धुलो पदार्थ ९ पुरिया फेला पारी सबै पुरियालाई एकै ठाउँमा मिलाई तौल गर्दा ८ ग्राम ४०० मिलिग्राम रहेको भन्ने बरामदी तथा खानतलासी मुचुल्का रही सोहीअनुरूपको प्रहरी प्रतिवेदनसमेत परेको देखिन्छ । भौतिक सबुतमा हिरोइन पाइएको छ भन्नेसमेत बेहोराको लागु औषध नमुना मुचुल्का परीक्षण प्रतिवेदन प्राप्त भएको छ। प्रतिवादी गणेश बुढाले मौकामा बयान गर्दा मिति २०७३।०४।१३ गतेका दिन साथी राजन गुरूङले लागु औषध खरिद गरी ल्याइदिनु भनी रू.१३०००।- दिई पठाएकोले म भारतको सुनौलीमा गई विष्णु चौधरी भन्ने व्यक्तिसँग भेट गरी ने.रू.१२०००।- दिई लागु औषध निज राजनलाई दिई बेचबिखनसमेत गर्न भनी ल्याएको अवस्थामा प्रहरीले फेला पारी तलासी लिँदा उक्त लागु औषध फेला पारी तौल गर्दा ८ ग्राम ४०० मिलिग्राम रहेको थियो भनी बरामदी मुचुल्कामा उल्लेख भएअनुसारको लागु औषध आफ्नो साथबाट बरामद भएको भनी प्रतिवादीले बरामदी बेहोरालाई समर्थन गर्दै कसुरमा पूर्ण साबित रही बयान गरेको देखिन्छ । निजले अदालतसमक्षको बयानमा मिति २०७३।०४।१३ गते भारतको सुनौलीमा गई अमर गुरूङले लागु औषध खरिद गर्न दिएको रू.६०००।- र मेरो रू.६०००।- गरी जम्मा रू.१२०००।- बाह्र हजारमा ८ ग्राम ४०० मिलिग्राम लागु औषध ब्राउन सुगर खरिद गरी साथमा राखी लिई आउँदै गर्दा बरामद लागु औषधसहित पक्राउ परेको हुँ। बरामद लागु औषध साथी राजन भन्ने अमर गुरूङ र म भई सेवनसम्मका लागि लिइआएको हो, बिक्री वितरण गर्नको लागि लिई आएको होइन भनी सेवनसम्मको कसुरमा साबित भई बेचबिखन गर्नेतर्फ इन्कार रही मौकामा गरेको बयानभन्दा केही फरक बयान गरे तापनि लागु औषध ब्राउन सुगर आफूबाट बरामद भएको बेहोरालाई स्वीकार गरेको देखियो। अर्का प्रतिवादी राजन गुरूङ भन्ने अमर गुरूङले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानमा मिति २०७३।०४।१३ गतेका दिन प्रहरीले पक्राउ गरेका साथी गणेश बुढाले लिई आएको लागु औषध मैले रकम दिई लिन पठाएको हो । उक्त लागु औषध साथी गणेश बुढा र म भई दुवैजनाले मिली बेचबिखन गर्ने र नाफा गर्ने भनी रू.१३०००।- दिई पठाएको हुँ भन्नेसमेत बेहोरा उल्लेख गरेको देखिन्छ। प्रतिवेदक प्रहरी नायब निरीक्षकले अदालतसमक्ष गरेको बकपत्रमा सूर्यबहादुर पुनले प्रतिवादी गणेश बुढाको साथबाट लागु औषध ब्राउन सुगर ८ ग्राम ४०० मिलिग्राम बरामद भएको भन्नेसमेत बेहोरा उल्लेख गरी बरामदी मुचुल्का बेहोरा समर्थन गर्दै बकपत्र गरिदिएको देखिन्छ । उल्लिखित बरामदी तथा खानतलासी मुचुल्का, प्रहरी प्रतिवेदन, लागु औषध नमुना मुचुल्का परीक्षण प्रतिवेदन, आफूबाट लागु औषध बरामद भएको स्वीकार गरेको प्रतिवादी गणेश बुढाको मौका र अदालतमा भएको बयान, अर्का प्रतिवादी राजन गुरूङ भन्ने अमर गुरूङले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानसमेतबाट यी प्रतिवादीहरू गणेश बुढा र राजन भन्ने अमर गुरूङले अभियोग दाबीबमोजिम लागु

औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) (ङ) (च) बमोजिमको कसुर गरेकोमा विवाद नदेखिने ।

प्रतिवादीहरू गणेश बुढा तथा राजन गुरूङ्ग भन्ने अमर गुरूङ्गलाई सजाय गरेको लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) तर्फ दृष्टिगत गर्दा, "अफिम, कोका वा सोबाट बनेको लागु औषधको सेवन र खेती गर्ने कार्यबाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई पच्चिस ग्रामसम्मको कारोबार गर्नेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र पाँच हजार रूपियाँदेखि पच्चिस हजार रूपियाँसम्म जरिवाना" हुने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ र सोही दफाको स्पष्टीकरण खण्डमा "अपराधको मात्रा" भन्नाले लागु औषधको प्रकृति, परिमाण, सञ्चय, खरिद-बिक्री, ओसार-पसार वा निकासी-पैठारीको उद्देश्य, अभियुक्तको गिरोह वा सङ्गठन, अभियुक्तहरूले प्रयोग गर्ने हातहतियार वा बलको प्रयोग तथा नाबालकलाई आपराधिक कार्यमा गराइएको संलग्नता, शैक्षिक, सामाजिक र साँस्कृतिक सङ्गठन जस्ता संस्थालाई माध्यम बनाई गरिएको कारोबार, सार्वजनिक पदधारण गरेको व्यक्तिले आफ्नो पदको दुरूपयोग गरी गरिएको कारोबारको आधारमा निर्धारण गरिने अपराधको मात्रा सम्झनुपर्दछ भनी उल्लेख गरेको देखिन्छ । ऐनको उक्त व्यवस्थामा उल्लेख भएबमोजिम गणेश बुढालाई खानतलासी गर्दा निजको साथबाट लागु औषध ब्राउन सुगर ८ ग्राम ४०० मिलिग्राम बरामद भएको तर निज लागु औषध बिक्री बितरण गर्दाको अवस्थामा पक्राउ परेको नदेखिएको, प्रतिवादीहरू गणेश बुढा र राजन गुरूङ भन्ने अमर गुरूङसमेतको घर कोठा खानतलासी गर्दा लागु औषधसँग सम्बद्ध प्रमाण लाग्ने चिजवस्तु फेला नपरेको भन्नेसमेत बेहोराको खानतलासी मुचुल्काबाट निजहरूले लागु औषध सञ्चय गरेको नदेखिएको, प्रतिवादी गणेश बुढाले बरामद लागु औषध साथी राजन भन्ने अमर गुरूङ र म भई सेवनसम्मका लागि लिई आएको हो, बिक्री वितरण गर्नको लागि लिई आएको होइन भनी अदालतसमक्ष गरेको बयानलगायत मिसिल संलग्न कागजातसमेतबाट प्रतिवादी राजन गुरूङ भन्ने अमर गुरूङ र गणेश बुढालाई जनही ५(पाँच) वर्ष कैद र रू.५०००।- (पाँच हजार) जरिवाना हुने ठहर गरेको उच्च अदालत तलसीपुर, बुटवल इजलासको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । पुनरावेदक वादी नेपाल सरकारले प्रतिवादीहरूबाट बरामदी भएको लागु औषध ब्राउन सुगरको मात्रा ८ ग्राम ४०० मिलिग्राम रहेको र सो मात्रा ठुलो हुँदा उक्त लागु औषध बिक्री वितरण गर्न नै ल्याएको र प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको हुँदा निजहरूलाई सुरू जिल्ला अदालतले निर्धारण गरेको सजाय कायम हुनुपर्ने भनी लिएको पुनरावेदन जिकिर मिसिल सम्बद्ध आधार र प्रमाणबाट पुग्न नसक्ने देखिँदा वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू गणेश बुढा तथा राजन गुरूङ्ग भन्ने अमर गुरूङले अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ)(च) बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम जनही ७(सात) वर्ष कैद र रू.१५०००।- (पन्ध्र हजार) जरिवानासमेत हुने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसलामा अभियोग दाबीको कसुर कायम गरेको हदसम्म सुरू अदालतबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने र सजायको हकमा केही उल्टी भई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ)(च) को कसुरमा ऐ.ऐनको दफा १४(१)(छ)(१) बमोजिम जनही ५(पाँच) वर्ष कैद र रू.५०००।- (पाँच हजार) जरिवाना हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुभद्रा जि.सी.

इति संवत् २०७९ साल भाद्र १२ गते रोज १ शुभम् ।

**३१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७५-CR-२४१६, मानव बेचबिखन तथा ओसार पसार र जबरजस्ती करणी, नेपाल सरकार वि. संगिता तामाङसमेत*

प्रतिवादीहरूउपर परेको किटानी जाहेरीलाई समर्थन हुने गरी पीडित बालिका परिवर्तित नाम पोखरा-२४ ले अनुसन्धान अधिकृतसमक्ष गरेको कागज, पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा hymen torned out भन्ने बेहोरा उल्लेख भएको, प्रतिवादी लक्ष्क्षु हजारी पासवानको मौकाको कागज र अर्का प्रतिवादी संगिता तामाङको मौकाको कागज तथा वस्तुस्थिति मुचुल्कामा बुझिएका जंगबहादुर गुरूङ, बद्रीप्रसाद वाग्ले र संगिता भाटसमेतले गरेको कागजलगायतका प्रमाणहरूसमेत बाट पीडितउपर पटकपटक जबरजस्ती करणी भएको र सो कार्यमा प्रतिवादी लक्ष्क्षु हजारी पासवानसमेतको संलग्नता रहेको तथ्य स्थापित हुन आएको देखिन्छ। पीडितको संरक्षक भनिएकी प्रतिवादी संगिता तामाङले परिवर्तित नाम पोखरा-२४लाई आर्थिक लाभ लिने नियतले खाजा पसलमा आउने ग्राहकहरूबाट निजलाई जबरजस्ती करणी गरी शोषण गरेको र निज पीडित गर्भवतीसमेत भएको कुरा थाहा जानकारी पाए पनि सोको बारेमा बेवास्ता गरेको कुरामा विवाद देखिएन। यसरी प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको देखिँदा प्रतिवादीमध्येका लक्ष्क्षु हजारी पासवानलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (२) र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (घ) अनुसार थप सजाय हुने र अर्की प्रतिवादी संगिता तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (ख) र सोही दफाको उपदफा (४) अनुसार थप सजायसमेत हुने ठहर भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई उच्च अदालत पोखराबाट भएको फैसला मिलेकै देखिने।

प्रतिवादी संगिता तामाङ र लक्ष्क्षु हजारी पासवानलाई जबरजस्ती करणी र मानव बेचबिखन तथा ओसारपसारको कसुरअन्तर्गत सजाय भइसकेको देखिँदा निजहरूउपर नैतिक पतन देखिने थप कसुर ठहर गरिरहनुपर्ने देखिँदैन। प्रतिवादी संगिता तामाङ र लक्ष्क्षु हजारी पासवान तथा निजहरूको एकाघर अंशियारको नाममा कुनै जग्गा जमिन रहेको भन्ने नदेखिएको भनी मिसिल संलग्न मालपोत कार्यालयको पत्रबाट देखिन्छ। प्रतिवादीहरू तथा निजको एकाघर अंशियारको नाममा कुनै पनि सम्पत्ति रहेको नदेखिँदा प्रतिवादीहरू आफ्नै पेसा व्यवसाय गरी बसेका र प्रतिवादीहरूको एकासगोलको परिवारको नाममा धनसम्पत्ति रहेको भनी प्रतिवादीहरूले बयानमा उल्लेख गरे पनि सो पुष्टि नहुँदा निजहरूको नाममा सम्पत्ति रहेको भनी मान्न मिल्ने देखिएन। प्रतिवादीहरूको नाममा सम्पत्ति नरहेको तर पीडितलाई क्षतिपूर्ति भराउनु नै पर्ने हुँदा नाबालिग पीडितलाई महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति भराइदिने गरी भएको फैसला मनासिबै देखिन्छ। प्रतिवादीहरूको नाममा कुनै जग्गा जमिन रहेको नदेखिँदा प्रतिवादीहरूबाट नै पीडितलाई क्षतिपूर्ति दिलाइ भराइपाउँ भन्ने र प्रतिवादी संगिता तामाङले पीडितउपर प्रतिवादीबाट जबरजस्ती करणीको कार्य गर्न अह्राएको भन्ने पुष्टि भएको नदेखिँदा निजलाई जबरजस्ती करणीको महलको ६ नं. बमोजिमको समेत कसुर कायम गरी सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीमध्येका लक्ष्क्षु हजारी पासवानले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. अनुसारको कसुर गरेकोले निजलाई सोही महलको ३ नं. को देहाय (२) अनुसार १० (दश) वर्ष कैद र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

को दफा ३(१) र ४(१) को खण्ड (घ) अनुसारको कसुरमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (घ) अनुसार ३ (तीन) महिना थप कैद र रू.५,०००।– (पाँच हजार) जरिवानासमेत हुने एवम् अर्की प्रतिवादी संगिता तामाङले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ को उपदफा (१) विपरीत र दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको कसुर अपराध गरेको हुँदा निजलाई सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) अनुसार १० (दश) वर्ष कैद र रू. ५०,०००।– (पचास हजार) जरिवाना हुने ठहर्छ, साथै निजले आफ्नो संरक्षकत्वमा लिएकी बालिकाउपर त्यस्तो अपराध गरेकाले निज प्रतिवादीलाई सोही दफाको उपदफा (४) अनुसार थप १ (एक) वर्ष सजायसमेत हुने ठहर्छ। यी प्रतिवादीहरूको नाउँमा कुनै अचल सम्पत्ति नरहेको भनी मालपोत कार्यालयबाट लेखी आएको देखिँदा महिला तथा बालबालिका कार्यालय कास्कीबाट पीडित बालिकालाई रू.१,००,०००।– (एक लाख रूपियाँ) क्षतिपूर्ति दिलाइदिनेसमेत ठहऱ्याई सुरू कास्की जिल्ला अदालतबाट मिति २०७४।१२।१९ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पोखराबाट मिति २०७५।१०।०६ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : सुभद्रा जि.सी

इति संवत् २०७९ साल भाद्र १२ गते रोज १ शुभम्।

## ३२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना**, *०७८-WO-०७५०, उत्प्रेषणयुक्त परमादेश, गोकर्णकुमार शाह वि. कैलारी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय, हसुलिया, कैलालीसमेत*

संवैधानिक, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरूको आलोकमा, कैलारी गाउँपालिकाको गाउँकार्यपालिकाले वनदेवी धार्मिक क्षेत्रमा निर्माणको लागि आहवान गरेको बोलपत्रको सर्त कानूनसम्मत रहे नरहेकोतर्फ हेर्दा, कैलारी गाउँपालिकाको गाउँकार्यपालिकाले उक्त निर्माण प्रयोजनार्थ बोलपत्रदातामा एउटै सरकारी ठेक्कामा धार्मिक र पर्यटकीय क्षेत्रमा मन्दिर र पोखरीको निर्माण कार्य सम्पन्न गरेको, फ्ल्यागस्टोन बिछ्याएको, बगैँचामा बत्ती फिट गरेको एवम् सालको काठको काम गरेको अनुभव हुनुपर्नेसमेतका योग्यता तोकेको पाइन्छ। कुनै निर्माण कम्पनीसँग एउटै ठेक्कामा मन्दिर र पोखरीको निर्माण गरेको अनुभव हुनसक्छ वा एउटा ठेक्कामा मन्दिर र अर्को ठेक्कामा पोखरी निर्माण गरेको छुट्टै अनुभव हुनसक्छ। एउटै ठेक्कामा मन्दिर र पोखरीको निर्माण गरेको अनुभव भएमा उसको काम गराइमा गुणस्तरीयता हुने र एकभन्दा बढी ठेक्कामा उही काम गरेको अनुभव रहेको खण्डमा गुणस्तरीयता नहुने भन्ने कुराको कुनै औचित्य देखिँदैन। त्यस्तै फ्ल्यागस्टोन जस्तै स्लेट, मार्बल वा भिनरलगायतका ढुङ्गाहरू बिच्छ्याउने अनुभव भएका निर्माण कम्पनीले फ्ल्यागस्टोन बिच्छ्याउन नसक्ने होइन। त्यसैगरी सालको सट्टामा सालजत्तिकै राम्रो काठ टिक, सिसौसमेत प्रयोग गर्न मिल्ने व्यवस्था बोलपत्र कागजातमा गरिएको अवस्थामा सालकै काठमा अनुभव हासिल गरेको हुनुपर्ने भनी अनुभवजन्य योग्यता किटान गर्नुको कुनै औचित्य देखिँदैन। यसबाहेक गार्डेन लाइट फिट गर्नको लागि बत्तीसम्बन्धी कुनै विशेष ज्ञान, सिप र अनुभवको आवश्यकता देखिँदैन। बत्तीको ज्ञान भएका कुनै व्यक्ति वा कम्पनीले गार्डेनलगायत जुनसुकै ठाउँमा सहजै बत्ती जडान गर्न सक्छ। यसरी कैलारी गाउँपालिकाको गाउँकार्यपालिकाले वनदेवी धार्मिक क्षेत्रमा निर्माण कार्य गर्नको लागि बोलपत्रको आहवान गर्दा C.M./Swar/SK/ J.V. ले विगतमा रानी पोखरी निर्माण गरेको अनुभवसमेतलाई मध्यनजर गरी उसलाई नै ठेक्कापट्टा पर्ने गरी योग्यताका सर्तहरू राखेको देखिन आयो। कैलारी गाउँपालिकाको

गाउँकार्यपालिकाले गरेको सो कार्य सार्वजनिक खरिद ऐनविपरीत देखिएको, सार्वजनिक खरिदमा प्रतिस्पर्धा घटाई निर्माण कार्यलाई बढी खर्चिलो बनाएको एवम् निर्माण कार्य कम गुणस्तरीय हुन जाने देखिएको, समान र पारदर्शी तवरले प्रतिस्पर्धा गर्न पाउने निर्माण व्यवसायीहरूको हकलाई असर परेको देखिने ।

C.M./Swar/SK J.V. को पार्टनरमध्येको स्वार कन्स्ट्रक्सन प्रा.लि.को सञ्चालक मेनका रोकायाको पति विपक्षी गाउँपालिकाको कार्यपालिकामा कार्यरत सबइन्जिनियर हुनुले तथा Standard Bidding Document को प्रावधानबमोजिम बोलपत्र दातासँग ८०% को कार्य अनुभव माग गर्नुपर्नेमा विपक्षी जे.भी.को उक्त अनुभवको योग्यता नपुग्ने हुनाले ५०% योग्यताको मात्र माग गर्नुले समेत जसरी हुन्छ, विपक्षी जे.भी.लाई नै ठेक्का पार्ने भन्ने आशय राखी मिलेमतोमा उक्त ठेक्का सर्त विपक्षी जे.भी.लाई मात्र अनुकूल हुने गरी बोलपत्र आहवान गरिएको हो भन्ने निवेदन जिकिरलाई कैलारी गाउँपालिकाको गाउँकार्यपालिकासमेतले लिखित जवाफमार्फत खण्डन गर्न सकेको नदेखिँदा उक्त बोलपत्रको सर्त, आहवानको प्रक्रिया र निर्णयको निष्पक्षता एवम् स्वच्छताउपर प्रश्नचिह्न खडा भएको देखियो। साथै प्राविधिक प्रस्ताव मूल्याङ्कनमा C.M./Swar/SK J.V. लाई मात्र छनौट गरी आर्थिक प्रस्ताव खोल्ने एवम् बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन भएको तथा निवेदक टि.डि.आर. कन्स्ट्रक्सन प्रा.लि.ले उल्लिखित टेन्डर रद्द गरिपाउँ भनी कैलारी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालयलाई लेखेको पत्रउपर सम्बोधनको कुनै प्रयत्न नदेखिने ।

कैलारी गाउँपालिकाको गाउँकार्यपालिकाले Construction works of Master planning work in Bandevi Religions Region, Contract ID No KRM/NCB/W/ ०७८-७९/०३ को लागि प्रकाशन गरेको बोलपत्र आहवानको सूचना आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी प्रकाशित सूचना र विपक्षी C.M./Swar/SK/ J.V. लाई बोलपत्र स्वीकृत गर्ने आशयको सूचनालगायतका सम्पूर्ण निर्णय एवम् कामकारबाहीहरू कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब उपर्युक्त योग्यताहरू हटाई पुन: बोलपत्र आहवान गर्न विपक्षी कैलारी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालयसमेतको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर अपरेटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल जेठ १६ गते रोज २ शुभम् ।

## ३३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७२-CR-१८९७, कुटपिट अङ्गभङ्ग, सत्यम् भन्ने शरदकुमार बर्मा वि. नेपाल सरकार*

प्रतिवादी सत्यम् भन्ने शरदकुमार बर्माले प्रस्तुत सामान्य कुटपिटको वारदातको विषयमा आफूलाई अङ्गभङ्ग कुटपिटमा सजाय हुनुपर्ने होइन भनी लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, यी पुनरावेदक/प्रतिवादी सत्यम् भन्ने शरदकुमार बर्माले अदालत एवम् मौकामा बयान गर्दा जाहेरवाला ब्रह्मदेव यादवलाई कुटपिट गरेकोमा इन्कार रही राजकुमार मण्डल र जाहेरवालाबिच चलेको सार्वजनिक अपराध मुद्दामा आफ्नो भनाइ लेखाएको इवी राखी मेरा विरूद्ध जाहेरी दरखास्त दिएका हुन् भनी बयान गरे तापनि पीडित ब्रह्मदेव यादवले आफू मिति २०७१।०१।१५ गते बिहान ४:३० बजेको समयमा शौच गरी फर्की आउँदा यी पुनरावेदक/प्रतिवादी सत्यम् भन्ने शरदकुमार बर्मासमेतले काठको लाठीले हानी देब्रे हात भाँचिदिएका हुँदा प्रतिवादीहरूउपर कुटपिट अङ्गभङ्गमा कारबाही गरिपाउँ भनी यी पुनरावेदक/प्रतिवादीसमेतउपर मौकामा किटानी जाहेरी दिएकोमा उक्त किटानी जाहेरीलाई समर्थित हुने गरी निज पीडित ब्रह्मदेव यादवले प्रतिवादी राजकुमार मण्डल

र रामप्रित मण्डलले आफूलाई पक्रिएपछि प्रतिवादी शरदकुमार बर्माले लाठीले हानी हात भाँचिदिएका हुन् भनी सुरू अदालतमा आई बकपत्र गरेको देखिन्छ । मौकाको किटानी जाहेरीलाई समर्थित हुने गरी घटना विवरण कागज गर्ने अमितकुमार यादव र शंकरकुमार महतोले रामप्रित र राजकुमारले पीडित ब्रह्मदेव यादवलाई समातेका र यी पुनरावेदक/प्रतिवादी शरदकुमार बर्माले काठको लाठीले हान्दै गरेको देखेको थिएँ भनी बकपत्र गरेको पाइन्छ । पीडितको मौकामा भएको घाउ जाँच केस फारामबाट निजको देब्रे हातमा एउटा मात्र चोट परेको देखिएको र सो हातको हड्डी भाँचिएको भन्ने देखिन आउँछ । मिसिल संलग्न कोशी अञ्चल अस्पतालले गरेको पीडित जाहेरवाला ब्रह्मदेव यादवको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको "भाँचिएको भनिएको हड्डी (distal radius left side) केही बाङ्गो जोडिएको र कार्यगत क्षमता सद्दे हातको जस्तो नभएको" भनी उल्लेख भएकोसमेत पाइन्छ । तत्कालीन मुलुकी ऐन, कुटपिट महलको २ नं. मा "कुटपिट गर्दा मेरूदण्ड, डँडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची, फोडी, फुकाली बेकम्मा पारिदिएमा अङ्गभङ्गको खत ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा हेर्दा पीडित जाहेरवाला ब्रह्मदेव यादवको देब्रे हात भाँचिदिएको प्रस्तुत कुटपिटको वारदात अङ्गभङ्ग कुटपिटको वारदात भएको र उक्त वारदातमा यी पुनरावेदक/प्रतिवादी सत्यम् भन्ने शरदकुमार बर्माले गरेको काठको लाठी प्रहारबाट पीडित जाहेरवाला ब्रह्मदेव यादवको देब्रे हातको नाडीको हड्डी भाँचिन गई उक्त कार्यगत क्षमता सद्दे हातको जस्तो नभएको भन्ने पुष्टि हुन आएबाट यी पुनरावेदक/प्रतिवादीको कुटपिटबाट पीडितको देब्रे हातको नाडीको हड्डी भाँचिन गई अङ्गभङ्ग भएको भन्ने देखिने ।

पीडित जाहेरवाला ब्रह्मदेव यादवको भाँचिएको देब्रे हात उपचारपश्चात् जोडिएको र कार्यगत क्षमता सद्दे हातको जस्तो नभएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिएको अवस्थामा पीडितको देब्रे हात भाँचिएको खत निको भएको (जोडिएको) र उक्त हातको कार्यगत क्षमता सद्दे हातको जस्तो नभए पनि उक्त हातले कामै गर्न नसक्ने अवस्था भने नरहेको देखिएको साथै प्रस्तुत वारदातमा एउटै किसिमको काम लिने दुई अङ्गमध्ये देब्रे हात भाँचिएको अवस्था रहेको हुँदा प्रस्तुत वारदातमा उल्लिखित कुटपिटको महलको ६ नं.मा भएको कानूनी व्यवस्था आकर्षित हुने अवस्था देखियो । यस्तो अवस्थामा यी पुनरावेदक/प्रतिवादी सत्यम् भन्ने शरदकुमार बर्माले पीडित जाहेरवाला ब्रमहदेव यादवलाई लाठी प्रहार गरी कुटपिट गरी निजको बायाँ हात भाँचिदिई तत्कालीन मुलुकी ऐन, कुटपिटको महलको १ र २ नं. अन्तर्गतको कसुर गरेको देखिन आएको हुँदा निजलाई कुटपिट अङ्गभङ्गमा सजाय नगरी मुद्दालाई कुटपिटमा परिणत गर्ने ठहऱ्याई भएको सुरू मोरङ्ग जिल्ला अदालतको मिति २०७१।०५।१६ को फैसला केही उल्टी गरी यी पुनरावेदक/प्रतिवादी सत्यम् भन्ने शरदकुमार बर्मालाई मुलुकी ऐन, कुटपिटको महलको ६ नं. बमोजिम २ वर्ष कैद र रू.२,५००।- जरिवाना हुने तथा निज प्रतिवादीबाट पीडित जाहेरवाला ब्रह्मदेव यादवले अभियोग दाबीबमोजिमको उपचारको सिलसिलामा लागेको उपचार खर्च (घा खर्च) भराइलिन पाउने ठहऱ्याई मिति २०७२।०८।०६ मा पुनरावेदन अदालत विराटनगरबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा उक्त फैसला बदर गरी सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर हुनुपर्छ भन्ने प्रतिवादी सत्यम् भन्ने शरदकुमार बर्माको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक/प्रतिवादी सत्यम् भन्ने शरदकुमार बर्माले पीडित जाहेरवाला ब्रमहदेव यादवलाई लाठी प्रहार गरी कुटपिट गरी निजको बायाँ हात भाँचिदिएकोमा निजलाई कुटपिट अङ्गभङ्गमा सजाय नगरी मुद्दालाई

कुटपिटमा परिणत गर्ने ठहऱ्याई भएको सुरू मोरङ्ग जिल्ला अदालतको मिति २०७१।०५।१६ को फैसला केही उल्टी गरी यी पुनरावेदक/प्रतिवादी सत्यम् भन्ने शरदकुमार बर्मालाई मुलुकी ऐन, कुटपिटको महलको ६ नं. बमोजिम २ वर्ष कैद र रू.२,५००।- जरिवाना हुने तथा निज प्रतिवादीबाट पीडित जाहेरवाला ब्रह्मदेव यादवले अभियोग दाबीबमोजिमको घा खर्च भराइलिन पाउने ठहऱ्याई मिति २०७२।०८।०६ मा पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७९ साल पौष ७ गते रोज ५ शुभम्।

**३४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना**, *०७६-RC-००९४, कर्तव्य ज्यान, नेपाल सरकार वि. बन्चरे भन्ने नेत्र चेम्जोङ*

दिदीलाई ढुङ्गाले टाउकोमा प्रहार गरी कर्तव्य गरी मारेको हुँदा  कानूनबमोजिम कारबाही गरिपाउँ भनी यी प्रतिवादीउपर किटानी जाहेरी दरखास्त परेको देखिन्छ। सोही जाहेरी बेहोरालाई समर्थित हुने गरी जाहेरवालाले अदालतसमक्ष बकपत्रसमेत गरिदिएको पाइन्छ। प्रतिवादी बन्चरे भन्ने नेत्र चेम्जोङले मेरो दुई पत्नीहरूले अरूसँग विवाह गरी गएपछि यशोदा राइसँग विवाह गर्दा पनि छोराछोरी नभएको, निजले अर्को विवाहसमेत गर्न नदिएको कारण श्रीमती मार्न पाए अर्को विवाह गर्न पाइने भएकोले निजलाई पहिले पनि तराजुको ढकले हिर्काएको र धामी सिमसारे जेठाकोबाट फर्कँदा ढुङ्गाले हिर्काई मारेको हो भन्दै कसुरमा साबित रही मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ। निज प्रतिवादीले मौकाको कागज बेहोरासँग मेल खाने गरी अदालतसमक्षसमेत बकपत्र गरिदिएको पाइने।

त्यस्तै सिमसारे भन्ने सूर्यकुमार राई, सन्तोषकुमार नेम्वाङ र केशरबहादुर नेम्वाङलगायतले यी प्रतिवादीले पहिलेदेखि नै श्रीमतीलाई कुटपिट गर्ने गरेको देखिँदा मार्नेसम्मको मनसाय राखी योजना अनुसार नै ढुङ्गाले हानी श्रीमतीलाई मारेको हो भनी मौकामा गरेको बयान कागजको बेहोरालाई पुष्टि हुने गरी अदालतसमक्ष बकपत्रसमेत गरिदिएको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा यशोदा राई चेम्जोङको मृत्यु टाउकोमा लागेको चोटले रगत बगेर हुनसक्ने भन्नेसमेत बेहोरा उल्लेख रहेको पाइन्छ। वारदातस्थलबाट ढुङ्गा र अभियुक्तले लगाएको कालो रङ्गको ज्याकेटसमेत फेला परेको तथ्य घटनास्थल तथा लास जाँच मुचुल्का एवम् खानतलासी मुचुल्का विवरणबाट खुलेको अवस्था छ । श्रीमती यशोदा राईलाई मारेमा अर्को विवाह गर्न पाइने प्रतिवादीको इरादा रहेको देखिएको र तदनुरूप प्रस्तुत घटना हुनुअगाडि पनि निज यशोदा राईलाई तराजुको ढकले प्रहार गरेको भनी साबित रही अदालतसमक्षसमेत बयान गरेको पाइन्छ। उल्लिखित तथ्यलाई मध्यनजर गर्दा, यी प्रतिवादीले नै ढुङ्गा प्रयोग गरी मनसायपूर्वक आफ्नो श्रीमती यशोदा राई चेम्जोङलाई कर्तव्य गरी मारेको स्थापित हुन आएको देखिने।

प्रस्तुत मुद्दामा प्रतिवादी बन्चरे भन्ने नेत्र चेम्जोङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू पाँचथर जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलास, इलामको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१ देखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन,

२०७४ को दफा ३९(२)(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ समेतमा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी बन्चरे भन्ने नेत्र चेम्जोङलाई सर्वस्वको सजाय हुने देखिएन। तसर्थ, निज प्रतिवादी बन्चरे भन्ने नेत्र चेम्जोङलाई जन्म कैदको मात्र सजाय हुने ठहर्छ । साथै, सर्वस्वको सजाय नहुने भएकोले निजको भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिएको भए फुकुवासमेत हुने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७९ साल जेठ १६ गते रोज २ शुभम्।

**३५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना**, *०७८-RC-०००६, कर्तव्य ज्यान, नेपाल सरकार वि. दिप भन्ने पासाङ दोर्जे तामाङ*

अनुहारको सम्पूर्ण भाग जलेको कारण भित्री भागमा असर पुग्न गई गोमा रिमालको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनमा र गोमा रिमालको लासको अनुहारको भाग डढेको भन्ने घटनास्थल लास जाँच मुचुल्कामा उल्लेख भएकोबाट निज गोमा रिमालको मृत्युको जरिया एसिड प्रहारबाट भएको घाउचोट नै रहेकोमा कुनै द्विविधा देखिँदैन। घटनास्थल मुचुल्काको विवरणबाट सिसाको बोतल बाँधिएको भाटासमेत बरामद भएको देखिएको छ। प्रतिवादी सन्दिप पौडेलले अर्का सहप्रतिवादी दिप भन्ने पासाङ दोर्जे तामाङलाई पोल गरी एसिड हाल्न प्रयोग गरेको सो बरामदित भाटा र बोतल हेरी चिनी सनाखतसमेत गरी कसुरमा साबित भई अनुसन्धानका क्रममा बयान कागज गरेको देखिन्छ। प्रतिवादी दीप भन्ने पासाङ दोर्जे तामाङले सन्दिप र मैले बाँसको भाटामा सिसाको बोतल बाँधी सो बोतलभित्र एसिड हाली गोमा रिमालको घर कोठाको झ्यालबाट छिराई बोतलमा भएको एसिड निजहरूको शरीरमा खन्याइदिएको हो। निज गोमा रिमालसमेतले घरमा वेश्यावृत्ति गराउने भएकाले निजहरूलाई ठिक पार्नुपर्छ भनी सन्दिप पौडेलले योजना बनाई मसमेतले उक्त कार्य गरेको हो भनी सन्दिप पौडेललाई पोल गरी कसुरमा साबित भई अनुसन्धान अधिकारीसमक्ष कागज बेहोरा लेखाइदिएको पाइने।

प्रतिवादी दिप भन्ने पासाङ दोर्जे तामाङले गोमा रिमाललाई एसिड प्रहार गरी कर्तव्य गरी मारेको वारदातमा संलग्न रहे भएको तथ्यलाई उजागर गर्ने गरी प्रस्तुत वारदातका प्रत्यक्षदर्शीहरू स्वयम् गोमा रिमाल पीडितहरू निशा रिमाल एवम् उमा रिमालले गरेको बयान, बकपत्र तथा मृतक गोमा रिमालको शव परीक्षण प्रतिवेदनमा उल्लिखित तथ्यसमेतलाई प्रमाणको रूपमा लिन मिल्ने देखिने।

प्रतिवादी दिप भन्ने पासाङ दोर्जे तामाङसमेतले एसिड खन्याई गोमा रिमाललाई कर्तव्य गरी मारेको स्थापित हुन आउँछ। तसर्थ, यी प्रतिवादी दिप भन्ने पासाङ दोर्जे तामाङलाई ऐ.को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू झापा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०७२।३।२० को फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ। तथापि, प्रस्तुत मुद्दामा प्रतिवादी दिप भन्ने पासाङ दोर्जे तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू झापा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत इलामको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि

मिति २०७५।५।१ देखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी दिप भन्ने पासाङ दोर्जे तामाङलाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ, निज प्रतिवादीलाई जन्म कैदको मात्र सजाय हुने ठहर्छ । साथै, सर्वस्वको सजाय नहुने भएकोले निजको भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७९ साल जेठ १६ गते रोज २ शुभम् ।

**३६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७५-CR-१४३२, कर्तव्य ज्यान, नेपाल सरकार वि. भोला पासी*

यसमा प्रतिवादीको के कस्तो कर्तव्यबाट खैरूल्लाह गद्दीको मृत्यु भएको रहेछ भन्नेतर्फ हेर्दा, प्रतिवादी रमावती पासीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानमा मिति २०६३।१०।१९ गते म आफ्नो खेतमा केराउ टिपिरहेकी थिएँ, सोही समयमा खैरूल्लाह गद्दीले चराउन ल्याएको भैँसीले परको खेतमा गहुँ खाइरहेको मेरा श्रीमान् भोला पासीले देखी कराउँदा मृतक खैरूल्लाह गद्दीले सुनी, मेरो श्रीमान्को खुट्टामा लठ्ठीले हानी चोट पुऱ्याएपछि मेरो श्रीमान्ले पनि सोही लठ्ठी खोसी खैरूल्लाहलाई पिठ्युँमा दुई लठ्ठी हानेको परबाट देखी मसँगै केराउ टिपिरहेको छोरा मगरू पासी घटनास्थलमा जाँदा निज मृतक खैरूल्लाह गद्दी खेतमा लडी छट्पटाइरहेका थिए । पछि उक्त चोटको कारण मृतकको मृत्यु भएछ भनी प्रतिवादी भोला पासीले खैरूल्लाह गद्दीलाई लठ्ठीले हानेको स्वीकार गरी आफ्नो र छोरा मगरू पासीको सो घटनामा संलग्नता छैन भनी वारदातको घटनाक्रमका बारेमा उल्लेख गरी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । प्रत्यक्षदर्शी सीता लोधले मिति २०६३।१०।१९ गते दिउसो म आफ्नो खेतमा केराउ टिपिरहेकी अवस्थामा नजिकै खेतमा एक्कासि खैरूल्लाह गद्दीलाई प्रतिवादी रमावती पासीसमेतले कुटपिट गरिरहेको देखेको हुँ र सोही पीडाबाट निजको मृत्यु भएको हुनुपर्छ भनी उक्त दिन प्रतिवादी र मृतकबिचमा कुटपिट भएको बेहोरा उल्लेख गरी कागज गरेको देखियो । जाहेरवाला गोने गद्दीले किटानी जाहेरीलाई समर्थन हुने गरी सुरू अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूले मेरो दाजुलाई भैँसीले खेतमा बाली खाइदिएको निहुँमा कुटपिट गरेका हुन् भनी लेखाएको र भुइली गद्दीले मौकामा कागज गर्दा र अदालतमा बकपत्र गर्दा भैँसी किनारामा चराएको कारण प्रतिवादीहरूले खैरूल्लाह गद्दीलाई कुटपिट गरेका हुन्, यसअघि प्रतिवादी र मृतक खैरूल्लाहबिच कुनै रिसइवीसमेत थिएन भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ । त्यस्तै घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्कामा बायाँ खुट्टाको घुँडामुनि, पछाडि पिठ्युँमा र दायाँ हातमा निलडाम रहेको भन्ने बेहोरा उल्लेख भएबाट निज मृतकमाथि कुटपिट भएको र सोही कुटपिटको पीडाले खैरूल्लाह गद्दीको मृत्यु भएको पुष्टि हुन आएको सन्दर्भमा प्रतिवादी भोला पासीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुरको ठहर

गरेको देखिने।

मिसिल संलग्न कागजातबाट प्रतिवादी र मृतकबिच कुनै पूर्वरिसइवी रहेको देखिँदैन । निजहरूबिच भैँसीले खेतको गहुँ खाइदिएको निहुँमा वादविवाद भई सोही विवादबाट तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादी भोला पासी आवेशमा आई खैरूल्लाह गद्दीकै हातमा भएको लट्ठी खोसी हान्दा खैरूल्लाह गद्दीलाई चोट लाग्न गई उपचारको क्रममा निजको मृत्यु भएकोले प्रस्तुत वारदात पूर्वनियोजित तथा मनसाय राखेर हत्या गरेको भन्ने देखिन आएन । प्रतिवादीबाट जोखिमी हतियारसमेत प्रयोग भएको देखिँदैन । भैँसीले गहुँ खाइदिएको निहुँमा वादविवाद भई आवेश उत्तेजनामा आई साधारण लट्ठी प्रयोग भएकोसमेत देखिँदा प्रतिवादी भोला पासीको उक्त कार्य आवेश प्रेरित हत्याअन्तर्गतको कसुर देखिन आयो । यस स्थितिमा प्रतिवादी भोला पासीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने ठहर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसलालाई न्यायको रोहमा अन्यथा भन्न मिलेन । पीडितलाई मार्ने उद्देश्य राखी प्रहार गरेको हुँदा उक्त वारदात मनसायप्रेरित हत्या भएकोले प्रतिवादी भोला पासीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

किटानी जाहेरी, प्रतिवादी रमावती पासीले अनुसन्धान अधिकारीसमक्ष मौकामा साबिती भई गरेको बयान, मौकामा बुझिएका प्रत्यक्षदर्शी सीता लोधको घटना विवरण कागज, जाहेरवाला र भुइली गद्दीले अदालतमा उपस्थित भई गरिदिएको बकपत्र, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्कालगायतका प्रमाणहरूबाट प्रतिवादी भोला पासी र खैरूल्लाह गद्दीको बिच भैँसीले गहुँ खाएको विषयमा वादविवादको क्रममा प्रतिवादी भोला पासी तत्काल आवेशमा आई कुटपिट गर्दा सोही कुटपिटको घाउ चोटले खैरूल्लाह गद्दीको उपचारको क्रममा मृत्यु भएको तथ्य स्थापित हुन आई प्रतिवादी भोला पासीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर गरेको देखिन आएकाले निज प्रतिवादी भोला पासीलाई सोही महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैदको सजाय हुने ठहर गरी सुरू रूपन्देही जिल्ला अदालतले गरेको फैसलालाई सदर हुने ठहऱ्याई उच्च अदालत, तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।०६।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुभद्रा जि.सी. र पुजा सुवेदी

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७९ साल भाद्र १२ गते रोज १ शुभम्।

३७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना**, *०७६-RC-००८६, कर्तव्य ज्यान , नेपाल सरकार वि. दिलाई मुर्मु भन्ने दुम्सी राई भनी चिनिने दिनेश सोरेन*

प्रतिवादी दिलाई मुर्मु भन्ने दुम्सी राई भनी चिनिने दिनेश सोरेनले हामीलाई काम लगाएर पैसा नदिएको भनेर मेरो भिनाजु राजकुमार श्रेष्ठलाई फलामे रडले टाउकोलगायत विभिन्न भागमा जथाभावी हानेपछि निज भिनाजु घटनास्थलमै बेहोस भई अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको हो । प्रतिवादीले मार्ने नियतले नै मेरो भिनाजुलाई हिर्काएको हुँदा प्रतिवादी दिलाई मुर्मु भन्ने दुम्सी राई भनी चिनिने दिनेश सोरेनलाई कानूनबमोजिम गरिपाउँ भनी प्रतिवादीउपर किटानी जाहेरी दिएको पाइन्छ । सोही जाहेरी बेहोरालाई पुष्ट्याइँ हुने गरी जाहेरवाला डिकबहादुर भुजेलले अदालतसमक्ष बकपत्र गरिदिएको देखिन्छ । सो घटनाका अन्य प्रत्यक्षदर्शी एवम् निज प्रतिवादीकै प्रहारबाट घाइते भएका रवी हेमरम र दिबु मुड्डीसमेतले मौकामा कागज गर्दा काम गरेको पैसा

ठेकेदार राजकुमार श्रेष्ठले नदिएको भनी प्रतिवादीले निज राजकुमार श्रेष्ठसँग झै-झगडा गर्दैआएको र वारदातका दिन पनि सोही कारणले रडले टाउकोलगायत अन्य भागसमेतमा हानी घाइते बनाएकोमा उपचारको क्रममा मृत्यु भएको हो भनी खुलाई लेखाइदिएको पाइन्छ । प्रमाण ऐन, २०३१ को दफा १० मा कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा सो काम, घटना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्तिले व्यक्त गरेको कुरालाई प्रमाणमा लिन हुन्छ भन्ने कानूनी प्रावधान रहेको हुँदा जाहेरवाला एवम् प्रत्यक्षदर्शी डिकबहादुर भुजेल एवम् अन्य प्रत्यक्षदर्शीहरू रवी हेमरम र दिबु मुड्डीको उल्लिखित भनाइलाई प्रमाणमा लिन मिल्ने ।

राज भन्ने राजकुमार श्रेष्ठको शव परीक्षण प्रतिवेदनमा निजको मृत्युको कारण Death due to sequelae of blunt force injury to head भन्ने उल्लेख रही लास जाँच मुचुल्कामा निज राजकुमार श्रेष्ठको मृत लासको कपालमा रगत लागेको, दुवै कानबाट रगत निस्किएको, टाउकाको दाहिने भागमा ३ इन्च लामो कडा चिजले हानेको जस्तो घाउ देखिएको भन्ने उल्लेख रहेको पाइन्छ । वारदातस्थलबाट दुवै टुप्पाको भागमा रगतजस्तो रातो पदार्थ लागेको फलामे रड फेला परेको देखिन्छ । यी प्रतिवादी स्वयम्ले राजकुमार श्रेष्ठले विगत १ वर्षदेखि काम गरेको ज्याला नदिएको हुँदा निजलाई रडले ३ पटक हिर्काउँदा सोही ठाउँमा ढलेको र उपचारको क्रममा सोही चोट पीडाको कारणबाट निजको मृत्यु भएको हो भनी आरोपित कसुर गरेकोमा साबित भई अधिकार प्राप्त अधिकारी एवम् अदालतसमक्ष बयान गरेको देखिन्छ । यसरी यी प्रतिवादीले फलामे रड प्रयोग गरी राजकुमार श्रेष्ठलाई कर्तव्य गरी मारेको भन्ने स्थापित हुने ।

प्रतिवादी दिलाई मुर्मु भन्ने दुम्सी राई भनी चिनिने दिनेश सोरेनलाई ऐ.को १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू तनहुँ जिल्ला अदालतको फैसलामा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) को सर्वस्वको सजाय गर्न नमिल्ने कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा सर्वस्व नहुने भई निज प्रतिवादी दिलाई मुर्मु भन्ने दुम्सी राई भनी चिनिने दिनेश सोरेनलाई जन्मकैदको सजायलाई सदर गरेको उच्च अदालत पोखराको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : गगनदेव महतो

इति संवत् २०७९ साल जेठ १६ गते रोज २ शुभम् ।

## ३८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-RB-०७९८, बैंकिङ कसुर, रामशरणप्रसाद पौडेल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी रामशरणप्रसाद पौडेलले जाहेरवाला सुमित दवाडीलाई आफ्नो खाता रहेको एन.आई.सि. एसिया जितपुर शाखाको नं. ८००२००२२९२८५२४०१ को खाताबाट मिति २०७५।१०।२२ गते झिक्न मिल्ने गरी चेक नं. ००२१५७७०८३ बाट रू.९,००,०००।- र मिति २०७५।११।२२ गतेको चेक नं. ००२१५७७०८४ बाट रू.९,००,०००।– गरी २ थान चेक दिएकोमा जाहेरवाला उक्त चेक लिई बैंकमा साट्न जाँदा उक्त चेक रोक्का भई चेक सटही हुन नसकी फिर्ता भएकोले प्रतिवादीलाई पक्राउ गरी कारबाही गरिपाउँ भन्ने जाहेरी परी प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले जाहेरवालालाई जाहेरीमा उल्लिखित एन.आई.सि. एसिया बैंक जितपुर शाखाको चेक दिएको, उक्त चेक दिँदाका बखतमा खातामा चेकमा उल्लेख भए अनुसारको पर्याप्त रकम नभएको र उक्त चेक रोक्का रहेको भन्ने जानकारी थियो भनी अनुसन्धान अधिकारी र अदालतमा समेत स्वीकार गरी बयान गरेको देखिन्छ । बुझिएका व्यक्तिले अदालतमा गरेको बकपत्र र स्वयम् पुनरावेदक प्रतिवादीका साक्षीले अदालतमा गरेको बकपत्रसमेतबाट चेकमा उल्लेख भएबमोजिमको रकम बैंक खातामा

नभएको र उक्त चेक रोक्का रहेकोले चेक सटही हुन नसकी फिर्ता भएको भन्ने पुष्टि भएको पाइयो। यसका अतिरिक्त जाहेरवालाले अदालतमा बकपत्र गरी आफ्नो जाहेरी बेहोरा र अभियोग दाबीलाई समर्थन गरिदिएको पाइन्छ । मिसिल संलग्न रहेको बैंकको पत्रबाट पनि जाहेरवाला उक्त चेक लिई बैंकमा साट्न जाँदा चेक रोक्का रहेको कारण जनाई बैंकले फिर्ता गरिदिएको देखिएकोले यी पुनरावेदक प्रतिवादीको उक्त कार्य बैंकिङ कसुर कायम हुन पर्याप्त देखिँदा यी पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) मा "आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटिदिन" नहुने भन्ने कानूनी व्यवस्था भएको देखिन्छ। सोही ऐनको दफा १५(१) मा "कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यी पुनरावेदक प्रतिवादीले अदालतमा बयान गर्दाको अवस्थासम्म पनि आफ्नो नाममा रहेको बैंक खातामा रकम जम्मा गरेको र रोक्का चेक फुकुवा गराएको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन। यी पुनरावेदक प्रतिवादीले अदालतमा गरेको बयानमा समेत जाहेरवालालाई कुनै रकम बुझाएको छैन भनी लेखाएको र जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत आफूले हालसम्म प्रतिवादीबाट कुनै पनि रकम प्राप्त गरेको छैन भनी बकपत्र गरेबाट यी पुनरावेदक प्रतिवादी रामशरणप्रसाद पौडेललाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको दफा १५(१) बमोजिम जाहेरवालाको बिगो रू.१८,००,०००।- (अठार लाख) भराई बिगोबमोजिम जरिवाना भई १८ (अठार) दिन कैद हुनुका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम जरिवाना रू.१८,००,०००।– (अठार लाख) को सयकडा ४% ले हुने रू.७२,०००।- (बहत्तर हजार) प्रतिवादीले बेहोर्ने गरी क्षतिपूर्ति शुल्क निर्धारण गरिदिएको सुरू फैसला अन्यथा नभई मिलेकै देखिँदा पुनरावेदक प्रतिवादीले यस अदालतमा दिएको प्रस्तुत पुनरावेदन जिकिरसँग सहमत हुन सकिने अवस्था नभएकोले प्रस्तुत मुद्दामा प्रत्यर्थी झिकाउनु परेन।

उच्च अदालत पाटन, हेटौँडा इजलासबाट मिति २०७७।०९।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल वैशाख ६ गते रोज ४ शुभम्।

**इजलास नं.७**

**३९**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CR-०१८९, जबरजस्ती करणी, नेपाल सरकार वि. देवेन्द्र घिमिरेसमेत*

पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरबमोजिम प्रतिवादीहरूबाट भएको जबरजस्ती करणी सामूहिक जबरजस्ती करणीको प्रकृतिभित्र पर्ने हो, होइन भन्ने सम्बन्धमा विचार गर्दा, काठमाडौंबाट झापातर्फ जाँदै गरेको बसमा एक्लै पारी गुडिरहेको बसभित्रै पहिले प्रतिवादी निमेश खतिवडाले र पछि प्रतिवादी चालक देबेन्द्र घिमिरेले फरक फरक समयमा बसभित्र जबरजस्ती करणी गरेको देखिन्छ। चालक देवेन्द्र घिमिरे क्याबिनभित्र रहेको र करणी गरी कन्डक्टर निमेश ओर्लेपछि ड्राइभरले सहचालक सञ्जय खतिवडालाई गाडी चलाउन भनेको देखिन्छ। यसरी मिति २०७२।१।१६ मा प्रतिवादीमध्येको निमेश खतिवडाले अन्य प्रतिवादीहरूलाई थाहा जानकारी नदिई जाहेरवालीलाई गुडिरहेको बसमा जबरजस्ती

करणी गरिसकेपछि जाहेरवालीले कपडा लगाएर बसेकी र निमेश खतिवडा पोकापाडा भन्ने स्थानमा बसबाट ओर्लिएर गएपछि चालक प्रतिवादी देवेन्द्र घिमिरेले अर्का प्रतिवादी सह-चालक सञ्जय खतिवडालाई बस चलाउन दिई आफू जाहेरवालीसमक्ष गएर जबरजस्ती करणी गरेको देखिएबाट कुनै योजनावद्ध रूपमा सामूहिक सरसल्लाहबाट सामूहिक करणी (gang rape) गरेको भन्न मिल्ने नदेखिने।

अभियोग दाबीबमोजिम सामूहिक बलात्कारको कसुर हो कि होइन भनी विवेचना गर्दा, प्रतिवादीहरू दुई जनाले बलात्कार गरेको देखियो। मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(क) ले "कसैले गर्भवती, अशक्त, अपाङ्गता भएका वा होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिलाउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा एकभन्दा बढी व्यक्तिले जबरजस्ती करणी गरेकोमा सामूहिक बलात्कार हुन सक्दछ भन्नेमा विवाद रहेन। यसै सम्बन्धमा प्रतिवादी नेपाल सरकार विरूद्ध कालुमान लामासमेत भएको जबरजस्ती करणी मुद्दा ( ने.का.प. २०७८, अङ्क ७, नि.नं. १०६९३) मा कुनै एक जनाभन्दा बढी व्यक्तिको सामूहिक मनसाय र समझदारीमा गरिने कसुरलाई सामूहिक जबरजस्ती करणी नै मान्नुपर्ने देखिन्छ र उक्त कार्यलाई कसुरको गम्भीरता बढाउने तत्त्वकै रूपमा मान्नुपर्ने भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ। बलात्कारको घटना बसभित्रै भएकोमा पनि विवाद रहेन। बसभित्र बलात्कार गरिएको देखिए तापनि सामूहिक रूपमा बलात्कार गर्ने योजना र समझदारी प्रतिवादीहरूबिच रहे भएको देखिएन। प्रतिवादी निमेश खतिवडा बसबाट ओर्लिएपछि मात्र चालक देवेन्द्र घिमिरेले बलात्कार गरेको देखिने।

अतः प्रतिवादीहरूमध्ये निमेश खतिवडा र देबेन्द्र घिमिरेलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १नं. को कसुरमा उक्त महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने गरी र अर्का प्रतिवादी सञ्जय खतिवडालाई आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको सुरू झापा जिल्ला अदालतबाट मिति २०७२।८।२१ मा भएको फैसलालाई सदर ठहऱ्याएको उच्च अदालत, विराटनगर, इलाम इजलास, इलामबाट मिति २०७४।०१।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नारायणप्रसाद चापागाई / विकाश कुमार रजक

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७९ साल भदौ १० गते रोज ६ शुभम्।

**४०**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७६-CR-०७०८, कर्तव्य ज्यान, उमेशकुमार माझी वि. नेपाल सरकार*

प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त, मौकामा कागज गर्ने मृतक र प्रतिवादीकी छोरी बान्धना माझी, घरबेटी राममायाँ कार्की, मुना नेपाली र आसन राईको मौकामा कागज बेहोरा, घटनास्थल प्रकृति मुचुल्का एवम् मृतकको Autopsy Report बाट Sharp force Injury to the Head भन्ने उल्लेख भएकोले मृतकको मृत्यु प्रतिवादीले प्रहार गरेको चोटबाट नै हुन गएको मिसिल संलग्न तथ्यगत प्रमाण र प्रतिवादीको अनुसन्धान र अदालत दुबैमा भएको साबिती बयानबाट अभियोग दाबीबमोजिमको आरोपित कसुर शंकारहित तवरले पुष्टि हुने देखिन आयो। निज प्रतिवादीले अभियोग दाबीबमोजिमको आरोपित कसुर अपराध गरेको पुष्टि हुन आएकोले साबिक मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहरी अ.वं. १८८ नं. बमोजिम १० वर्ष कैदको सजाय हुन

राय व्यक्त भएको फैसलालाई केही उल्टी गरी जन्म कैदको सजाय हुने र अ.वं. १८८ नं. बमोजिम ५ वर्ष मात्र कैदको सजाय गरेको उच्च अदालत पाटनको फैसला मनासिब नै देखिने।

मुलुकी ऐन अ.ब. को १८८ को अक्सर गरी घटनाको अवस्था र प्रकृति, मृतकका क्रियाकलाप, वारदात घटाउन अभिप्रेरित गर्ने तत्त्व, वारदात घटाउँदा अपनाएको कार्यशैली,अभियुक्तको मानसिक अवस्था, मृतक र अभियुक्तबिच भएका क्रियाकलाप जस्ता कुराहरूमा निर्भर रहने भनी मधुमाया तामाङ्ग विरूद्ध नेपाल सरकार भएको (ने.का.प. २०६८,निर्णय नं. ८६१३) मुद्दामा सिद्धान्त प्रतिपादन भएबमोजिम यस मुद्दामा वैदेशिक रोजगारीमा गई दुःख गरी कमाएको सम्पत्ति हिनामिना गरेको, नाबालक छोराछोरीको राम्रोसँग रेखदेख नगरेको, प्रतिवादी विदेशबाट फर्केर आउँदा सम्पर्कविहीन भई बसेको, गाली गलौज गरेको ,घरमा आउन प्रतिबन्ध लगाएको र ज्यान मार्नेसम्मको धम्की दिएको जस्ता कारणले प्रतिवादी विक्षिप्त भई वारदात घट्न गएको देखिन्छ। यसरी प्रतिवादीले कसुर गर्दाको अवस्था र परिस्थिति तथा परिवारलाई गर्नुपर्ने पालन पोषण र संरक्षण गर्नुपर्ने विषयलाई विचार गर्दा मुलुकी ऐन अ.ब. को १८८ को अवस्था तथा फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ क. को अवस्थालाई अन्यथा मान्न मिल्ने नदेखिने।

अतः यी पुनरावेदक प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(१) बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहरी अ.वं. १८८ नं. बमोजिम १० वर्ष कैदको सजाय हुन राय व्यक्त भएको सुरू भक्तपुर जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी जन्म कैदको सजाय हुने र निजको कसुर गर्दाको अवस्था र परिस्थिति तथा परिवारलाई गर्नुपर्ने पालन पोषण र संरक्षण तथा मुलुकी ऐन अ.ब. को १८८ को अवस्था तथा फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. को अवस्था विद्यमान देखिँदा मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा १४५ बमोजिम साधकको रोहमा पेस भएको प्रस्तुत मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७६।०२।०६ मा भएको फैसला ५(पाँच) वर्ष कैद कायम हुने रायसहित सदर हुने।

इजलास अधिकृत : अमृता कुमारी शर्मा

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०८० कार्तिक १७ गते रोज ६ शुभम्।

**४१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-CR-०३६९, चोरी, रामप्रसाद जोशी वि. नेपाल सरकार*

*अपरिचित व्यक्तिहरूले निज प्रतिवादीसमेत* गरी पाँच जना गा.वि.स. सचिवहरू सुतेको ठाउँमा रकम भएको, सुतेको ठाउँबाट ती अपरिचित व्यक्तिहरूले सो रकमको झोला लगेको र उक्त सुतेको ठाउँबाट रकमको झोलासहित निज प्रतिवादीलाई आँखामा पट्टी बाँधी करिब डेढ घण्टा हिँडाई जङ्गलको करिब १५ मिटरपर खाल्डो खनी रकम लुकाई, पछि निज प्रतिवादीलाई नै सो रकम तराईमा पुऱ्याइदिनु, नपुऱ्याएमा निज प्रतिवादी र निजको परिवारको ज्यान खतरामा हुने भन्ने प्रतिवादीको भनाइ रहेको पाइन्छ । यदि अपहरणकारीहरू प्रतिवादीसमेतको रकम लुट्न आएका थिए भने उक्त लुटिएको रकम अपहरणकारीले नै लैजाने सम्भावना प्रबल हुन्छ। कोही अपरिचित व्यक्तिले रकम लुट्न आएकोमा सो रकम जसबाट लुटिएको हो ती व्यक्तिलाई नै जिम्मा लगाएर पछि तराइमा ल्याइदेउ भन्ने अवस्था रहFदैन । ती अपरिचित व्यक्तिहरूले निज प्रतिवादीलाई रकम छोडेर जाँदा कुन आधार र विश्वासमा निज प्रतिवादीले सो रकम तराइमा पुर्‍याइदिन्छ भन्ने कहीँबाट खुल्न आएको नदेखिएको र सो रकम पुऱ्याउनको लागि ति

अपरिचित व्यक्तिहरूलाई सम्पर्क गर्न निज प्रतिवादीले ती अपरिचित व्यक्तिहरूसँग कुनै ठेगाना र मोबाइल नम्बर लिएको भन्ने कहीँकतैबाट खुल्न आएको नदेखिँदा हचुवाको भरमा कुनै पनि लुटेराले रकम लुटेपछि ल्याइदेउ नत्र निज प्रतिवादीको परिवारको ज्यान जोखिममा हुने भनी अपहरणकारीले भनेको भन्ने प्रतिवादी रामप्रसाद जोशीको भनाइ विश्वासलायकको देखिन आएन । निज प्रतिवादीले अपहरणकारीको पञ्जाबाट फुत्केपछि आफ्ना साथीलाई रकम राखेको बारे जानकारी नगर्नु, आँखामा पट्टी बाँधेको व्यक्तिले रातको समयमा रकम गाड्ने समयमा एकछिन पट्टी खोलेको भरमा रकम गाडेको ठाउँ यकिन हुनु, प्रहरीले गिरफ्तार गरिसकेपछि मात्र रकम गाडेको ठाउँ देखाउनुजस्ता परिस्थितिजन्य प्रमाणले समेत घटना र प्रतिवादीको भनाइको तारतम्य र सिलसिला नमिलेको अवस्था स्पष्ट देखिँदा देखिँदै यी प्रतिवादीबाट भएको चोरी कार्यलाई अन्यथा भन्न सक्ने अवस्था नदेखिने ।

अत: साबिक मुलुकी ऐन, चोरीको १ नं. को कसुरमा चोरीको १२ नं. बमोजिम पहिलो पटक १(एक) महिना कैद र रू.३८,७०,०००।– (अठ्तिस लाख सत्तरी हजार रूपियाँ) जरिवाना हुने गरी सुरू बाजुरा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत दिपायलको मिति २०७१।०६।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी रामप्रसाद जोशीको पुनरावेदन जिकिर पुग्न सक्दैन । तर प्रस्तुत मुद्दामा यी प्रतिवादी रामप्रसाद जोशीलाई सुरू बाजुरा जिल्ला अदालत र पुनरावेदन अदालत दिपायलबाट फैसला हुँदाको समयमा साबिक मुलुकी ऐन, प्रचलनमा रहेको तर हाल उक्त कानून खारेज भई मुलुकी अपराध संहिता, २०७४ लगायतका नयाँ कानूनहरू प्रचलनमा रही उक्त कानूनले कसुरदारलाई हुने सजाय र जरिवानाको सम्बन्धमा नयाँ व्यवस्था भएको अवस्था देखिन्छ । तत्कालीन मुलुकी ऐनको चोरीको महलको १२ नं मा “डाँका, रहजनी, जबर्जस्ती चोरी र नकबजनीबाहेक अरू साधारण चोरीमा कसुरदारलाई जनही सो चोरीको जम्मा बिगोबमोजिम जरिवाना...” हुने भनी उल्लेख भएको पाइन्छ । त्यसै गरी मिति २०७५।०५।०१ गतेदेखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा २४२ को उपदफा (१) मा “चोरी गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षदेखि सात वर्षसम्म कैद र बिस हजार रूपियाँदेखि सत्तरी हजार रूपियाँसम्म जरिवाना हुने भनी व्यवस्था भएको पाइन्छ । त्यसैगरी केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा “कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ” भन्ने र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा “कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ” भन्ने व्यवस्था भएबाट तत्कालीन मुलुकी ऐनको चोरीको महलको १२ नं. मा जरिवाना बिगोबमोजिम गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको भए तापनि हाल मुलुकी अपराध संहिता, २०७४ को दफा २४२ को उपदफा (१) मा “...बिस हजार रूपियाँदेखि सत्तरी हजार रूपियाँसम्म जरिवाना हुने” व्यवस्था रहेको देखिँदा यी प्रतिवादी रामप्रसाद जोशीलाई प्रस्तुत मुद्दामा जरिवानाको हकमा रू.३८,७०,०००।– (अठ्तिस लाख सत्तरी हजार रूपियाँ) जरिवाना कायम हुने अवस्था देखिएन । तसर्थ हाल नयाँ मुलुकी अपराध संहिता, २०७४ को दफा २४२ को उपदफा (१) बमोजिम जरिवानाको हकमा अधिकतम रू.७०,०००।– (सत्तरी हजार

रूपियाँ) मात्र कायम हुने व्यवस्था भएको देखिँदा निज प्रतिवादी रामप्रसाद जोशीलाई जरिवानाको हकमा रू.७०,०००।– (सत्तरी हजार रूपियाँ) मात्र जरिवाना कायम हुने।

इजलास अधिकृत : हिरा माया अवाल

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०८० साल जेठ २८ गते रोज १ शुभम्।

**४२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WO-०४८०, उत्प्रेषण, डा. कृष्णप्रसाद ओली वि. माधव बहादुर कार्कीसमेत*

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को पद रिक्त हुने अवस्थासम्बन्धी दफा १३ को खण्ड (क) मा "प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएमा" भन्ने व्यवस्थाबमोजिम यी निवेदक राष्ट्रिय योजना आयोगको सदस्य पदबाट मुक्त भएको विषयमा विवाद रहेको पाइँदैन। निज राष्ट्रिय योजना आयोगको सदस्य रहेको अवस्थामा कोषको अध्यक्ष पदमा मनोनीत भए तापनि राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ र राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ मा कतै पनि राष्ट्रिय योजना आयोगको सदस्य रहेको व्यक्तिलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्ष पदमा पदेन सदस्यको रूपमा नियुक्त गर्ने वा कोषको अध्यक्ष पदमा नियुक्त भएको व्यक्ति राष्ट्रिय योजना आयोगको सदस्य पदबाट मुक्त हुँदा स्वतः कोषको अध्यक्ष पदबाट समेत मुक्त हुने भन्ने व्यवस्था रहेको पाइँदैन । यस सन्दर्भमा परित्यागको सिद्धान्त अनुसार पदमुक्त हुने हो भन्ने जिकिरका सम्बन्धमा विचार गर्दा, परित्यागको सिद्धान्त अनुसार कुनै पनि व्यक्तिले कानूनद्वारा आफूलाई सुनिश्चित गरिएको अधिकार परित्याग गर्न निज स्वतन्त्र रहन्छ भन्ने मान्यता राख्दछ । प्रस्तुत मुद्दाको सन्दर्भमा राष्ट्रिय योजना आयोगको सदस्य हुँदा कोषको अध्यक्ष पदमा नियुक्ति भएमा योजना आयोगको सदस्य पदबाट मुक्त भएको अवस्थामा कोषको अध्यक्ष पदबाट पनि मुक्त हुने भन्ने व्यवस्था नरहेको र निवेदक स्वयम्ले ऐनको व्यवस्था अनुसार कोषको अध्यक्ष पदबाट राजीनामा दिई सो पदको परित्यागसमेत नगरेको हुँदा परित्यागको सिद्धान्त लागु हुने अवस्था रहेको पाइँदैन । यसर्थ राष्ट्रिय योजना आयोगको सदस्य रहेको अवस्थामा राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्ष पदमा नियुक्त भएका निवेदक राष्ट्रिय योजना आयोगको सदस्य पदबाट मुक्त हुँदा कोषको अध्यक्ष पदबाट स्वतः मुक्त हुने वा परित्यागको सिद्धान्त (doctrine of waiver) अनुसार पदमुक्त हुने भनी मान्न नमिल्ने।

गुम्बा व्यवस्था तथा विकास समिति (गठन) आदेश, २०४५ को दफा ३.२ अनुसार नियुक्त भएका गुम्बा व्यवस्था विकास समितिको सदस्यको पदावधि सो आदेशको दफा ३.४ बमोजिम ५ वर्ष हुने प्रावधान भएकोमा निवेदकको पदावधि कायम रहेकै अवस्थामा अर्को व्यक्तिलाई सो पदमा नियुक्ति गरिएकोउपर निवेदकले दायर गरेको लाक्पा लामा विरूद्ध श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय, श्रीमहल ललितपुरसमेत भएको निवेदनमा (ने.का.प. २०५९, अङ्क १/२, नि.नं. ७०५२) "कानूनले नै निश्चित पदावधि तोकिएको पदमा नियुक्त वा मनोनयन भएका व्यक्तिलाई सो पदावधि पूरा नहुँदै हटाउन ठोस र निश्चित आधार देखाउन सक्नुपर्ने । तजबिजी अधिकार हलुका किसिमले प्रयोग गर्न नपाइने" भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको पाइन्छ। त्यसैगरी राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ८(१)(ख) बमोजिम २ वर्षको लागि राष्ट्रिय समाचार समिति सञ्चालक समितिको सदस्य पदमा नियुक्त भएका निवेदकलाई पदावधि कायम रहेकै अवस्थामा आधार कारण नखोली निजको नियुक्ति बदर गर्ने गरी मन्त्रीस्तरबाट भएको निर्णयउपर निवेदकले दायर गरेको निवेदनमा (ने.का.प. २०७४, अङ्क १०,

नि.नं. ९८९६) “बहालवालालाई हटाउनु र नयाँलाई राख्नुको तार्किक कारण तथा औचित्यताको पुष्टि हुनुपर्दछ । त्यसैले त्यस्तो निर्णय गर्दा औचित्यपूर्ण र तार्किक आधार कारण खोली गर्नुपर्ने हुन्छ । अन्यथा जसले जे काम जसरी गर्दा पनि हुने भई कानूनको शासनको नै बर्खिलाप हुन पुग्ने” भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसर्थ, प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्नको लागि राष्ट्रिय प्रकृति संरक्षण कोष सञ्चालन र रेखदेख जस्तो कार्यमा निवेदक डा. कृष्णप्रसाद ओलीको अध्यक्षको पदावधि नसकिँदै विपक्षी माधवबहादुर कार्कीलाई सोही पदमा नियुक्त गरिएको कार्यले निवेदकको समानता तथा स्वतन्त्रताजस्तो मौलिक हकमा आघात पुगेको देखिँदा उक्त कार्य नेपालको संविधान, कानून र यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूको प्रतिकूल देखिने ।

तसर्थ, रिट निवेदक डा. कृष्णप्रसाद ओली राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्ष पदमा कायमै रहेको अवस्थामा सोही पदमा विपक्षी डा. माधवबहादुर कार्कीलाई मनोनयन गरिएको सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०७८।०६।१५ को मनोनयनपत्र तथा त्यससम्बन्धी निर्णय भए सोसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदक डा. कृष्णप्रसाद ओलीलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्ष पदमा निज मनोनयन भएको मितिबाट राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ को दफा ६ बमोजिमको अवधिभर अध्यक्षको हैसियतले कामकाज गर्न दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : विकाश कुमार रजक

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ साल जेष्ठ २३ गते रोज २ शुभम् ।